# प्रतीत्यसमुत्पाद




भावानुवादक तथा सम्पादक

भिक्षु धर्ममूर्ति

Downloaded from http://www.dhamma.digital

# प्रतीत्यसमुत्पाद


लेखक

भिक्षु रेनुकाने चन्दविमल महास्थविर

भावानुवादक तथा सम्पादक

भिक्षु धर्ममूर्ति


Downloaded from http://www.dhamma.digital

प्रकाशक

मोतीरत्न तुलाधर

राजेन्द्र तुलाधर

अनिलरत्न तुलाधर

प्रथम संस्करण

छपाई १००० प्रति

बु.सं. २०४२

बि.सं. २०५५

ई.सं. १९९८

कम्प्यूटर :-

नरेश महर्जन

मुद्रकः-

अन्नपूर्ण अफसेट प्रिन्टर्स

असन, कमलाक्षी ।

फोन नं.:- २३१३५५, २२४४२०

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



स्व. पूर्णशोभा तुलाधर

जन्म : बि. सं. १९७८ आश्विन शुक्ल पूर्णिमा (कतिंपुन्हि)

दिवंगत : बि. सं. २०५२ जेठ २८ गते

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

बुद्धधर्म र बौद्धदर्शनको सार प्रतीत्यसमुत्पाद हो । प्रतीत्यसमुत्पाद बाटै अनिश्वरवाद् र हेतुप्रत्ययवाद स्पष्ट हुन्छ । पछि दार्शनिक निकायहरूको विकास क्रममा प्रतीत्यसमुत्पादको पृष्ठभूमिमा माध्यामिक दर्शनको विकास भयो । प्रतीत्यसमुत्पाद बारेमा थेरवाद अथवा महायान निकायमा प्रचुरवाङ्मय सृजित भएको छ । साथै चित्र एवं मूर्ति कलाको विविध रुपबाट विपुल र गहन प्रतीकमय अभिव्यक्ति पनि भएको छ । प्रस्तुत पुस्तक "प्रतीत्यसमुत्पाद विवरण" श्रीलंकाका विद्वान भिक्षु रेनुकाने चन्दविमल महास्थविरबाट लिखित पुस्तकको नेपाली भाषा भावानुवाद हो ।

यस "प्रतीत्यसमुत्पाद विवरण" पुस्तकमा विचार नउल्भिने तरिकाले विस्तार, सरल र सरस रुपमा प्रतीत्यसमुत्पादको विषय प्रतिपादित गरिएको छ । तापनि अध्ययन गर्दा मन बाहिर गएर भाव सम्बन्ध चुँडिएको खण्डमा फेरी एकचोटि अलि माथि देखि अध्ययन गर्दै दोहोराएमा पूर्व विषयमा भाव सम्बन्ध पुनः स्थापित हुनेछ र हेतु प्रत्यय सिद्धान्तको सरस अनुभूति पाइने छ ।

"प्रतीत्यसमुत्पाद विवरण" पुस्तकको भावानुवादक आयुष्मान भिक्षु धर्ममूर्ति श्रीलंकामा १२ वर्ष बस्नु भएको एक दक्ष र चिन्तनशील युवक भिक्षु हुनुहुन्छ । श्रीलंकाको केलनिया विश्व विद्यालयबाट समाजशास्त्र, जनसम्पर्क र संस्कृत विषय लिइ बी.ए. पास गर्नु भई सम्प्रति त्रिभुवन विश्व विद्यालय त्रिचन्द्र क्याम्पसमा समाजशास्त्र विषयमा एम. ए. अन्तिमवर्षमा अध्ययनरत हुनुहुन्छ । साथै आनन्द कुटी विहार गुठिको सदस्य-सचिव हुनुहुन्छ । त्यसैले प्रतीत्यसमुत्पादको विषय वस्तुसंग परिचित र सिंहाली भाषामा पोख्त भएकोले पनि यो पुस्तक सरल र सशक्त भाषामा भावानुवाद हुन सकेको हो । मलाई आशा र विश्वास छ, नेपाली भाषाको माध्ययबाट बुद्ध धर्म र बौद्धदर्शनको मूल सार प्रतीत्यसमुत्पाद राम्ररी बुझ्नको लागी यस पुस्तकबाट ठूलो योगदान हुनेछ ।

– भिक्षु सुदर्शन महास्थविर

नगर मण्डप श्रीकीर्ति विहार
कीर्तिपुर
२६/१०/२०५४

Downloaded from http://www.dhamma.digital

# *मेरो मनका कुरा..........*

सिद्धार्थ कुमार आफ्नो महामिनिष्क्रमण पछि तत्कालीन विभिन्न विद्वानहरू कहाँ जानुभई उहाँहरू समक्ष धर्म-ज्ञान सम्बन्धि अध्ययन गर्नुभएको थियो । जसमध्ये आलारकालाम र उद्दकरामको नाम बौद्ध साहित्यमा धेरैजसो पढ्न पाईन्छ। उनीहरूद्वयको आश्रममा बसेर सिद्धार्थकुमारले 'आकिञ्चयायतन र नैवसंज्ञानायतन' भन्ने अरुपी समापत्ति ध्यान प्राप्त गरे । अनि यत्तिले पनि 'बोधिज्ञान' प्राप्त हुन सक्दैन भन्ने जानी त्यस आश्रम छाडि एक्लै वतर्मान 'बुद्धगया' भन्ने ठाउँमा पुगेर एक पीपलको रुखमुनि ज्ञान प्राप्त नगरेसम्म नउठ्ने अठोटका साथ ध्यानमा तल्लीन हुनपुग्नु भयो । अनि आनापान चतुर्थ ध्यानमा समाधीस्थ भइसके पछि त्यस रात्रीको प्रथम प्रहरमा पुवार्नुस्मृतिज्ञान, द्वितीय प्रहरमा च्युतोत्पत्तिज्ञान, तृतीय प्रहरमा आसुबक्षयज्ञान प्राप्त गर्नुभई 'बुद्ध' हुनु भयो ।

बुद्धत्व प्राप्त गरिसके पछि त्यसै ध्यानमुद्रामा एक हप्तासम्म यही प्रतीत्यसमुत्पाद धर्म अनुलोम-प्रतिलोम, प्रतिलोम-अनुलोम र फेरि अनुलोम-प्रतिलोम अनुरुप विचार-विमर्शन-विश्लेषण गर्दै विताउनु भएको थियो ।

बुद्ध भएको सातौं दिनमा ध्यानासनबाट उठ्नुभई प्रीति वाक्य पनि प्रकाश पार्नुभयो। सातौं हप्ताको अन्ततिर बुद्ध राजायतन वृक्ष-मूलबाट उठी पुनः अजपाल नामक वरवृक्षमुनि बस्न गए। त्यहाँ बसी धर्मको गम्भीरताको विषयमा विचार गरिरहँदा बुद्धको मनमा यस्तो विचार उत्पन्न हुनगयो। "यो प्रतीत्यसमुत्पाद गम्भीरातिगम्भीर, बोध हुन गाह्रो, गम पाउन कठीन, शान्त र प्रणीत, निपुण, अतर्कावचर र पण्डितहरूले जान्नु पर्ने धर्म आज मैले राम्ररी जानी बुझि लिइसकें। यो जगत पञ्चकाम-रसमा आसक्त भएर रहेको छ। यस्ता प्राणीहरूलाई 'यस हेतुले यस्तो हुने र यस हेतुको कारण यस्तो भएको हो भनी जानीलिनु पर्ने गम्भीरातिगम्भीर प्रतीत्यसमुत्पाद धर्म अवबोध गाह्रो हुनेछ। सबै संस्कार निरोध भइसके पछि तृष्णा निरोध भई निर्वाण प्राप्त हुन्छ भन्ने कुरा थाहा पाउन पनि यिनिहरूको निम्ति गाह्रो छ।" इत्यादि कारणले गर्दा बुद्धको चित्त धर्म प्रचार गर्नमा अनुत्साहित भयो।

फेरि बुद्धको मनमा यस्तो पनि लाग्न थाल्यो। "यस लोकमा धर्मलाई बुझ्न सक्ने, अल्पक्लेशयुक्त तथा तीक्ष्ण प्राज्ञहरू पनि हुन सक्छन्। त्यसकारण मेरो धर्मोपदेश सुनेर एक न एक जनाले त कसो धर्म-ज्ञान हासिल गर्दैन होला र! तसर्थ म अब उप्रान्त बहुजन हिताय बहुजन सुखायको लागि धर्मोपदेश गर्नेछु, धर्म प्रभार गर्नेछु।"

स्वयं बुद्धलाई समेत यो प्रतीत्यसमुत्पाद धर्म गम्भीर छ भन्ने लागेको कुराले यो धर्म कत्तिको गम्भीर छ भन्ने कुरा हामीले महशुश गर्न सक्दछौं। त्यसकारण महा निदान पालिमा यो प्रतीत्यसमुत्पाद धर्म महाबोधिसत्व, प्रत्येक बोधिसत्वले बाहेक अरू कसैले स्वशक्तिबाट राम्ररी बुझिलिन सक्दैन भनी यसरी उल्लेख गरिएको छ **"थपेत्वा पन मे बोधिसत्ते अञ्ञं सत्ता अत्तनो धम्मताय पच्चयाकारं उजुं कातुं समत्था नाम नत्थि"**

यो प्रतीत्यसमुत्पाद-हेतुफल धर्म प्राप्तिको दुष्करताले गर्दा नै बुद्धधर्मको उपकारविना स्वशक्तिले विश्वको यथार्थताको बारेमा अनुसन्धानमा लागेका व्यक्तिहरू अनेकौ प्रकारबाट गल्तीमार्गमा लागे। कोही "यो विश्व र प्राणी कुनै देवताले सृष्टि गरेको हो। यी प्राणीहरू सृष्टिकर्ता-देवताको इच्छानुरुप सुख, दुःख भोग्दछन्। त्यही देवताको चाहनानुरुप नै प्राणीहरू सुगतिमा वा दुर्गतिमा जान्छन्।" भनी लिए। कोही "सृष्टिकर्ता नभई 'पथवी-आपो-तेजो-वायो' भन्ने धातुहरूबाट यो विश्व बनेको हो।" भनी लिए। कोही "आत्मा र शरीर एउटै हो भनी लिए। कोही "आत्मा एउटा, शरीर अर्कै हो" भनी लिए। आत्मा र शरीर एउटै हो भनी लिने व्यक्तिहरूले "शरीर विनाश भएपछि फेरि जन्म लिंदैन। तसर्थ

Downloaded from http://www.dhamma.digital

पुण्य वा पापको कुनै औचित्य छैन" भन्दछन् । आत्मा एउटा शरीर अर्के हो भनी लिने व्यक्तिहरूले "शरीरभैं आत्मा विनाश हुने पदार्थ होइन । आत्मा कहिले पनि मर्दैन । त्यो आत्मा शरीर भङ्ग हुँदा (मृत्यु हुँदा) पिंजडाबाट चरा उडेर जानेभैं पुरानो शरीरबाट बाहिरि एर नयाँ शरीरमा प्रवेश गर्दछ" भन्दछन् । कोही "पहिला गरेको पुण्य वा पापको फल अनुसार नै प्राणीहरू सुख, दुःख भोग्दैछन्" भन्दछ । कोही "पुण्य वा पाप गरेको प्राणीले नै त्यसको फल भोग्दछन्" भन्दछ ।

तथागत गौतम बुद्धको प्रतीत्यसमुत्पाद देशना चाहिं माथि उल्लेख गरेका- नगरेका एउटै पनि दृष्टिहरूमा नपर्ने हेतु-फल क्रम देखाइएको 'देशना' हो । त्यसकारण एक अवस्थामा आनन्द भन्तेले बुद्धलाई भन्ते ! यो प्रतीत्यसमुत्पाद धर्म सजिलो छ सरल छ भन्दा बुद्धले त्यसो नभन आनन्द ! त्यसो नभन यो प्रतीत्यसमुत्पाद धर्म धेरै नै गम्भीर छ, आनन्द ! यो प्रतीत्यसमुत्पाद नबुझेको, बुझ्न नसकेको कारण प्राणीहरू यसरी विभिन्न दृष्टिमा परेर धागोको गाँठो जस्तै पथभ्रष्ट भई फेरि फेरि जन्मलिदैं दुःख भोग्दछन् भनी भन्नु भएको थियो ।

त्यसकारण यो प्रतीत्यसमुत्पाद धर्म जानेर सिकेर 'दृष्टिजाल' बाट नअलग्गिकन प्राणीहरूले दुःखबाट मुक्ति पाउने छैनन् । तसर्थ दुःखबाट मुक्तिको अपेक्षा गर्ने सबैले बुद्धधर्ममा अति उच्च र विशिष्ट स्थान ओगटेको यो प्रतीत्यसमुत्पाद धर्मको बारेमा अलिकति भए पनि जानकारी हासिल गरी राख्नलाई कोशिश गर्नु पर्दछ ।

आज तपाई समक्ष त्यसको बारेमा व्याख्या सहित लेखिएको पुस्तक छ । जुन पुस्तक भिक्षु धर्ममूर्ति आयुष्मानले श्रीलांकिक भाषामा लेखिएको पुस्तकको भावानुवाद र सम्पादन गर्नुभएको छ । कुनै पनि भाषामा लेखिएको कुरा परिवर्तन वा अनुवाद गर्नु त्यत्तिको सजिलो छैन । त्यसको लागि भाषा द्वयको बारेमा नै प्रशस्त ज्ञान हुनु अति जरुरी देखिन्छ । साथै धर्म सम्बन्धमा भए लेखिएको विषयवस्तु सम्बन्धमा पनि केहि मात्रामा ज्ञान हुनु जरुरी छ । श्रीलंकामा गई बौद्धधर्म, पालि र संस्कृत भाषा सम्बन्धमा अध्ययन गरेर आउनु भएका भिक्षु धर्ममूर्ति आयुष्मान ती तीनै कुरामा सक्षम हुनुहुन्छ । जसको फलस्वरुप यस्तो गम्भीर धर्म सम्बन्धमा व्याख्या सहित पुस्तक सरल भाषामा परिवर्तन गर्न सक्नु भयो । उहाँको यो शुभकार्य अति नै सहारानीय छ । तसर्थ फेरि फेरि पनि यस्तै साधु योग्य शुभकार्यहरू गर्दैजान सकून् ; त्यसमा सफलता पाउन् ! भन्ने मेरो हार्दिक शुभकामना छ ।

अन्तमा, यो पुस्तक जसको पुण्यस्मृतिमा प्रकाशन गर्दै हुनुहुन्छ उहाँ बौद्धधर्ममा दत्तचित्त भएर श्रद्धापूर्वक लागेका ध्यानी उपासिका हुनुहुन्छ जसलाई मैले सानै देखि चिन्दथे । तसर्थ साच्चैको बौद्ध उपासिका हुनुभएका स्व. पूर्णशोभा तुलाधरज्यू लाई पनि यस पुण्यकार्यको हेतुले सत्गति र निर्वाण प्राप्त होस् भन्ने कामना गर्दछु ।

भवतु सब्ब मङ्गलं ।

आचार्य भिक्षु काश्यप महास्थविर
अध्यक्ष
अखिल नेपाल भिक्षु महासंघ

आनन्दकुटी विहार
स्वयम्भू ।
८/२/०५५

Downloaded from http://www.dhamma.digital

# मेरो भनाई

सिंहल (श्रीलंकाली) भाषामा भिक्षु रेनुकाने चन्दविमल महास्थविरज्यूले लेख्नु भएको 'प्रतीत्यसमुत्पाद विवरण' भन्ने पुस्तक म श्रीलंकामा बुद्धधर्म सम्बन्धी अध्ययनरत हुँदा नै पढ्ने मौका पाएको थिएँ । र, त्यसमा अन्तरगम्य कुराहरू धेरै सरल क्रमिक व्याख्या हुने गरी गरिएको व्याख्या बुझ्नलाई सजिलो थियो । साथै त्यसमा प्रतीत्यसमुत्पादका अङ्गहरू उदाहरण व्याख्या गरिएकोले झन् ती गम्भीर कुराहरू सजिलै बुझ्न सकिन्थ्यो ।

म, मेरो अध्ययन समाप्त गरी नेपाल फर्कें । र, नेपालमा बुद्धधर्म सम्बन्धी विस्तृत व्याख्यासहित कुनै पुस्तक लेखिएको र परिवर्तन गरिएको भेट्टाईन । त्यसकारण यस सम्बन्धमा पनि नेपाली वा नेपाल भाषामा किताव भएको भए बुद्ध धर्म अझ राम्ररी बुझ्न उपकारी हुने थियो भन्ने लाग्यो । तर नेपालमा शिक्षा र अध्ययन-अध्यापनको कमी-कमजोरी निकै रहेकोले धार्मिक पुस्तकहरूको अभाव हुनु त स्वाभाविकै थियो । तैपनि यस सम्बन्धमा किताब लेख्न मेरो नेपाली वा नेपाल भाषाप्रति रहेको भाषिक ज्ञानको कमजोरीले गर्दा त्यस प्रतीत्यसमुत्पाद धर्म सम्बन्धमा विदेशी बौद्ध विद्वानहरूले रचित ग्रन्थ भए पनि परिवर्तन गरी प्रकाशित गर्न पाए हुन्थ्यो भन्ने मनमा लागेको थियो ।

यस्तै सोचाइ र चाहनामा केहि समय बित्यो । एकदिन बुद्धधर्म र विर्दशना ध्यानमा दखल भएका बौद्धधर्म विकाश-प्रवर्धन गर्नमा सधैं तन-मन-धनले सहयोगी  बनिरहनु भएका नेपाली बौद्ध जगतमा चिर परिचित हाम्रा पुराना बौद्ध उपासक श्री हर्ष बहादुर मानन्धरज्यूले आनन्दकुटी विहारमा आई त्रिपिटकार्चाय बौद्ध विद्वान भिक्षु कुमारकाश्यप महास्थविर समक्ष बुद्धधर्म सम्वन्धि नेपालमा अहिलेसम्म प्रकाशित नभएको कुनै विषय सम्बन्धमा एउटा ग्रन्थ निकाल्न पाए हुन्थ्यो भन्ने सुझाव अगाडिं राख्नु भएको थियो । त्यस अवस्थामा म पनि अगाडि थिएँ । अनि मैले पनि मेरो विचारलाई प्रस्तुत गरें । भिक्षु कुमारकाश्यप महास्थविरज्यूले आफ्नो स्वास्थको कारण ग्रन्थ लेख्न नसक्ने कुरा अगाडि राख्नु भयो । पनि मैले आफ्नो विचार अधिसार्दै प्रतीत्यसमुत्पाद धर्म सम्बन्धमा अहिलेसम्ममा विस्तृतरुपमा व्याख्या गरिएको कुनै ग्रन्थ नभएको र यदि मद्दत मिलेमा श्रीलांकिक भाषाबाट एक प्रतिस्थित बौद्धविद्वानले रचित प्रतीत्यसमुत्पाद धर्म सम्बन्धमा राम्ररी व्याख्या गरिएको किताब भएकोले त्यसै पुस्तक परिवर्तन गरिदिन सक्ने कुरा  बताएँ । र, अन्तमा नयाँ पुस्तक प्रकाशित गरीदिने एक दाता भएकोले त्यस किताब परिवर्तन गरीदिन उहाँले अनुरोध गर्नुभयो ।

त्यस अनुसार मैले श्रीलंकाली बौद्ध विद्वान साथै कयौं बौद्धिक पुस्तकहरू रचना गरी सक्नुभएका एक उच्च प्रतिस्थित बौद्ध भिक्षु रनुकाने चन्दविमल महास्थविरज्यूले रचित 'प्रतीत्यसमुत्पाद विवरण' भन्ने पुस्तक परिवर्तन गर्न थालें । पहिला नेपाल (नेवारी) भाषामा अनुवाद गर्ने भनेतापनि पछि विभिन्न जनजातिका बौद्धहरूलाई ध्यानमा राखी नेपाली भाषामा नै लेख्ने निश्चय गरें । जसले गर्दा नेपालका सबै बौद्ध-अबौद्धहरू ले पढेर ज्ञान हासिल गर्न सकोस् ।

तर मेरो नेपाली भाषामा रहेको कमजोरी र पहिलो पटक यस्तो काम गर्न लागेकोले मैले पहिला सोचे जस्तो यो काम सजिलो भएन । फेरि, श्रीलंकाली भाषा र नेपाली भाषाको बीचमा रहको विभिन्न भिन्नताले गर्दा त्यो काम झन्मुश्किल हुँदै गयो । तैपनि बडो मिहेनत गरी त्यसको भावानुवाद

Downloaded from http://www.dhamma.digital

गर्न सफल भएँ । कुनै कुनै ठाउँमा विषयगत कुरा भन्दा बाहिरका कुराहरू भएकोले त्यसलाई यसमा समावेश गरेमा पढ्नेलाई अलि भ्रम उत्पन्न हुन सक्दछ भन्ने ठानी ती कुराहरूलाई पन्छाएको छु । त्यस्तै कुनै कुनै ठाउँमा प्रस्तुत उदाहरणहरू श्रीलंकाली बौद्ध समाजलाई मिल्ने गरी राखिएकोले मैले ती उदाहरणको सट्टामा नेपाली समाजलाई सुहाउने उदाहरणहरू कुनै 'भाव' नबिग्रिने गरी राखिदिएको छुँ ।

पाठक वर्गले प्रतीत्यसमुत्पाद धर्मलाई राम्ररी बुझिलियोस् भन्ने विचारले 'पञ्चस्कन्ध' भन्ने एउटा शिर्षक पनि थपेर अगाडि नै समावेश गरेर राखेको छुँ । जुन पञ्चस्कन्ध सम्बन्धमा छोटकरीमा भएपनि राम्रो ज्ञान हासिल गर्न सक्नेछ । र, त्यसले प्रस्तुत गम्भीर प्रतीत्यसमुत्पाद धर्म बुझ्नलाई थप सहायक हुनेछ ।

यस भावानुवाद पछि त्यसमा अन्तरगतभंएका कुराहरू मिल्छ मिल्दैन भनी भिक्षु शुदर्शन महास्थविरज्यूलाई देखाएँ । उहाँले मेरो उत्साहको कदर गर्दै राम्ररी ती सबै भावानुवाद पढेर नमिलेको ठाउँमा सच्चाइदिएर मद्दत गरिदिनु भयो । साथै भाषा अलि मिलाउनु पर्ने सुझाव पनि दिनु भयो । त्यस अनुरुप भाषा सहित्यमा राम्रो दखल भएका भाषाविद भुवनलाल प्रधानज्यूलाई त्यसको भाषा मिलाई दिनुहुन अनुरोध गरें । उहाँले पनि हौसलापूर्वक यो काम गरिदिनु भयो । साथै यसको पुफ धर्म-सहोदर भिक्षु प्रज्ञामूर्तिले हेरिदिएर सहयोग गर्नु भयो ।

एक हातले ताली नबज्ने भैं एक्लैको प्रयासले यो काम सफल हुने सम्भव थिएन । अतः यो पुस्तक निकाल्नमा प्रमुख भूमिका निभाउनु भएका श्री हर्ष बहादुर मानन्धरज्यू, दिवंगत आमा पूर्णशोभा तुलाधरज्यूको पुण्यस्मृतिमा यस पुस्तक प्रकाशनको भार सम्हालि मुख्यरुपले सहयोग गर्नु भएका श्री मोतिरत्न, राजेन्द्र, अनिलरत्न तुलाधरज्यू प्रमुख स-परिवार, पुस्तक परिवर्तन गर्न पुस्तक सहित दुईशब्द पनि लेखिदिएर पेरणा दिनु भएका आर्चाय भिक्षु कुमारकाश्यप महास्थविरज्यू, हौसलापूर्वक यसको भावानुवाद हेरिदिनुका साथै सुझाव दुईशब्द समेत लेखिदिनु भएका भिक्षु शुदर्शन महास्थविरज्यू, यसको भाषा सच्चाई मिलाई अर्थपूर्ण सहयोग दिनुभएका श्री भुवनलाल प्रधानज्यू यसको पुफ हेरिदिनु भई सहयोग गरिदिनु हुने सहोदा भिक्षु प्रज्ञामूर्तिज्यू सबैलाई म धन्यवाद नदिइ रहन सक्दिन । उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

यस पुस्तक प्रकाशनार्थ मुद्रण कार्यमा सहयोग गर्नु भएका **अन्नपूर्ण अफसेट प्रिन्टर्सका** मित्रहरूलाई पनि मेरो धन्यवाद छ ।

यो मेरो पहिलो प्रयास भएकोले कहीं कतै नमिलेको, घटि-वढी भएको, नबुझ्ने भएको हुन सक्दछ । अतः सच्चाई-मिलाई पढिदिनु हुन विनम्र अनुरोध गर्नुका साथै त्यसको लागि क्षमा प्रार्थी छुँ । तपाईको सुझाव र प्रतिक्रिया पाए झन आभारी हुनेछुँ ।

भवतु सब्ब मङ्गलं ।

भिक्षु धर्ममूर्ति

**आनन्दकुटी विहार**

**स्वयम्भू ।**

८/२/०५५

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

'आमा' यस्तो शब्द हो जसको स्मरण वा उच्चारण जोसुकै मानिसले पनि जन्मेदेखि नमरेसम्म हरेक क्षण, सुखमा, दुःखमा आपद् विपद्मा गरिरहेकै हुन्छ। हुन पनि आमा यस्तो आश्रय हो जसको छहारीमुनि जीवनको जस्तोसुकै दुःखको भारी पनि बिसाउन सकिन्छ। आमाको जस्तो माया संसारमा अरू कसैले दिन सक्तैन।

मेरी प्रातःस्मरणीया आमा पूर्णशोभाको वि.सं.१९७८ साल आश्विन शुक्ल पूर्णिमा (कतिंपुन्हि) को दिन शुभरत्न र हीरालक्ष्मीका दुई छोरीमा जेठी छोरीको रुपमा जन्म भएको थियो। तत्कालीन प्रचलन अनुसार भनौ वा हाम्रो सामाजिक परम्परा अनुसार भनौं आमाको विवाह आठ वर्षको कलिलो उमेरमा पिता तेजरत्नसित भएको थियो। त्यस जोडीको दाम्पत्य जीवनको र माइलो फूलबारीमा हामीहरू आठजना दाजुभाइ दिदीबहिनीहरू मायाका फूलका रुपमा फक्रियौं। आमा साह्रै स्नेहमयी, मिलनसार एवं धार्मिक प्रवृति र कोमल हृदय भएकी थिइन्। छोटछोटो अन्तरालमा बच्चाहरू पाउने भईभईकन पनि उहाँबाट हामीहरू आठैजना कुनै घाखत नहुने गरी ठूलो ममता र वात्सल्यका साथ हुर्काइयौं। आमा बिसन्चो भएको सुइँको पाएर हामीहरूले पीर मानौंला भनेर कसैलाई नवताईकनै सकीनसकी हाम्रो स्याहारसह्मारमा तल्लीन रहने बानी उहाँको थियो। आमाको सिद्धान्त नै के थियो भने आफूलाई जस्तोसुकै दुःखकष्ट परे पनि सहन सकिन्छ तर अरूको दुःख सहन सकिन्न। तसर्थ आफ्नो कारणबाट अरू कसैलाई दुःख नहोस् भन्ने उहाँको ठूलो मनसुबा थियो। भाँडाकुँडाहरू पनि धेरै समयसम्म सँगसँगै रहेमा आपसमा बाझ्छन् भन्ने उखानको विपरीत उहाँको छैंसट्ठी वर्षको लामो विवाहित जीवनमा घरका कुनै पनि परिवार सदस्यसँग एकपल्ट पनि खटपट वा विवादसम्म भयो भन्ने सुन्नु परेको थिएन। बाँचुन्जेल आफ्नो कुलधर्मअनुसारका पूजाआजा, चाडबाड अलिकति पनि गडबड नगरी मनाउने, प्रत्येक पूर्णिमा, अष्टमीमा उपोसथ पालन गर्ने खालकी कुशल गृहिणी थिइन् हाम्री आमा।

हाम्रो बा पनि धर्मप्रति मुख्यतया थेरवादी बुद्धधर्ममा, ध्यान भावनाको अभ्यासतिर निक्कै झुकेका, धार्मिक प्रवृत्तिका व्यक्ति थिए। उहाँका अनुसार बुद्धधर्म भनेको सुन्नाको लागि मात्र होइन, अभ्यास र साधना गरेर हेर्नाको

Downloaded from http://www.dhamma.digital

लागि हो । दिनको दुई पटक ध्यान भावनाको अभ्यास गर्ने उहाँको नियम थियो । त्यसैको प्रभाव होला उहाँबाट दुईपल्ट आवधिक प्रव्रज्या ग्रहण गरिएको थियो । यस्ता पुण्य कार्यको प्रत्येक कदममा बालाई आमाले सक्रिय प्रोत्साहन दिन्थिन् । यसरी ध्यान भावनाप्रति विशेष श्रद्धा भएको कारणले सत्यनारायण गोयन्काको आगमनभन्दा अगाडि नै बा भारतबाट प्रकाशित हुने 'विपस्सना' पत्रिकाको आजीवन ग्राहक बनेका थिए । यसरी उहाँले आफैले अध्ययन, अभ्यास र अनुभव गरेको व्यावहारिक ज्ञान पारिवारिक सदस्य सबैलाई प्रदान गर्नुभएको थियो । बा बुद्ध धर्मका साधक हुनुको साथै एक बौद्ध विद्वान पनि थिए भन्नु अनुपयुक्त हुँदैन । बाले घरको ध्यान कोठामा संग्रह गरिराखेका त्रिपिटक र अन्यग्रथहरू, बुद्धधर्मसम्बन्धी गरिराखेको गहन अध्ययन एवं धम्मपद, विपस्सना, प्रतीत्यसमुत्पाद, अष्टाङ्गिक मार्ग आदि विषयमा सरल र सुबोध तरिकाले व्याख्या गर्ने क्षमता आदिबाट उपरोक्त तथ्य सिद्ध हुन्छ । बाको अर्को सिद्धान्त थियो –"सादा जीवन उच्च विचार" । यत्तिका उच्च संस्कारले सम्पन्न हाम्रा आमा-बा अब यस संसारमा रहेनन् ।

बाको बौद्ध तीर्थयात्राको सिलसिलामा बायन्कक गइरहेको बेलामा त्यही बि.सं. २०४४ फागुन १८ गते निधन भयो ।

दिवंगत भएका आफ्ना परिवार सदस्यको नाउँमा दानधर्म गर्नु बौद्धहरूको संस्कार हो । मार्गदर्शन, बौद्ध जातक, बुद्ध वंशावली, बौद्ध स्तोत्र, बुद्धपूजा सम्बन्धी अनेकौं किताबहरू प्रकाशनमा देखिन्छन् । तर बुद्धधर्म अनुरुप अभ्यास गर्न आवश्यक पुस्तकहरू उस्तो देखिन्नन् । बाको विपस्सना ध्यानप्रति आस्था भएको कारणले हामीहरूले उहाँको पुण्यस्मृतिमा 'प्रवचन प्रवाह' शीर्षक पुस्तक प्रकाशित गरी वितरण गऱ्यौं । यस किताबको माग निक्कै धेरै भएको देखियो । प्रकाशनको आठदश वर्षपछिसम्म पनि मानिसहरू टाढाटाढा ठाउँदेखि यो किताब लिन आउँदैछन । उपासक-उपासिकाहरूले अभिरुचिका साथ यसलाई खोजीखोजीकन पढेकाले उहाँहरूलाई धेरैधेरै धन्यबाद टक्राउँछौं । यसबाट बाको भनाइ सफल भएको जस्तो हामीहरूलाई लागिरहेछ ।

आमा पनि आफ्नो सिद्धान्त अनुरुप कसैलाई दुःखकष्ट नदिईकन अकस्मात् वि. सं. २०५२ साल जेठ २८ गतेका दिन परलोकगामी भइन् । दिवंगत माता पूर्णशोभाको नाउँबाट पनि दानहरूमा उत्तम धर्मदान गर्ने ठहर हामी छोराछोरीहरूले गऱ्यौं । कुनै पनि भौतिक दानबाट पाउने व्यक्तिहरूको मात्र लाभ हुन्छ । एकैथोकबाट धेरैजनालाई लाभ हुने उत्तम धर्मदान भनेको

Downloaded from http://www.dhamma.digital

धार्मिक पुस्तकहरूको दान हो भन्ने नै हामीहरूले सोच्यौं । बाको पुण्यस्मृतिमा गरेको 'प्रवचन प्रवाह' शीर्षक ग्रन्थको वितरणबाट पनि हाम्रो यस्तो सोचाइलाई निक्कै सघाउ पुग्यो । त्यसैले हामीहरूले आमाको पुण्यस्मृतिमा बुद्धधर्ममा अतीव महत्वपूर्ण र अनिवार्य रुपले जान्नु पर्ने 'प्रतीत्यसमुत्पाद' को व्याख्यात्मक विवरण भएको किताब प्रकाशन गरेर निःशुल्क वितरण गर्ने अठोट गऱ्यौं ।

प्रतीत्यसमुत्पादको बारे बाले उहिले बारम्बार हामीहरूलाई बताउँथे तर हामीहरूले उमेरको कारणले राम्ररी बुझ्न सकेका थिएनौं । साथै, त्यस विषयमा सरल भाषामा व्याख्या गरिएको किताबको बिलकुलै अभाव थियो र छ पनि । यस विषयमा बाकै मित्रवर श्रद्धेय महास्थविर कुमारकाश्यप र अर्का अभिन्न मित्र हर्षबहादुर चसांदोसित पनि सल्लाह गऱ्यौं । भन्तेले "यो ज्यादै गहन विषय हो र यसबारे जथाभावि लेख्न हुँदैन, तिमीहरूले यस सम्बन्धी किताब निकाल्ने नै हो भने बुद्धधर्ममा श्रद्धा राख्ने उपासक-उपासिकाहरूलाई मात्र होइन बुद्धधर्मको अध्ययन गर्ने साधकहरूलाई पनि लाभ हुनेछ" भन्नुभो । उहाँको यस्तो अभिमत सुनेर हाम्रो ठूलो भाइ राजेन्द्र अत्यन्त उत्साहित हुँदै जस्तो सुकै बाधा-अडचन भए पनि यसै विषयमा सरल व्याख्या गरिएको किताब निकाल्ने भनेर सुरिए । तर कुमार भन्तेले स्वास्थ्यको कारण आफूले लेख्न नसक्ने राय प्रकट गर्नुभयो । भाइ राजेन्द्रले बुद्धधर्म साधक हर्षबहादुर चसांदोसंग पनि सल्लाह गरिरहे । निरन्तरको प्रयासपछि श्रीलङ्कामा बुद्धधर्मको अध्ययन गरी फर्किनु भएका भिक्षु धर्ममूर्तिलाई अनुरोध गर्ने निधो भयो । उहाँले श्रीलङ्कामा आफ्नो अध्ययन जारी राखेको अवधिमा श्रीलङ्काली भिक्षु रेनुकाने चन्दविमल महास्थविरद्वारा लेखिएको "प्र.......विवरण" शीर्षक पुस्तक पढ्नुभएको रहेछ । उहाँले नेपालमा यससम्बन्धी व्याख्या सरल भाषामा गरिएको कुनै पनि रचना नभएको चात्व पाउनु भएको थियो । त्यसैले उहाँले नेपालमा फर्केपछि आफैले यस 'प्रतीत्यसमुत्पाद सूत्र' को सजिलो भाषामा तर पूरै अङ्गपुगेको, खुलस्त बुझिने तरिकाले तर जस्ताको तस्तै व्याख्या गरिएको एउटा किताब लेख्ने सङ्कल्प गरेका रहेछन् । त्यसैले यस्तो किताब प्रकाशित गर्ने हाम्रो इरादा देखेर उहाँ बढी उत्साहित हुनुभो । अनि हाम्रो विनम्र अनुरोधलाई सकार्दै उहाँ प्रस्तुत पुस्तक लेख्ने अभिभारा बहन गर्न सहमत हुनुभो ।

यसरी आमाको पुण्यस्मृतिमा यो ग्रन्थ प्रकाशित गर्न पाएकोमा हामीहरूलाई ठूलो गर्व लागिरहेछ ।

Downloaded from http://www.dhamma.digital

प्रस्तुत पुस्तकको लेखनमा गर्नुभएको अथक परिश्रमको निमित्त पूज्य धर्ममूर्ति भन्ते हाम्रो असीमित आभारका पात्र हुनुहुन्छ, त्यस्तै अमूल्य सल्लाह दिनुको साथै विषयवस्तु सुहाउँदो भूमिका लेखेर यसलाई सिँगारिदिनुभएकोमा हाम्रा असीमित आभारका अर्का पात्र हुनुहुन्छ पूज्य कुमारकाश्यप भन्ते । फेरि, लेखकको चयन, प्रकाशनको व्यवस्था आदि चाहिएजति सहयोग प्रदान गर्ने पिताजीका अभिन्न मित्र हर्षबहादुर चसांदोप्रति पनि धेरैधेरै कृतज्ञता व्यक्त गर्दछौं । त्यसरी नै भाषिक परामर्श र अन्य सहयोगको लागि पिताजीकै बालसङ्गाती भू.पू. मन्त्री भुवनलाल प्रधानप्रति पनि हार्दिक धन्यबाद ज्ञापन गर्दछौं ।

अन्तमा यस पुस्तकको प्रकाशन हाम्री स्वर्गीय माताको लागि चिर शान्ति प्राप्ति गर्नाको साथै परम पद-निर्वाणसम्म पुग्ने हेतु र प्रत्यय बन्न सकोस् भन्ने हार्दिक कामना गर्दछौं ।

**इदं मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु !**

| **छोराहरू** – **बुहारीहरू** | | **छोरीहरू** |
|---|---|---|
| १. मोतीरत्न तुलाधर | - किरणवती | १. तेजशोभा तुलाधर |
| २. राजेन्द्र तुलाधर | - पीयूषदेवी | २. मोतीशोभा ताम्राकार |
| ३. अनिलरत्न तुलाधर | - रजनी | ३. हीराशोभा कंसाकार |
| | | ४. सुश्री पन्नाशोभा तुलाधर |
| | | ५. कान्तिशोभा ताम्राकार |

र

स-परिवार

बि. सं. २०५५ जेष्ठ २५ गते,

असन, कमलाक्षी ।

Downloaded from http://www.dhamma.digital

# अनुक्रम

| विषय | पृष्ठ |
|---|---|
| पञ्चस्कन्ध | १ |
| रुपस्कन्ध | ३ |
| वेदनास्कन्ध | ४ |
| संज्ञास्कन्ध | ५ |
| संस्कारस्कध | ७ |
| विज्ञानस्कन्ध | ८ |
| प्रतीत्यसमुत्पाद | ११ |
| प्रतीत्यसमुत्पादको अर्थ | १२ |
| प्रतीत्यसमुत्पाद थाहा नपाउँदा हुने दोष | १४ |
| प्रतीत्यसमुत्पाद थाहा पाउँनाको अनिशंस | १५ |
| अविज्जा पच्चया संखारा | १९ |
| अविद्याको कारण संस्कारको सृजना कसरी हुन्छ | २३ |
| संखारा पच्चया विञ्ञाणं | २८ |
| पुनर्भव (पुनर्जन्म) हुने तरिका | ३० |
| विञ्ञाण पच्चया नामरुपं | ३८ |
| नामरुप पच्चया सलायतन | ४४ |
| सलायतन पच्चया फस्सो | ४८ |
| फस्स पच्चया वेदना | ५० |
| वेदना पच्चया तण्हा | ५२ |

Downloaded from http://www.dhamma.digital

| बिषय | पृष्ठ |
|---|---|


| | |
|---|---|
| तण्हा पच्चया उपादानं | ५७ |
| उपादानं पच्चया भवो | ६४ |
| भव पच्चया जाति | ६९ |
| जाति पच्चया जरामरणं..... | ७२ |
| प्रतीत्यसमुत्पादका तीन जाति अवस्थाहरू | ७९ |
| द्वादसांग | ७९ |
| त्रिसन्धि | ८० |
| चार संग्रह | ८१ |
| विंशत्याकारहरू | ८२ |
| संसार चक्र | ८२ |
| त्रिवृत | ८५ |
| मूल द्वय | ८६ |
| द्वादसांग कृत्यहरू | ८७ |
| दृष्टि निवारण | ८९ |
| उपमा स्वरुप प्रतीत्यसमुत्पाद धर्म | ९१ |
| प्रतीत्यसमुत्पादः- चार प्रकार | ९४ |
| गम्भीर धर्मः- प्रतीत्यसमुत्पाद | ९७ |
| प्रतिलोम प्रतीत्यसमुत्पाद | ९९ |
| द्विविध निरोध | १०० |
| द्विविध सुख | १०४ |
| निर्वाण देखाउने गाथा द्वय | १११ |
| निर्वाण र प्राणी | ११६ |


Downloaded from http://www.dhamma.digital

# पञ्चस्कन्ध

यहाँ मैले प्रतीत्यसमुत्पादको विस्तृत विवरण तपाईं समक्ष राख्नुभन्दा पहिले पञ्चस्कन्धको बारेमा छोटकरी व्याख्या गर्नु उचित हुन्छ होला भनेर आफुले जाने बुझे अनुसार विस्तर लागेको छु । किन कि प्रतीत्यसमुत्पाद राम्ररी बुझीलिन यो पञ्चस्कन्ध सम्वन्धमा केही ज्ञान हासिल गरिराख्नु अति जरुरी देखिन्छ । पञ्चस्कन्धको बारेमा जानकारी भएमा प्रतीत्यसमुत्पाद धर्म बुझ्नलाई सजिलो हुनजान्छ ।

मानिस हात्ती, घोडा, गाई, कुकुर, विरालो आदि जस्तै पुद्गल वा सत्वहरू भनेर चिनिने 'धातु' समूह हो । 'मानिस' भनिने कुनै एक धातु समूह हो । 'हात्ती' भनिने अर्को धातु समूह हो । यर्थाथमा मानिस भन्ने छ भने त्यो मानिस एक तत्व मात्र हुनु पर्दथ्यो, हात्ती भन्ने छ भने हात्ती पनि एक तत्व मात्र हुनु पर्दथ्यो । तर मानिस भनेर चिनिने तत्व विभाजन गरी हेरेको खण्डमा त्यहाँ धेरै किसिमका धातुहरू भेटिन्छन् । ती धातुहरू पनि निरन्तर परिवर्तन भैरहेको देखिन्छन् ।

बगिरहेको खोला कुनै ठाउँबाट हेर्ने व्यक्तिलाई 'जलस्कन्ध' को रुपमा मात्र देखापर्छ । आज हेरेर फेरि भोलि, पर्सि वा पछि हेर्ने गए पनि उसले त्यही 'जलस्कन्ध' मात्र देख्दछ । र, उसलाई आज देखेको पानी र भोलि, पर्सि वा पछि हेर्दा देखिने पानी एउटै हो भन्ने लाग्छ । एउटै जलस्कन्ध हो भन्ने सम्झिन्छ । तर आज हेरेर गएको खोलामा फेरि भोलि आएर हेर्दा उसले त्यहाँ हिजो देखेका पानीको थोपा भेट्टाउदैन त्यहाँ सबै नयाँ पानी रहेको हुन्छ । र, उसले आज वा भोलि देख्न सक्ने त्यही नयाँ पानी हो । यसरी कालानुरुप खोलाको पानी फेरिदै गएको हुन्छ र एकै ठाउँमा एउटै जलस्कन्ध दुई अवस्थामा देख्न सकिंदैन । र, एकै ठाउँमा त्यही पानी रहदैन । निरन्तर परिवर्तन भईरहन्छ ।



Downloaded from http://www.dhamma.digital

प्रत्येक सन्तानमा अविद्या-संस्कारादि हेतु उत्पन्न गर्ने नाम-रुप धातु समूह पनि खोलाको पानी जस्तै सम्झनु पर्दछ । खोलामा भोलि देख्न पाइने पानी आज देखेको पानी नभए झैं, पर्सि देख्न पाइने पानी भोलि देखिने पानी नहुने झैं पुद्गल (मानव) भनी सम्झिने 'नाम-रुप' धातु समूह पनि आज भएको नाप-रुप धातु अलिकति पनि भोलि हुदैन र भोलि हुने नामरुप धातु पर्सि हुँदा त्यही नामरुप धातु केही पनि भेट्टीँदैन । त्यस्तै विहान रहेको नामरुप धातु कुनै साँझ सम्ममा शेष रहँदैन । एक घण्टा अगाडि रहेको नामरुप धातु एक घण्टा पछि फेरि सकेको हुन्छ । एक मिनेट अगाडि रहेका ती धातुहरू एक मिनेट पछि परिवर्तन भैसकेका हुन्छन् । बगिरहने खोलाको पानी जस्तै नामरुप धातुहरू पनि निरन्तर परिवर्तन भैरहेका हुन्छन् । र, एउटै धातुलाई दुई अवस्थामा एकै किसिमले देख्न सकिँदैन ।

पुद्गल-मानव-मानिस-व्यक्ति भन्नाले आज भोलि पर्सि, त्यस्तै यो हावा, यो महिना, यो वर्ष, अर्को वर्ष आदि तरिकाले कुनै व्यक्ति जन्मे देखि नमरुन्जेल सम्म रहने हुन्छ । र, कसै कसैले विश्वास गरे अनुसार नमरीकन अर्थात निःशेष नभईकन दोस्रो तेस्रो जन्ममा जाने हुन्छ । तर यो नामरुप धर्म परम्परामा त्यस्तो धेरै समयसम्म विद्यमान रहन सक्ने कुनै पदार्थ छैन । जसरी छाला, मासु, दाँत, हाड आदि पदार्थहरूको संयोगलाई शरीर भनी सम्झिन्छ, त्यसरी नै वास्तवमा नभएको व्यक्तिलाई एकताका भएको शरीरको आधारमा सधैं भइरहन्छ भनेर भ्रम उत्पन्न हुनजान्छ ।

मानिस वा व्यक्ति भन्नाले कुनै शरीरलाई चिनाउँदछ । शरीर भनेको वास्तविक अर्थमा नाम र रुप द्वयको संयोग हो । तर निरन्तर रुपमा परिवर्तन भैरहने ती नामरुप धर्महरू बाह्य रुपमा एकै किसिमले देखिरहने हुनाले मानिस वा व्यक्ति भन्ने छ भनेर गलत धारणा उत्पन्न हुनजान्छ । त्यसै गलत धारणालाई यहाँ सत्कायदृष्टि भन्ने गरिन्छ । शरीर छ, व्यक्ति छ, मानिस छ भन्ने विचारले अविद्या-संस्कारादि विविध अङ्गले युक्त दुःखस्कन्ध नष्ट नभई रहिरहन सहायक हुन्छ । त्यसकारण तथागत गौतमले अविद्यादि हेतुफल धर्म परम्परा भएको नामरुप धातु



Downloaded from http://www.dhamma.digital

समूहको कारण विद्यमान रहने सत्कायदृष्टि-गलत विचार हटाउनलाई त्यो नामरुप धातु समूह पञ्चस्कन्धको रुपमा विभाजन गरी देशना गर्नुभएको छ । ती हुन रुपस्कन्ध, वेदनास्कन्ध, संञ्ञास्कन्ध, संस्कार र विञ्ञाणस्कन्ध ।

**रुपस्कन्ध** भन्नाले पथवि आपो, तेजो, वायो चतुर्महाभूत* भन्ने चार धातु र ती चार धातुको कारणले उत्पन्न हुने वर्ण, गन्ध, रसादि रुप समूह भन्ने बुझिन्छ । रुपस्कन्ध भनि छुट्याइएको 'पुद्गल' भनिने धातु समूहमा रहेको ठोस धातु हो । अभिधर्मानुसार भन्ने हो भने भिन्ना भिन्नै रुपहरू २८ वटा छन् । तर प्रत्येक शरीरमा २८ वटै रुपहरू हुदैनन् । अङ्ग सम्पूर्ण भएको एक शरीरमा बढीमा रुप २७ वटा मात्र रहन्छन् । तर शरीरको सबै अङ्गहरूको संयुक्तिले मात्र रुपहरू २८ वटा हुनजान्छन् ।

कुनै परिमाणमा बनेको मनुष्य शरीरलाई रुपस्कन्ध भनिन्छ । अन्य प्राणीहरूका शरीरहरू पनि रुपस्कन्ध भनेर चिनिन्छन् । रुपस्कन्धमा विज्ञान अथवा प्राण हुदैन । क्रियाकारी शक्ति पनि हुंदैन , रुपस्कन्ध क्रियान्वित भए झैं देखिने कारक शक्ति त्यसमा भएकाले होइन कि विज्ञान धातुको बलले विज्ञान धातु अनुसार त्यहाँ आउने-जाने आदि प्रक्रिया चालू भइरहने हुनाले हो ।

रुपस्कन्ध एउटा गाडा (ठेल गाडी) जस्तै हो । जान सक्ने शक्ति त्यसमा हुदैन । राखेको ठाउँमै सडेर जान्छ विना बयल गाडा कहिले पनि अगाडी बढ्दैन । गाडा कहिले पनि आफै जाने वा चल्ने भनेर कल्पना गर्न सकिन्न । गाडा चल्ने वा एक ठाउँबाट अर्को ठाउँमा सर्ने वा जाने त गोरुले अथवा मानिसले तानेर वा घचेटेर लगेमा मात्र हुनसक्ने हो । तदानुरुप रुपस्कन्ध पनि रहेको ठाउँमा रहिरहन्छ । त्यसको चाल (गति) विज्ञान धातुले चलाएमा मात्र हुने हो । त्यसकारण

**चतुर्महाभूत:-पृथ्वी (ठोस पर्दाथ), आप (तरल पर्दाथ), तेज (अग्नि वा तातो उष्ण पदार्थ) वायु (हावा वा सौम्य पदार्थ)*



Downloaded from http://www.dhamma.digital

कुनै काम गर्न नसक्ने, क्रिया गर्न नसक्ने, कहिल्यै केही काम नगर्ने यो रुपस्कन्ध जुनसुकै काम गर्ने वा सुख-दुःख भोग्ने व्यक्ति हुन सक्दछ त ? अवश्य पनि हुन सक्दैन ।

**वेदनास्कन्ध** भन्नाले यसरी बुझिलिनु पर्दछ । कुनै वस्तु द्वय **ठक्कर** खाँदा (जुद्धा) पहिला नभएको शब्द प्रकट भए झै, सलाई-बट्टामा सलाई-काँटी कोर्दा खेरि पहिले नभएको आगो निस्किए झैं, आँखा, कान, नाक, जिब्रो, शरीर, मन भन्ने इन्द्रियहरूसंग रुप, शब्द, गन्ध, रस, स्पर्श र चिन्तन घट्टन हुँदाखेरि सुखानुभूति वा दुःखानुभूति अथवा उपेक्षानुभूति (मध्यस्थ भाव) उत्पन्न वा सृजना हुनजान्छ । र, यो धर्ममा वेदना भनेर चिनिने ती सुखानुभूति, दुःखानभूति र उपेक्षानुभूति त्रय नै हुन् ।

साधारण जनमानसमा कुनै दुखाइलाई अथवा सहन नसक्ने स्वभावलाई वेदना भन्ने गरिन्छ । साधारण अर्थमा दुखाइ वा दुख्ने स्वभावलाई वेदना भनेता पनि यहाँ वेदनास्कन्धको अर्थ त्यो दुखाइ वा दुख्ने स्वभाव नै हो भनेर क-कसैले गलत सोचाइ राख्न सक्दछ, तर यसको अर्थ त्यसो होइन । बुद्ध धर्ममा वेदनास्कन्ध भित्र त्यो साधारण अर्थ दिने दुखाइ वा दुख्ने स्वभाव पनि पर्दछ । दुःख वेदना, दोमनस्स वेदना भन्ने ती स्वभावहरू हुन् । तर बुद्ध धर्ममा उल्लिखित वेदनास्कन्धमा सुख पनि पर्दछ । सुख वेदना सोमनस्स वेदना भन्ने ती सुखहरू हुन् जुन साधारण मानिसहरूले साँच्चैको सुख भनेर लिन्छन् ।

कसैले तिमीलाई कस्तो छ ? भनेर सोद्धा यदि सुख पनि छैन, दुःख पनि छैन भने ठिक्कै छ भनेर प्रत्युत्तर दिन्छौ । त्यस उत्तरबाट मध्यस्थभाव केन्द्रित हुन्छ । बुद्ध धर्ममा उपेक्षा वेदना भन्नाले त्यस मध्यस्थभावलाई नै जनाउँदछ । यसरी सुख वेदना, दुःख वेदना र उपेक्षा वेदना भनी वेदना त्रय एक प्रकारले तथा अर्को प्रकारले सुख वेदना, सोमनस्स वेदना, दुःख वेदना, दोमनस्स वेदना र उपेक्षा भनी वेदनाहरू पाँच किसिमका देखाइएका छन् । ती सबै प्रकारका वेदना़हरूलाई यहाँ



Downloaded from http://www.dhamma.digital

वेदनास्कन्ध भनिन्छ ।

दुःख वेदना जनित गराउने अनिष्टालम्वन इन्द्रियहरूसंग घटन भएमा उत्पन्न हुने दुःख वेदना रोक्न सक्ने शक्ति कसैसंग पनि हुदैन । कसैको विधान वा आज्ञा विना दुःख वेदनालाई हेतु हुने आलम्वन इन्द्रियहरूसित घटन भएमा दुःख वेदना उत्पन्न भई निरुद्ध हुनजान्छ । सुख वेदना जनित गराउने इष्टालम्वन इन्द्रियहरूसित घटन भएमा सुख वेदना उत्पन्न भई निरुद्ध हुनजान्छ । सुख वेदना राम्रो छ भनी त्यसलाई निरुद्ध हुन नदिई रोकिराख्न सक्ने शक्ति पनि कसैसंग हुदैन ।

ती ती आलम्वन घटनको हेतु यो नामरुप धर्म परम्परामा ती ती वेदना उत्पन्न भई विलाएर जान्छन् । त्यसो नहुने गरी त्यसलाई पालन गर्ने, विद्यमान राख्ने कोही पनि ती नामरुप भित्र पर्दैनन् । वेदनाहरु उत्पन्न भई, निरुद्ध भएर जान्छन् । त्यसो नहुने गरी तिनलाई भोगिरहने व्यक्ति हुदैन । हेतुहरूको संयोगले उत्पन्न भई निरुद्ध भएर जाने ती वेदना राशि (समूह) पनि पुद्गल वा व्यक्ति हुन सक्दैन ।

**संज्ञास्कन्ध** यसरी जानिलिनु पर्दछ । आँखा, कान, नाक, जिब्रो, शरीर, मन भन्ने ६ वटा ढोकाहरूबाट रुप, शब्द, गन्ध, रस, स्पर्श, चिन्तन भन्ने ६ वटा आलम्बन भित्रिंदा ती रुप शब्दादि आलम्वन चक्षुरादि द्वारसंग घटन हुँदा ती आलम्वनको कारण सुख-दुःख जनित हुने जस्तै नीलो-रातो-सेतो, ठूलो-सानो, अग्लो-होचो, गोलो-चारकुन्ने, मानिस-नेपाली, इण्डियन, अंग्रेजी, पुरुष-महिला, तरुण-तरुणी, बुढा-बूढी, आमा-बुबा, दाजु-भाई, दिदी-बहिनी, छोरा-छोरी, चन्द्रमा, सूर्य, कुक्कुर, गाई, पृथ्वी, पहाड, तराई-मैदान, रुख, घर, दराज आदि प्रकार को सोचाइहरू उत्पन्न हुनजान्छन् । र, यसरी उत्पन्न हुने ती सबै प्रकारका चिन्तनलाई यहाँ संज्ञास्कन्ध भनिन्छ ।

पाँच प्रकारका स्कन्धहरू मध्ये सबभन्दा ठूलो वा विशाल स्कन्ध यो संज्ञास्कन्धलाई मानिन्छ । यो विश्वभित्र धेरै थरिका भाषाहरू छन् ।



Downloaded from http://www.dhamma.digital

ती भाषाहरू पनि एक भाषा भित्र धेरै शब्दहरू हुन्छन् । र, ती सबै शब्दहरूका आ-आफ्ना संज्ञा हुन्छन् । त्यस्तै यो विश्वमा अपरिमेय प्राणीहरू हुन्छन् । र, ती प्राणीहरूको परिमाणानुसार संज्ञा पनि हुन्छन् । त्यस्तै यो विश्वमा अनगिन्ती पर्दाथ (वस्तु) हरू छन् । ती सबै वस्तुहरूको पनि संज्ञा हुन्छन् । ती वस्तुहरूको चलनशीलताको कारण हुने क्रियाहरू पनि धेरै हुन्छन् र ती सबै क्रियाहरूका पनि संज्ञाहरू हुन्छन् । यसरी हेर्दै जाँदा परिमाण ठम्याउन नसकिने, गिन्ती गर्न नसकिने संज्ञाहरू छन् भन्ने बुझ्न सकिन्छ ।

विश्वमा रहेका सबै किसिमका संज्ञाहरू एकै शरीरभित्र उत्पन्न हुने होइनन् । संज्ञास्कन्धमा पर्ने अपरिमेय संज्ञाहरू मध्ये कुनै परिमाणमा मात्र एक शरीरभित्र उत्पन्न हुने गर्दछन् । पढ्नु भन्नाले पनि संज्ञास्कन्धलाई विशाल बनाउने भन्ने बुझिन्छ । तसर्थ विद्वान व्यक्तिहरूमा धेरै संज्ञा रहेको हुन्छ भने साधारण व्यक्तिहरूमा थोरै मात्र संज्ञा रहेको हुन्छ । त्यस्तै जनावरहरूमा पनि थोरै मात्रामा भए पनि संज्ञाहरू विद्यमान भएको हुन्छन् र ती संज्ञाद्वारा नै उनीहरूलाई आहारपानादि उपलब्ध गर्न र आफ्नो जीउ ज्यान रक्षा गर्न मद्दत पुग्दछ ।

जसरी कसैको उत्साहविना इन्द्रियरुपी द्वारहरूमा आलम्वन घटन हुनासाथ ती आलम्वनानुसारको वेदना उत्पन्न हुनजान्छ । त्यसरी नै यी संज्ञाहरू पनि उत्पन्न हुने गर्दछन् । त्यसकारण आफूलाई चाहिनेगरी संज्ञाहरू उत्पन्न गराउने वा ती संज्ञाहरूलाई अधीनमा राख्ने अधिपति भएका कुनै व्यक्ति वा केही चीज नामरुपभित्र हुदैन । नामरुप धर्म बाहिर पनि छैन । ती द्वारहरूसंग आलम्बन घटन भएर ती आलम्वनानुसारको वेदना उत्पन्न हुने झैं संज्ञाहरू पनि उत्पन्न भई नष्ट भएर जाने हुनाले संज्ञा कुनै व्यक्ति होइन र, मात्र धातु हो ।

Downloaded from http://www.dhamma.digital

**संस्कारस्कन्ध** यसरी जानिलिनु पर्दछ। रुपादि आलम्वन आँखा आदि द्वारहरूसंग घटन हुँदा मात्र वेदना र संज्ञा सृजना भई रोकिने होइनन्। ती वेदना र संज्ञाहरू मध्ये कुनै कुनै राम्रो छ, असल छ भन्ने चेतानाले तिनप्रति तृष्णा जगाउँदछ। र, कुनै कुनै नराम्रो छ, खराब छ भन्ने चेतनाले तिनप्रति द्वेष जगाउँदछ। त्यसकारण आँखा आदि द्वारहरूसंग घटन हुने रुपादि आलम्वनले गर्दा सृजना गर्ने, संचय गर्ने, आरक्षा गर्ने, नष्ट गर्ने, हटाउने, विलयन गराउने, अनुभव गर्ने, अनूभुति गर्ने, महशुस गर्ने आदिको सम्बन्धमा जाने-आउने, दिने-लिने, खाने-पिउने, अनुबल दिने, पीडा दिने, झूठ बोल्ने, कुरा लाउने, गाली गर्ने, कुरा गर्ने आदि धेरै किसिमका कायिक-वाचसिक-मानसिक क्रिया(काम)हरू सिद्ध हुन जान्छन्। ती क्रिया सिद्ध गर्ने शक्ति भएको चेतनालाई यहाँ मुख्य रुपमा संस्कार भनिन्छ।

सिद्ध गर्ने वा हुने विभिन्न क्रियाहरू चेतना अन्तर्गत भएका हुन्छन् र ती अनेकौं प्रकारका क्रियाहरूको 'चेतना' समूहलाई यहाँ संस्कारस्कन्ध भनिन्छ। चेतनासंग सम्वन्धित हुने लोभ-द्वेष-मोह-मान-दृष्टि-इर्ष्या-श्रद्धा-प्रज्ञा-मैत्री-करुणादि धर्महरू पनि यो संस्कारस्कन्ध भित्र पर्दछन्। संस्कारस्कन्धभित्र पर्ने अरू चैतसिक धर्म ५० वटा पनि छन्। त्यस सम्वन्धमा अभिधर्म ग्रन्थहरूमा पढ्न पाइन्छ।

**'संखार'** भन्ने शब्द प्रिटकत्रयमा* विभिन्न ठाउँमा प्रयोग गरिएको पाइन्छ। र, ती शब्दहरूको अर्थ ठाउँ र स्थिति अनुसार बेग्लाबेग्लै दिइएको पाइन्छ। तर यहाँ संखार भन्ने शब्दको अर्थानुसार ५२ वटा चैतसिक धर्महरू मध्ये वेदना र संज्ञा बाहेक अरू ५० वटा चैतसिक धर्महरू भन्ने बुझिन्छ। त्यसकारण अवस्था र परिस्थिति अनुसार संस्कार शब्दको अर्थ भिन्नाभिन्नै बुझिलिनु पर्दछ। एउटै अर्थले बुझिलिएमा व्याकुल तत्व धर्मभित्र उत्पन्न हुन सक्दछ र धर्म नबुझिने हुनजान्छ।

******पिटकत्रय- सुत्त(सुत्र), विनय, अभिधम्म(अभिधर्म), त्रिपिटक बुद्धधर्मका मुख्य ग्रन्थ*



Downloaded from http://www.dhamma.digital

सामान्यरुपले हेर्दा 'गमन' आदि क्रिया शरीरले सिद्ध गर्ने जस्तै लाग्दछ। तर शरीरसंग क्रिया गर्ने शक्ति छैन। ती ती क्रिया सिद्ध गर्ने उत्साह भएको 'चेतना' मनसंग बद्ध भई जनित हुने चैतसिक धर्म हो। चेतना उत्पन्न हुँदा त्यस अनुसार चित्त र फेरि चैतसिक धर्म पनि उत्पन्न हुनजान्छ। ती चित्त, चैतसिक धर्म समूहको कारण उत्साह गर्ने क्रिया सिद्ध हुनलाई योग्यतानुसार हात-खुट्टा आदि यता उता चलाउने 'वायु' शरीर भित्र सृजना हुनजान्छ। त्यसले गर्दा जाने-आउने-बस्ने आदि क्रिया सम्पन्न हुन्छन्। तिनलाई सिद्ध गर्ने प्रधान धर्म भने चेतना नै हो। तसर्थ त्यसलाई संखार भनिन्छ।

चेतनाको कारणले नै 'गमन' आदि क्रिया विना 'पुद्गल' सिद्ध हुन्छ। यो नामरुप धातु समूहमा 'गमन' आदि क्रिया सिद्ध गर्ने व्यक्ति हुँदैन। आत्मा हुदैन। वेदना र संज्ञाहरू झैं ती ती द्वारहरूमा आलम्बनहरू भित्रिनाले उत्पन्न भई ती ती अवस्थाहरूमा नै विनाश भइजाने चेतना पनि 'पुद्गल' वा 'व्यक्ति' हुन सक्दैन। आत्मा हुन सक्दैन।

**विज्ञानस्कन्ध** यसरी थाहापाउनु पर्दछ। आँखामा कुनै रुप पर्दा त्यो रुप आँखाले देख्दछ। यहाँ देखाइ भन्नाले त्यो रुप देख्ने चित्त वा मन उत्पन्न हुनुलाई हो। र, यहाँ विज्ञान भन्नाले त्यो चित्त वा मन भन्ने बुझिन्छ।

आँखामा कुनै रुप पर्दा त्यहाँ जनित क्रिया थाहा पाउने मनलाई 'चक्खु विञ्ञाण' अर्थात चक्षुविज्ञान भनिन्छ। कानमा शब्द पर्दा सुनिने गर्दछ। त्यो श्रवण गर्ने मनलाई सोत विञ्ञाण अर्थात् श्रोतविज्ञान भन्ने गरिन्छ। नाकमा कुनै गन्ध पर्दा गन्ध पाउने गर्दछ। त्यो गन्ध (सुगन्ध वा दुर्गन्ध) भनेर थाहा पाउने मनलाई घाणविञ्ञाण अर्थात घ्राण विज्ञान भनिन्छ। जिब्रोमा कुनै रस पर्दा स्वाद पाउने गर्दछ। त्यो स्वाद थाहा पाउने मनलाई जिव्हा विञ्ञाण अर्थात् रसविज्ञान भनिन्छ। शरीरमा कुनै पदार्थले ठक्कर खाँदा वा छुँदा त्यो ठक्कर वा छुवाई थाहा पाउने हुन्छ। त्यो स्पर्श थाहा पाउने मनलाई काय विञ्ञाण अर्थात् कायविज्ञान भनिन्छ। मन कुनै वस्तु वा विचार प्रति केन्द्रित हुँदा त्यो वस्तु वा



Downloaded from http://www.dhamma.digital

विचारको सम्बन्धमा जानिलिने मन उत्पन्न हुनजान्छ । त्यो जनित जानकारी लिने मनलाई 'मनोविञ्ञाण' अर्थात मनोविज्ञान भन्ने गरिन्छ । यी सबै विज्ञानहरू समस्तरुपमा विज्ञानस्कन्ध भनिन्छन् ।

विज्ञानस्कन्धमा चित्तहरू एक प्रकारले ८९ वटा छन् भने अर्को प्रकारले १२१ वटा छन् । यस सम्वन्धी विस्तृत अभिधर्मका पुस्तकहरूबाट थाहा पाउन सकिने छ ।

चक्षुविज्ञान भन्ने मन आँखामा रुप-छाँया घटन भएर जनित हुने हो । त्यसबाहेक अरु तरिकाबाट वा अन्य क्रमबाट उत्पन्न हुने होइन । कसैले सृजना गर्न सक्ने पनि होइन । त्यसकारण आफ्नो इच्छानुसार चक्षुविज्ञान सृजना गर्न वा त्यसको अधिपति कुनै पुद्गल वा व्यक्ति हुदैन ।

आँखा संग कुनै रुप-छाँया जुद्धा अर्थात आँखामा कुनै रुप पर्दा सृजना हुने चक्षुविज्ञान उत्पन्न हुनबाट रोक्न सक्ने व्यक्ति पनि छैन । आँखामा रुप परेर उत्पन्न भएको चक्षुविज्ञान विलयन गराउन सक्ने व्यक्ति वा पुद्गल पनि हुन सक्दैन र होइन पनि । त्यसकारण अन्य स्कन्ध पनि व्यक्ति वा आत्मा होइन भनी बुझ्नु पर्दछ ।

रुपस्कन्धादि पाँच भागमा विभाजित पञ्चस्कन्ध पनि संसार चक्रमा पर्ने ती अविद्या-संस्कारादि प्रतीत्य-समुत्पादाङ्ग १२ वटै हुन् । ती पाँच भागमा विभाजित पञ्चस्कन्धलाई सत्व-प्राणी-व्यक्ति-पुद्गल-आत्मा भनी गलतरुपले लिंदा विशेष रुपले समात्ने धर्महरू ती ती भागहरूमा सम्वन्धित हुने नै हुन् । प्राणी, व्यक्ति, म भनेर गलत तरिकाले बुझिलिने व्यक्तिहरूले समय समयमा एक एक तत्वलाई 'आत्मा' भन्ने गर्दछन् । कहिले 'रुप समूह' लाई आत्मा भनेर लिन्छन । कहिले 'वेदना समूह' लाई 'आत्मा' भनेर लिन्छन् । कहिले 'संज्ञा समूह' लाई 'आत्मा' भनेर लिन्छन् । कहिले 'संस्कार समूह' लाई 'आत्मा' भनेर लिन्छन् । कहिले 'विज्ञान समूह' लाई 'आत्मा' भनेर लिने गर्दछन् ।

रुपलाई मुख्य बनाई सोच्ने, कुरा गर्ने अवस्थाहरूमा मानिसहरू सबै रुपहरूलाई समस्त एउटै 'रुप' भनी त्यस 'रुप' लाई प्राणी, पुद्गल



Downloaded from http://www.dhamma.digital

वा व्यक्ति भन्ने सम्भेर म अग्लो हुँ, म पुड्को छुँ, म मोटो छुँ, म दुब्लो छुँ, म गोरो छुँ, म कालो छुँ, म राम्रो छुँ, म नराम्रो छुँ आदि तरिकाले कुरा गर्ने गर्दछन् । अर्को व्यक्ति पनि कालो, अग्लो, मोटो, दुब्लो, राम्रो, नराम्रो छ इत्यादि तरिकाले सोच्दछन्, कुरा गर्दछन् ।

वेदनालाई मुख्य बनाई सोच्ने, कुरा गर्ने अवस्थामा मानिसहरूले त्यस वेदनालाई लिएर; म सुखको अनुभूति गर्दछु । म दुःखको अनुभूति गर्दछु त्यो व्यक्ति सुख भोग्दछ, त्यो व्यक्ति दुःख भोग्दछ भनी सोच्दछन् कुरा गर्दछन् । त्यहाँ वेदना बाहेक सुख-दुःख अनुभव-अनुभूति गर्ने व्यक्ति नभएकोले 'म सुखको अनुभूति गर्दछु' भन्दाखेरि 'म' भन्ने त्यहाँ वेदनास्कन्ध हो ।

यसरी संज्ञा, संस्कार र विज्ञान स्कन्धहरूको सम्बन्धमा पनि आत्मवाद, पुद्गलवाद उत्पन्न हुनजाने तरिका बुझिलिनु पर्दछ ।

धेरै जसो आत्म संज्ञा उत्पन्न हुने यी रुपादि पञ्चस्कन्धको कारणले गर्दा हो । त्यसकारण यी पाँच प्रकारका स्कन्धहरूको सम्वन्धमा छुट्टाछुट्टै ज्ञान भएमा अथवा ती पञ्चस्कन्धका स्वभावहरू वेग्लाबेग्लै जानी लिएमा बुझिलिएमा आत्म संज्ञा, आत्म दृष्टि हटाउन सजिलो हुनजान्छ । त्यसकारणले नै बुद्धले भवचक्र भित्र पर्ने प्रतीत्यसमुत्पादाङ्ग-अविद्यादि धर्म समूह यी पाँच भागमा अन्तरगत हुने गरी देशना गर्नु भएको हो ।

तसर्थ यदि यो पञ्चस्कन्धको समूह शरीरलाई राम्ररी बुझिलिएको खण्डमा ती पञ्चस्कन्धहरू 'उत्पत्ति-स्थिति-भङ्ग' कसरी हुन्छन्, भैरहन्छन् र भैरहने छन् भन्ने कुरा प्रतीत्यसमुत्पाद धर्म पढ्दै जाँदा अथवा थाहा पाउँदै जाँदा सजिलैसित बुभ्न सकिने छ । त्यसकारणले नै यहाँ प्रतीत्यसमुत्पाद धर्मको व्याख्या गर्नुभन्दा पहिले यस पञ्चस्कन्धको सम्वन्धमा छोटकरीमा भए पनि व्याख्या गर्न जामर्को गर्दैछु ।



Downloaded from http://www.dhamma.digital

# प्रतीत्यसमुत्पाद विवरण

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"**

दान, शील आदि दश पारमिता, दश उपपारमिता, र दश परमत्थ पारमिता गरी तीस पारमिता पूर्ण गरेको धर्मबलबाट शीलरुपी पृथ्वीमा वीर्यरुपी चणद्वयले टेकी समाधिरुपी पाषाणमा धार लगाएको कर्मक्षयरुपी बञ्चरो श्रद्धारुपी हातले समातेर बोधिवृक्ष मुनि बस्नुभई अनादिकालसम्म संक्रमण गरिएको संसारचक्रलाई ध्वस्त पारी सर्बज्ञ हुनुभएका हाम्रा सम्यकसम्बुद्धको चरणकमलमा गौरवपूर्वक ढोग्दछु। उहाँले देशना गर्नु भएका परम गम्भीर प्रतीत्यसमुत्पाद धर्म संसार भव दुःखबाट मुक्त भइ निर्वाण सम्पत्ति साक्षात गर्न अभिलाषा गरेका सम्पूर्ण धर्मप्रेमी आफ्नो जनलाई निर्वाणमार्ग स्पष्ट पारिदिनको लागि मेरो ज्ञान-बुद्धिले भ्याएसम्म व्याख्या गर्दछु। ध्यानपूर्वक यो गम्भीर धर्म पढेर निर्वाण सम्पत्ति प्राप्त गर्न इच्छुक होऊन, उत्सुक होऊन र उत्साह गरुन्।

**"अविज्जा पच्चया संखारा, संखारा पच्चया विञ्ञाणं, विञ्ञाण पच्चया नापरुपं, नापरुप पच्चया सलायतनं, सलायतन पच्चया फस्सो, फस्स पच्चया वेदना, वेदना पच्चया तण्हा, तण्हा पच्चया उपादानं, उपादान पच्चया भवो, भव पच्चया जाति, जाति पच्चया जरामरणं सोक परिदेव दुक्ख-खन्धस्स समुदयो होति।"**

पाली भाषामा उल्लेखित यो प्रतीत्यसमुत्पाद देशना, विभङ्ग प्रकरणको प्रतीत्यसमुत्पाद विभङ्गमा देशित प्रतीत्यसमुत्पादको अनेक प्रकारका देशनाहरु मध्ये प्रथम देशना हो।



Downloaded from http://www.dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| अविद्याको | कारणबाट | संस्कार | सृजना | हुनजान्छ । |
| संस्कारको | " | विज्ञान | " | " |
| विज्ञानको | " | नामरुप | " | " |
| नामरुपको | " | षडायतन | " | " |
| षडायतनको | " | स्पर्श | " | " |
| स्पर्शको | " | वेदना | " | " |
| वेदनाको | " | तृष्णा | " | " |
| तृष्णाको | " | उपादान | " | " |
| उपादानको | " | भव | " | " |
| भवको | " | जाति | " | " |
| जातिको | " | जरामरण, शोक परिदेव, दुःख, दौर्मनस्य, | | |

उपायासहरू सृजना हुनजान्छ ।यसरी सबै प्रकारका दुःख-कष्टहरूको उत्पत्ति हुने गर्दछ ।

## प्रतीत्यसमुत्पादको अर्थः-

आगोले गर्दा धुवाँ जस्तै, विरुवाले गर्दा फल जस्तै आफूले गर्दा पहिले नभएको अन्य नयाँ पदार्थ जनित हुनलाई प्रत्यय वा कारण बन्ने कुरा वा धर्मलाई यहाँ प्रतीत्यसमुत्पाद भनेर भनिन्छ ।

अविद्या भएको कारणबाट त्रिविध संस्कारको* सृजना हुनजान्छ । तसर्थ संस्कारहरूका हेतु-प्रत्यय बन्न पुगेको वा भएको अविद्या प्रतीत्यसमुत्पाद हो । संस्कार हुँदा त्यसै कारणबाट विज्ञानको सृजना हुनजान्छ । तसर्थ संस्कार पनि प्रतीत्यसमुत्पाद हो । यसरी जरामरण आदि अविद्या तृष्णाहरूका कारण बन्ने भएकाले जरामरणादि पनि प्रतीत्यसमुत्पाद हुन । यसै क्रमबाट अविद्या देखि लिएर जरापमरण सम्म एक-अर्काको हेतु बनिरहने भएकोले एक-आपसको कारण बनी उत्पन्न हुने भएकोले त्यस अविद्यादि धर्महरूलाई प्रतीत्यसमुत्पाद भनिन्छ ।

**त्रिविध संस्कारः काय संस्कार, वची संस्कार, चित्त संस्कार*



Downloaded from http://www.dhamma.digital

एउटा ईटामाथि अर्को ईटा, एउटा ईटासंगै अर्को ईटा गर्दै जोडिदै लगेको अवस्थामा अग्ला हुँदै गएर ती ढुङ्गाको समूह वा संयोजन 'पर्खाल, भित्ता वा पिलर' आदि हुन्छ । तर, वेग्लाबेग्लै नामाकरण गरेता पनि ढुङ्गाका राशि सिमेन्त वा माटो बाहेक वास्तवमा 'पर्खाल, भित्ता वा पिलर' भन्ने त्यहाँ कुनै भिन्नै पदार्थ अरू हुँदैन । त्यसरी नै एक धर्मताको कारणबाट अन्य धर्म र त्यस धर्मताको कारणबाट पनि अन्यै धर्म उत्पन्न हुदै अविच्छिन्न रुपमा विद्यमान भैरहने अविद्यादि धर्म पर म्पराहरूलाई पनि भिन्नाभिन्नै नामाकरण नगरी सामूहिक रुपमा एउटै नामबाट 'स्त्री-पुरुष, देवी-देउता' भनेर चिन्दछौं । तर त्यहाँ पनि धर्म-परम्परा, धर्म-समूहविना यथार्थमा स्त्री-पुरुष, वा सत्व, प्राणी, व्यक्ति भन्ने छैन ।

'पर्खाल, भित्ता वा पिलर' भन्दा यर्थाथमा पर्खालादि नभई एक माथि अर्को गरी बाँधिएको वा राखिएको ईटाका रास भेट्टाए झैं स्त्री-पुरुष, मानिस, प्राणी, देवी वा सत्व भन्दा यथार्थमा त्यो कुनै पनि अरू नभई एक एक धर्म-धर्मताको कारण जनित धर्म-समूह मात्रै हो । त्यहाँ स्त्री-पुरुषादि भन्ने कुनै भिन्न वस्तु भेट्टाउने छैनौं । त्यसैले प्रतीत्यसमुत्पाद भन्नाले कुनै एक कारणले गर्दा अन्य कारणको सृजना गर्दै प्रतिस्थापित हुने 'धर्म-समूह' भन्ने बुझिन्छ ।

यसरी कुनै हेतुबाट कुनै फल हुन्छ र त्यही फल नै फेरि हेतु-प्रत्यय बनी अन्य फलको सृजना गर्नेछ । यही धर्मादि अविरल धर्म-समूहलाई अथवा हेतु-फलको अविच्छिन्न सम्बन्धतालाई प्रतीत्यसमुत्पाद भन्ने गरिन्छ। त्यसकारण प्रतीत्यसमुत्पाद धर्म हामीबाट टाढा अन्य स्थानमा व। कुनै अरू ग्रहमा नभई हामी आफै हौं अथवा सत्व वा व्यक्ति भनेर व्यवहार गर्ने पदार्थ नै हो । प्रतीत्यसमुत्पाद धर्म हामी नै भए पनि हामीलाई सत्व, प्राणी, व्यक्ति आदि पदार्थले आवरण गरिएकोले त्यो प्रतीत्यसमुत्पाद धर्म बुझ्नलाई वा अवबोध गर्नलाई गाह्रो र दुष्कर धर्म बनेको छ ।



Downloaded from http://www.dhamma.digital

## प्रतीत्यसमुत्पाद धर्म थाहा नपाउँदा हुने दोषः-

प्रतीत्यसमुत्पाद (धर्म) दुःखस्कन्ध अथवा दुःखचक्र अववोध हुने सिद्धान्त हो । प्रतीत्यसमुत्पाद धर्म नबुझ्दा संसारमा फंसेका सत्वहरू जाति, जरा, व्याधि र मरणादि दुःखहरू र नरकादि दुःखहरू बार-बार भोग्दै एक खम्बामा बाँधिएको गाई त्यस खम्बा वरिपरि नै घुमिरहेझैं यस भवचक्रमा घुमिरहन्छन् । कुनै रोग लागेको व्यक्तिले त्यस रोग वा रोगको निदान राम्ररी पत्ता नलगाउँन्जेल त्यसको उपचार गरेतापनि रोग निको पार्न नसकेझैं प्रतीत्यसमुत्पाद दुःखचक्र वा संसारचक्रको मूल कारण राम्ररी अवबोध नगरीकन; अविद्या-तृष्णादि भवचक्रका दुःखका मूल कारणहरू नष्ट नगरीकन त्यसबाट मुक्ति वा छुटकारा पाउन सकिने छैन । त्यसकारण गौतमबुद्धले एकपटक भिक्षु आनन्दलाई*– **"एतस्स आनन्द ! धम्मस्स अञ्ञाणा अननुबोधा अप्पटिवेधा एव मयं पजा तन्ताकुलक जाता गुला गुण्ठिक जाता मुञ्ज बब्बज भूता अपायं दुग्गतिं विनिपातं संसारं नाति वत्तन्ति ।"** "आनन्द ! यो प्रतीत्यसमुत्पाद धर्म नबुझ्नाले, थाहा नपाउनाले, अवबोध वा प्रतिवेध नगर्नाले यी प्राणीहरू (मुसाले काटेको) धागोको डल्लो झैं, मुञ्ज बब्वज नामको घाँस झैं, छिन्नभिन्न भएकोले दुःखबाट भरिएको यस संसारचक्रबाट छुट्कारा पाउन सकिंदैन । त्यस्तै प्रतीत्यसमुत्पाद नजान्ने व्यक्ति, श्रमण वा ब्राम्हण हुँदैन । र प्रत्यक्षरुपले लोकोत्तर मार्गमा लागेको हुँदैन ।" भन्नु भएको हो ।

**भिक्षु आनन्द : गौतमबुद्धका स्थायि उपस्थायक (सेवा उपस्थान गर्ने भन्ते)*

**त्रिबोधि : सम्यकसम्बुद्धत्व, प्रत्येक बुद्धत्व, अरहन्तभाव ।*



Downloaded from http://www.dhamma.digital

## प्रतीत्यसमुत्पाद थाहापाउनाको आनिशंसः-

त्रिबोधि* मध्ये कुनै एक बोधिबाट सबै ल्केशहरू क्षयगरी निर्वाण प्राप्तगरी विमुक्त हुन पाउनु नै प्रतीत्यसमुत्पाद थाहा पाउनाको प्रतिफल हो । गौतमबद्धले भन्नु भएको छ "**यतो खो भिक्खवे ! अरियसावको एवं पच्चयं पजानाति, पच्चय समुदयं पजानाति , पच्चय निरोधं पजानाति, पच्चय निरोधगामिनिं पटिपदं पजानाति, अयं वुच्चति भिक्खवे । अरियसावको दिट्ठिसम्पन्नो इति पि, दस्सन सम्पन्नो इति पि, आगतो इमं सधम्मं इति पि, सेखेन ञाणेन समन्नागतो इति पि, धम्मसोतं समापन्नो इति पि, अरियो निब्बेधिक पञ्ञो इति पि, अमत द्वारं आहच्च तिट्ठति इति पि ति**" "भिक्षुहरू हो ! कुनै कारण आर्यश्रावकले अविद्यादि प्रत्यय* थाहा पाउँदछ, प्रत्ययहरूको उत्पति कारण थाहा पाउँदछ, प्रत्ययहरूको निरोध (अन्त्य) थाहापाउँदछ । प्रत्ययहरूको निरोधमार्ग थाहा पाउँदछ, भिक्षुहरू हो ! कुनै आर्यश्रावक यी कारणहरूले मार्गज्ञान-दृष्टिले सम्पन्न हुन्छ, मार्गज्ञान-दर्शनले युक्त हुन्छ, लोकोत्तर सधर्ममा सम्प्राप्त हुन्छ शैक्ष* ज्ञानले युक्त हुन्छ । शैक्ष विद्याले पूर्ण हुन्छ मार्ग-धर्मादि स्रोतमा सम्प्राप्त हुन्छ । तृष्णा क्षय गर्ने प्रज्ञाले युक्त हुन्छ र निर्वाण (रुपी घरको) ढोकामा सम्प्राप्त भएको हुन्छ ।"

सबै बोधिसत्वहरू (बुद्धत्व प्राप्तिका लागि पारमिता पूर्णतामा लागेका महान् व्यक्तिहरू) लोकोत्तर बुद्धत्वमा प्रतिष्ठित हुने, चर्तुथ ध्यानबाट उठी (त्यसबाट आर्जन गरेका) ज्ञानलाई प्रतीत्यसमुत्पाद धर्ममा पठाई ती धर्महरू अनुलोम-प्रतिलोम* गरी दुवै तर्फबाट बोधगरी विदर्शना गरेर (ध्यानचक्षुले राम्ररी केलाएर हेरेर नै हो ।

बोधिसत्व चारित्रानुसार हाम्रा सिद्धार्थ गौतमले पनि बोधिवृक्ष मूलमा बसी आनपान स्मृति भावनामा तल्लीन भई ध्यानको सृजना

**प्रत्ययः हेतुकारक, उत्पत्ति हेतु, आधारित मूलकारण ।*

**शैक्षः समथ विदर्शना (ध्यान सम्बन्धि) ज्ञान निर्वाणाबोध ज्ञान ।*

**अनुलोभ प्रतिलोभः शुरु देखि अन्तसम्म, अन्तदेखि शुरुसम्म केलाएर हेर्नु ।*



Downloaded from http://www.dhamma.digital

गरी चतुर्थ ध्यानमा सम्प्राप्त भई त्यहाँबाट पनि माथि प्रतीत्यसमुत्पाद धर्मलाई विदर्शना गर्नुभयो । अहो ! यी प्राणीहरू दु:ख भोग्दछन् । फेरि जन्म लिन्छन्, जीर्ण हुन्छन्, मरिन्छन्, फेरिफेरि यिनीहरू जरा-मरणादि दु:खवाट मुक्त हुदैनन् । कहिले यो दु:खबाट मुक्ति पाउने छन् त ? के र कुन कारणले गर्दा यो जरा-मरण हुन्छ त ? भनी उहाँले प्रज्ञाद्वारा विचार विश्लेषण-अन्वेषण गर्दै जाँदा उहाँलाई जन्मले गर्दा जरा-मरण हुने तथ्यको विदर्शना भयो । त्यसपछि उहाँले के गर्दा, के हुँदा, कुन कारणले गर्दा जाति (जन्म) हुन्छ भनी विचार गर्नुभयो र, भव हुँदा भवको कारण जन्म हुन्छ भन्ने देख्नुभयो ।

त्यसपछि उहाँले के हुँदा, के कारणले भव हुन्छ भनी कल्पना गर्न थाल्नुभयो । त्यसबेला उहाँको प्रज्ञारुपी आँखाले उपादान* हुँदा उपादानको कारण भवको सृजना हुन्छ भन्ने देखे ।

त्यसपछि उहाँले के हुँदा कुन कारणले गर्दा उपादान हुन्छ भन्ने विचार गर्नुभयो । त्यसबेला तृष्णा हुँदा तृष्णाको कारण उपादानको सृजना हुन्छ भन्ने देख्नुभयो । र, उहाँले के हुँदा कुन कारणले तृष्णाको सृजना हुन्छ भनी विचार गर्दा वेदना हुँदा वेदनाको कारण तृष्णाको उत्पत्ति हुन्छ भन्ने ज्ञानानुबोध गर्नुभयो ।

तदनन्तर उहाँले के हुँदा, कुन कारणले गर्दा वेदना हुन्छ भनी विमर्शन गर्दै जाँदा स्पर्शको कारण वेदनाको प्रभव हुनजान्छ भन्ने कुरा प्रज्ञाद्वारा अवबोध गर्नुभयो । अनि के हुँदा कुन कारणले स्पर्श हुन्छ त भनी विचार गर्दा षडायतन* हुँदा षडायतनको कारण स्पर्शको सृजना हुनजान्छ भन्ने ज्ञान हासिल गर्नुभयो ।

त्यसपछि के हुँदा कुन कारणले षडायतन (पाली : सलायतन) को उत्पत्ति हुन्छ होला भनी सोच्दा नामरुप* हुँदा नामरुपको कारणले

*उपादान : कुनै पनि आलम्बनलाई दृढ गरी ग्रहण गरी राख्नु ।

*षडायतन : ६ वटा आयतनहरू; आँखा, कान, नाक, जिब्रो, काय (शरीर) र मन ।

*नामरुप : शरीर; पञ्चस्कन्ध । नाम : वेदना, संज्ञा, संस्कार , विज्ञान; रुप : रुपस्कन्ध ।



Downloaded from http://www.dhamma.digital

गर्दा षडायतनको उत्पत्ति हुनजान्छ भनी अवबोध गर्नुभयो । र, उहाँले के हुदाँ कुन कारणले नामरुप हुनजान्छ भनी विश्लेषण गरिहेर्दा विज्ञानको कारण नामरुपको सृजना हुनजान्छ भन्ने कुरा थाहा पाउनु भयो ।

त्यसपछि उहाँले के हुँदा, कुन कारणले गर्दा विज्ञान हुन्छ भनी कल्पना गर्दै जाँदा संस्कार हुँदा संस्कारको कारण विज्ञानको सृजना हुन्छ भन्ने कुरा वोध गर्नुभयो । र, के हुँदा, कुन कारणले संस्कारको उत्पत्ति हुनजान्छ त भनी प्रज्ञाद्वारा केलाउँदै जाँदा उहाँले अविद्याको कारण संस्कार बन्दछ भन्ने कुरा बोध गर्नुभयो ।

यसरी बोधिसत्वले आफूले पूर्णरुपले सम्पूर्ण गर्नुभएको पारमिता बलबाट अविद्याको कारण संस्कार, संस्कारको कारण विज्ञान, विज्ञानको कारण नामरुप, नामरुपको कारण षडायतन, षडायतनका कारण स्पर्श, स्पर्शको कारण वेदना, वेदनाको कारण तृष्णा, तृष्णाको कारण उपादान, उपादानको कारण भव, भवको कारण जाति, र जातिको कारण जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासादिको उत्पत्ति हुनजान्छ भनी पहिले नदेखेको, नसुनेको, थाहा नपाएको यो प्रतीत्यसमुत्पाद सम्वन्धी प्रज्ञाचक्षुको प्रादुर्भाव भयो । ज्ञानको प्रभव भयो । विद्याको उदय भयो । आलोकको उदय भयो ।

Dhamma.Digital

तदनन्तर बोधिसत्वले के नहुँदा जरामरण हुँदैन, के निरोध (अन्त्य) हुँदा जरामरणको निरोध हुन्छ होला भनी विचार गर्दा उहाँले आफ्नो प्रज्ञाले जाति (जन्म) नहुँदा जरामरण हुँदैन र जातिको निरोध नै जरामरणको निरोध हो भन्ने कुरा थाहा पाउनुभयो । यसरी उहाँले निरोध दर्शन पनि प्रज्ञाद्वारा प्रत्यक्ष गर्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| अविद्याको | निरोध(पूर्ण विनाश)ले | संस्कारको | निरोध | हुन्छ । |
| संस्कारको | " | विज्ञानको | " | " |
| विज्ञानको | " | नामरुपको | " | " |
| नामरुपको | " | षडायतनको | " | " |
| षडायतनको | " | स्पर्शको | " | " |



Downloaded from http://www.dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| स्पर्शको | " | वेदनाको | " | " |
| वेदनाको | " | तृष्णाको | " | " |
| तृष्णाको | " | उपादानको | " | " |
| उपादानको | " | भवको | " | " |
| भवको | " | जातिको | " | " |
| जातिको | " | जरामरण, शोक, परिदेव, दुःख, | | |

दौर्मनस्य, उपायासादिको निरोध हुन्छ ।

यसरी सर्व दुःखस्कन्धको निरोध हुन्छ भनी पहिले नसुनेको, नदेखेको प्रतीत्यसमुत्पाद धर्मको ज्ञान हासिल भयो । प्रज्ञाचक्षुको प्रादुर्भाव भयो । ज्ञानको प्रादुर्भाव भयो । प्रज्ञाको प्रादुर्भाव भयो । विद्याको प्रादुर्भाव भयो ।प्रकाशको प्रादुर्भाव भयो ।

यसरी ज्ञानानुबोध गर्नुभएको प्रतीत्यसमुत्पाद धर्म अनुलोम-प्रतिलोमबाट नै विदर्शना गरी क्रमश स्रोतापन्न, सकृतागामि, अनागामि, अर्हत भन्ने चार मार्गफल प्राप्त गरी संसारचक्रको विनाश गरी उहाँले बुद्धत्व प्राप्त गर्नुभयो । त्यसपछि उहाँले आफ्नो प्रीति बाक्य यसरी प्रकाश पार्नुभयो ।

**"अनेक जाति संसारं, सन्धाविस्सं अनिब्बिसं**
**गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं**
**गहकारकं दिट्ठोसि, पुन गेहं न काहसि**
**सब्बा ते फासुका भग्गा, गहकूटं विसंखितं**
**विसंखार गतं चित्तं, तण्हानं खय मज्झगा ।"**

"फेरि फेरि जन्म लिनु दुःख हो । संसार भित्र पुनः पुनः निर्माण हुने पञ्चस्कन्धरुपी घर बनाउने तृष्णारुपी कर्मी (ज्यामी) खोज्दै भेट्टाउन नसकी सयौं-हजारौं वर्ष जन्म लिदैं संसार घुमिरहें । हे तृष्णारुपी कर्मी, मैले तंलाई देखें । फेरि तिमिले मेरो लागि गृह निर्माण गर्न सक्दैनौं । तिम्रो ल्केशरुपी सबै ज्यावल(सामान)हरू मैले नष्ट ध्वस्त पारिसकें । अविद्यारुपी छाना मैले भत्काई (विनाश गरी) सकें । म निर्माण मार्गमा पुगिसकें । तृष्णा नभएको अर्हतफल मैले प्राप्त गरिसकें ।"



Downloaded from http://www.dhamma.digital

यसरी गौतमबुद्धले आफैले प्रत्यक्ष गर्नुभई हाम्रो भलोको लागि उपकारको लागि हाम्रो समक्ष राख्नुभएको यो गम्भीर धर्म बुझ्न, अवबोध गर्न उत्साह गरुन् । यहाँदेखि प्रतीत्यसमुत्पाद धर्म क्रमश शुरुदेखि अन्तसम्म विस्तृत व्याख्या गरिनेछ ।

## अविज्जा पच्चया संखारा:-

अवबोध (जानकारी) भएको तथ्य सही तथ्यको रुपमा जान्नु र बाहिरी रुपमा मात्र (भएको तथ्य) बाहिरी तथ्यको रुपमा जान्नु दुई भिन्ना भिन्नै प्रकारका हुन् । पराल आदिले बनेको मनुष्य-रुप देखी त्यो सक्कली मनुष्य होइन, नक्कली मनुष्य रुप मात्र हो भनी सही तथ्यलाई जान्नुलाई 'सही जानकारी' भनिन्छ भने त्यही रुपलाई टाढैबाट हेरेर त्यो मनुष्य रुप नै हो भनेर बाहिरी तथ्यानुसार मात्र जान्नुलाई 'गलत जानकारी' भनिन्छ । यी दुईमध्ये सही तरिकाले सही तथ्यको जानकारी पाउनुलाई नै 'विद्या' भनिन्छ । सत्य तथ्यबाट वञ्चित भई बाहिरी तथ्यलाई मात्र जानिलिनुलाई 'अविद्या' भनिन्छ । 'मोह' पनि यसको पर्यायवाची नाम हो । जसले गर्दा सत्य तथ्यलाई आवरण गरेर गलत तरिकाले मात्र जान्न लगाउँदछ । 'अविद्या' के हो भन्ने कुरो विभङ्ग पालिमा यसरी देखाइएको छ -"**तत्थ कतमा अविज्जा ? दुक्खे अञ्ञाणं, दुक्ख समुदये अञ्ञाणं, दुक्ख निरोधे अञ्ञाणं, दुक्ख निरोध गामिनिया पटिपदायं अञ्ञाणं, अयं वुच्चति अविज्जा ।**" दु:खको अवोध, दु:ख-कारणको अवोध, दु:ख निरोधको अवोध, दु:ख निरोध मार्गको अवोध भनी यी चार सत्यलाई नजान्नु र यी चार सत्यको ज्ञान नहुनुलाई नै यहाँ अविद्या भनिन्छ ।

दुखाइ अथवा दु:ख-वेदना सबैलाई थाहा छ । ती दु:खलाई नचिन्ने कुनै पनि प्राणी छैन । यहाँ दु:खको अर्थ हामीले सधैं भैं महसुश गर्ने ती दु:खकष्टहरू नभई जाति-जरा-व्याधि-मरण-शोकादिले ग्रस्त भएको र, दु:ख-दु:ख, विपरिनाम-दु:ख र संस्कार दु:ख त्रिविध दु:खले ग्रसित हुने भएकोले यो पञ्चस्कन्ध (शरीर) नै दु:ख हो । तर



Downloaded from http://www.dhamma.digital

सत्व-प्राणीहरूलाई त्यसको अनुभूति छैन । त्यसकारण यो पञ्चस्कन्ध (शरीर) राम्रो, असल, मधुर छ भनी सम्भन्छन् । त्यसकारण यहाँ अविद्याको अर्थ यो शरीर नै दु:खका राशि हुन् भन्ने नबुभ्नुलाई नै भनिन्छ ।

दु:ख-वेदना हुनुका धेरै कारणहरु हुन्छन् । शरीर भित्र भएको वातादि पनि दु:खको कारण बन्न सक्दछ । बाहिरी पदार्थले जस्तै ढुङ्गा आदिले लागेमा, प्रहार गरेमा, पिटेमा पनि ती सबै दु:खको कारण बन्न सक्दछ र, ती दु:ख-वेदनाहरु सबैलाई थाहा छ र त्यसका कारणहरु पनि थाहा हुन्छ । यहाँ दु:खको (कारण) उत्पत्ति कारण अविद्या भन्नु दु:ख-वेदनालाई वा दु:ख-वेदनाको कारण थाहा नपाउँनुलाई होइन कि सत्वप्राणी-पञ्चस्कन्ध, मात्र पञ्चस्कन्ध भनी नलिइकन 'म, मेरो, आमा, बुवा, छोरा, छोरी, दिदी, बहिनी, दाई, भाइ, आफन्तहरु, मित्रहरु, स्त्री-पुरुषादि' आत्मीयरुपले लिई ती 'पञ्चस्कन्ध'लाई माया गर्नुलाई भनिन्छ ।

'म', 'मेरो' भन्ने भावनाले माया गर्ने स्कन्धपञ्चकलाई कायमा राख्दै लैजाने प्रबल इच्छाले गर्दा मृत्युपछि पनि स्कन्ध परम्पराको अन्त्य नभई फेरि प्रादुर्भाव हुँदै विभिन्न लोकहरुमा उत्पन्न भई नयाँ स्कन्धहरु ती तृष्णा रहुन्जेल कायमै रहनेछन् । त्यसकारण स्कन्ध-शरीर दु:खको हेतु तृष्णा हो भनी बुद्धले भन्नु भएको छ । प्राणीहरुले ती तृष्णा दु:ख भित्राउने कारण भनेर होइन कि प्राणीहरुमा हुनुपर्ने गुण, असल गुण भनेर ती तृष्णा-आशालाई विनाअन्त्य कायमै राख्दछन् । त्यो दु:ख उत्पादन गर्ने कारण हो भन्ने ज्ञान उनीहरुलाई छैन । यहाँ दु:ख उत्पत्तिको कारण अविद्या भनेको त्यो तृष्णा नै दु:खको कारण यो हो भन्ने कुरा थाहा नपाउने अज्ञान नै अविद्या हो ।

कुनै कुरा दु:ख हो भने त्यो कुरा नहुनु नै सुख हो । दु:ख जति प्रबल र धेरै हुन्छ त्यत्ति नै दु:खको विनाश हुँदा पाउने सुख पनि प्रबल र धेरै हुन्छ । यहाँ प्रबल दु:ख नै पञ्चस्कन्ध दु:ख हो । त्यो भन्दा प्रबल दु:ख अरू छैनन् । त्यसकारण पञ्चस्कन्धको निरोध नै ठूलो सुख हो । ती पञ्चस्कन्ध (शरीर) निर्मूल (नष्ट) गरेमा पाउने सुख नै सबभन्दा प्रबल



Downloaded from http://www.dhamma.digital

र ठूलो सुख हो । तर मानिसहरू यो शरीरको विनाश हुनु वा अन्त हुनु नै दुःख हो, हानी हो, नराम्रो हो भनेर सम्भन्छन् र ती पञ्चस्कन्ध निर्मूल गर्न वा पार्न डराउँदछन् । यहाँ दुःख निरोधको ज्ञान नहुनु भन्नु नै यो पञ्चस्कन्धको निरोध नै उत्तम र सुख हो भनेर थाहा नपाउँनु हो ।

दुःख निरोध-निर्वाण प्राप्त गर्ने एउटै मार्ग भएको 'शील-समाधि-प्रज्ञा' त्रिशिक्षा अनुगमन गर्नु, परिपूर्ण गर्नु सुख प्राप्त हुने मार्ग होइन कि दुःख पाउने मार्ग भनेर मानिसहरू सम्भन्छन् । र, त्यसको लागि घर, परिवार, सम्पत्ति आदि त्यागेर श्रमण-धर्म गर्न जानु पनि ठूलो दुःख भनी सोच्दछन् र त्यसरी जीवन विताउनु भविष्यमा पनि धेरै पाउने दुःखराशि हुने मार्ग मात्र भनेर सम्भन्छन् । त्यसकारण प्राणीहरू निर्वाणमा पुग्ने मार्गमा लाग्न डराउँदछन् । त्रिशिक्षाको पालना गर्दैनन् । त्यसको पालना गर्नु नै मूर्खता हो भनेर सम्भन्छन् ।त्यसको विपरीत प्राणघात, चोरी, व्यभिचार, भूठ, मद्यपानादि क्रियाकलापमा संलग्न हुँदै जीवन यापन गर्नाले नै सुख प्राप्ति हुन्छ भन्ने सम्भेर त्यसमा मात्र लागी रहन्छन् । यहाँ दुःख निरोधको मार्ग नजान्नु भन्नाले सुख प्राप्त गर्ने मार्गको बारेमा भएका भ्रम वा गलत धारणा-विचारहरूलाइ नै जनाउँदछ ।

Dhamma.Digital

संस्कार शब्द विभिन्न अर्थमा प्रयोग गरिन्छ । **'अनिच्चावत संखारा'** यहाँ संस्कार भन्नाले प्रत्ययहरू (कारण) बाट उत्पन्न धर्महरू (फल) लाई भन्ने बुझिन्छ । **'अविज्जा पच्चया संखारा'** यहाँ संस्कार भन्नाले पुण्य वा पापलाई भन्ने बुझिन्छ । भविष्यमा फल दिने धर्महरूको अर्थले सत्व-प्राणीहरूको क्रियाकलापहरू, संकल्पहरूलाई पनि संस्कार भनिन्छ । विभङ्ग पालिमा - "**तत्थ कतमे अविज्जा पच्चया संखारा ? पुञ्ञाभी संखारो, अपुञ्ञाभी संखारो, आनेञ्जाभी संखारो, काय संखारो, वची संखारो, चित्त संखारो** ।"एक किसिमले पुण्याभि

* *कामावचर : काम भवमा जन्मनको निमित्त गरिने कामहरू मध्ये आठवटा कुशल/अरू १२ वटा अकुशल पनि छन् । र, कामलोक ११ वटा छन् ।*

* *रुपावचर : रुप भवमा जन्मनको निमित्त गरिने पाँचवटा कुशल कर्महरू/रुपलोक १६ वटा छन् ।*



Downloaded from http://www.dhamma.digital

संस्कार, अपुण्याभि संस्कार र आनेन्जाभि संस्कार हुन्छ भने अर्को किसिमले कायसंस्कार, वचीसंस्कार र चित्तसंस्कार भनेर देखाइएका छन् । त्यहाँ दान-शील-भावनादि कामावचर* कुशल चेतना र रूपावचर* कुशल चेतना पुञ्ञाभि संस्कार हो । कामावचर अकुशल चेतना अपुञ्ञाभि संस्कार हो । र, अरूपावचर कुशल चेतना चाहिं आनेञ्ज संस्कार हो ।

आनेञ्ज भन्नाले अचल वा यता-उता नजाने भन्ने बुझिन्छ । रूपावचर कुशल चाहिं समाधि-विरोधी धर्महरुको समीप रहेको हुन्छ । अरूपावचर कुशल चाहिं समाधि-विरोधी कामच्छन्दादि धर्मबाट टाढा भएको हुन्छ । त्यसलाई शत्रुहरूले सजिलै चलाउन सक्दैनन् । र, अरुपावचर कुशलले उत्पन्न गराउने भव पनि कहिल्यै नचल्ने सूक्ष्म भव भएको हुँदा कुनै कारणले पनि चालित हुँदैन । तसर्थ नचल्ने र अचल भव पनि निर्माण गर्ने भएकोले त्यस संस्कारलाई आनेन्ज संस्कार भनिन्छ ।

काय संस्कार भन्नाले शरीर उपकरण गरी तिनको आधारले सञ्चय हुने कर्महरू गर्ने कुशलाकुशल चेतनाहरू भन्ने बुझिन्छ । फूल पूजा गर्नेले त्यो क्रिया फूल हातले लिएर पूजासनमा राखेर अन्त्य गर्दछ । हातको उपकार(आधार) विना, मात्र फूल पूजा गर्ने चेतनाले त्यो क्रिया पुरा हुन सक्दैन । त्यसकारण शरीराङ्गको आधार लिएर गर्ने कुनै पनि क्रियालाई कायसंस्कार भनेर भनिन्छ । फूल पूजा गर्नु जस्तै प्राणघातादि पनि शरीर कै आधार लिएर सिद्ध गर्नु पर्ने भएकोले ती क्रियाहरू सबै कायसंस्कार भनिन्छ । त्यस्तै प्रकारले वचनको आधारले गर्ने क्रियाहरूलाई वचीसंस्कार र मैत्री गर्ने, इर्ष्या गर्ने आदि राम्रो वा नराम्रो चेतनाहरूलाई चाहिं चित्तसंस्कार भनिन्छ ।

यसरी प्रत्यहरूबाट सृजना हुने संस्कार दुई प्रकारले देखाइएतापनि धर्मानुसार त्यसमा भिन्नता देखिंदैन । पुञ्ञाभी संस्कार, अपुञ्ञाभी संस्कार र आनेञ्ज संस्कार भनेर लिए पनि संस्कारहरु सबै समावेश हुन्छन् । त्यस्तै काय-वची-चित्त संस्कार भनेर लिएता पनि संस्कारहरू सबै भित्रिन्छन् । फेरि शरीराङ्गको आधारमा गरिने पुञ्ञाभी-अपुञ्ञाभी



Downloaded from http://www.dhamma.digital

संस्कारहरू सबै काय संस्कार हुन । वचनको आधारमा गरिने पुण्य-अपुण्य सबै संस्कार वची संस्कार हन् । र, शरीर र वचनको आधार विना सिद्ध हुने अरू पुण्य-अपुण्य तथा आनेन्ज संस्कारहरू सबै चित्तसंस्कार हुन् ।

## अविद्याको कारण संस्कारको सृजना कसरी हुन्छ ?

अविद्याको स्वभाव सत्यलाई छोप्ने भएको हुनाले यो अन्धकार हो । र, अविद्याको स्वभाव यथार्थतालाई ढाक्ने भएको हुनाले यो रंगीन चस्मा पनि हो । जसरी नीलो  चस्माले हेर्दा विश्व नै नीलो देखिन्छ । त्यसरी नै अविद्या-मनले आफ्नो शरीर वा विश्वलाई हेर्दा वा चिन्तन गर्दा त्यो यथार्थमा होइन कि अविद्यारूपी ऐनानुसार नै अन्यावस्थामा देखिन्छ । दु:ख सत्यलाई आवरण गर्ने अविद्यायुक्त मनले आफ्नो वा अर्काको स्कन्धहरू हेर्ने व्यक्तिलाई जाति-जरा-व्याधि-मरणादि अग्निले ढाकिएको, त्यही अग्नि-जालको माझमा आगोको मुश्लोझैं रहेको, कुनै अस्तित्व नरहेको, निरन्तर दु:ख भित्राउने यस शरीरलाई परम सुन्दर वस्तुझैं देख्छ, विश्वमा विद्यमान रहेको सबभन्दा उत्कृष्ट चीजझैं देख्छ । त्यसरी देखिन  थालेपछि स्व-शरीर, पञ्चस्कन्धप्रति आसक्त हुनजान्छ, माया-मोह लाग्न थाल्दछ र अन्य शरीर वा पञ्चस्कन्धप्रति पनि त्यत्तिकै वा अलि कम मात्रामा भए पनि आसक्त हुन र माया लाग्न थाल्दछ ।

समुदय सत्यलाई छोप्ने मोह अप्रहीण (अनष्ट) भएकोले त्यो आसक्ति र माया दु:खोत्पत्तिको कारण भनेर देखिंदैन र त्यसो जस्तो लाग्दैन पनि । त्यस व्यक्तिलाई त्यो आसक्ति र माया सुखोत्पत्तिको कारण जस्तै लाग्दछ । त्यसलाई नै 'उत्तम' भन्ने व्यक्तिलाई कहिलेकाहीं 'म छोरा-छोरीलाई माया गर्ने, ज्ञातिबन्धुलाई माया गर्ने, मित्रहरूलाई-देशलाई-जातिलाई माया गर्ने व्यक्ति हुँ' भन्ने स्वाडम्बर र स्वाभिमान मनमा उत्पन्न हुन थाल्दछ । र, त्यस्तो माया-मोह नभएकालाई हेला गर्ने, खिस्सी गर्ने पनि हुन्छ । त्यसकारण यथार्थताबाट टाढा भएका



Downloaded from http://www.dhamma.digital

मोहादिले ग्रस्त भएका व्यक्तिलाई दुःखको खानी भएको यो शरीर-पञ्चस्कन्धको विद्यमानता नै अहो-सुख ठान्दछ ।

दुःख निरोध गामिनि प्रतिपदा अर्थात मार्ग सत्य आवरण गर्ने, छोप्ने अविद्याको कारण प्राणीहरूले यो शरीर-पञ्चस्कन्ध (दुःखस्कन्ध) विद्यमान राख्न, स्थिरता कायम राख्न, सुखमय बनाउन र फेरि फेरि पनि प्राप्त गर्नको लागि सिद्ध गर्ने क्रिया समूह-क्रियामार्गलाई सुख पाउने मार्गझैं सम्झन्छन्-देख्दछन् । अविद्याको कारण सृजना हुने यो गलत विचारधाराले गर्दा मानिस-प्राणीहरूले स्कन्ध (शरीर) पोषणार्थ, रक्षनार्थ काम गर्न थाल्दछन् । ती क्रियाहरू अविद्याको कारण उत्पन्न हुने संस्कार हुन् ।

अविद्याले मोहित भएका प्राणीहरू आफ्नो शरीर-पञ्चस्कन्ध पोषण गर्न, सुखमय बनाउन, सौभाग्यशाली बनाउन र साथै आफ्नो परिवार, ज्ञातिबन्धु, मित्रादिलाई सुखी-खुसी तुल्याउन कुनै पनि अवस्थामा कुखुरा-खसी-बोका आदि विभिन्न जनावरहरू काट्दछन्, काट्न लगाउँदछन् । अरूको धन-सम्पत्ति चोर्दछन्, चोर्न लगाउँदछन् । छलकपट, बल-शक्ति प्रयोग गरेर लिन्छन्, लिन लगाउँदछन् । परस्त्री-परपुरुष गमन गर्दछन् । सुरापान-मद्यपान गर्छन्, गराउँदछन् । असत्य-झूठ बोल्दछन्, बोल्न लगाउँदछन् । कुरा काट्छन्, कुरा लगाउँदछन् । अरूको सम्पत्तिमा आशा राख्छन् । इर्ष्या गर्छन् । मिथ्या दृष्टि लिन्छन् । यी सबै अविद्याको कारण वर्तमान स्कन्धले उत्पन्न गर्ने अपुञ्ञाभी (पापमय) संस्कार, अकुशल संस्कार हुन् ।

मानिसहरू कहिलेकाहीं यो जीवन सफल र उज्ज्वल बनाउन (पार्न) भनेर देवी-देउताहरू खुसी तुल्याउन विभिन्न पूजा-आजा गर्दछन्, गराउँदछन् । अरूलाई खुसी राख्न वा पार्न दानादि पुण्य गर्दछन्, गराउँदछन् । ग्रहदोषादि हटाउन पुण्य गर्दछन् । प्राणघात, चोरी आदि अकुशल क्रियाहरूबाट टाढा रहन्छन् । यी सबै वर्तमान पञ्चस्कन्धको सम्बन्धमा पुञ्ञाभी संस्कार(पुण्य) उत्पन्न हुने आकार (तरिका) हो ।

धर्म श्रवण गरेर, सत्पुरुषहरूको सत्संगतले, दानादि पुण्य क्रियाले



Downloaded from http://www.dhamma.digital

भविष्यमा देव-मनुष्य सम्पत्ति लाभ गर्न सकिन्छ भन्ने कुरा थाहा भएकाहरूले देव-मनुष्य सम्पत्ति प्राप्तिको लागि दान दिन्छन् । प्राणघातादिबाट टाढा रहन्छन् । आमा-बुवालाई सत्कार सम्मान गर्दछन् । मैत्री भावना गर्दछन् । रूपारूप ब्रम्ह सम्पत्तिको बारेमा सुनेकाहरूले ध्यान-भावनादि गर्दछन् । यी सबै अनागत (भविष्य) स्कन्ध सम्बन्धमा अविद्याको कारण पुञ्ञाभी संस्कार र आनेञ्जाभी संस्कार उत्पन्न हुने तरिका हुन् ।

अविद्याको कारण संस्कार उत्पन्न हुन्छ र संस्कारको सृजना हुन अविद्या नै एकमात्र हेतु हो भनेर बुझ्निलिनु हुँदैन । अविद्याले अरू प्रत्ययहरू (फल) को पनि सृजना गर्दछ । र, अर्कोतिर संस्कारहरूको सृजना हुनमा पनि अन्य कारणहरू हुन सक्दछन् ।

चामल, पकाउने व्यक्ति, चुलो, दाउरा (इन्धन), आगो, भाँडा आदि बस्तुहरु 'भात' बन्नको लागि हेतु हुन जान्छ । तर पकाउने व्यक्ति, भाँडा, चुलो, दाउरा, आगो इत्यादि भएता पनि यदि कृषकले खेती गरी चामल उत्पादन नगरेको खण्डमा अरू उपकरण वा उपकारक बस्तु भएर मात्र 'भात' पकाउन सकिँदैन । त्यसकारण कृषकको खेती नै 'भात' बनाउनुमा मूल कारण हो भन्नु पर्दछ । त्यस्तै सत्पुरुषको संगत, असत्पुरुषको संगत सधर्म श्रवण, अधर्म श्रवण, योनिसो-मनसिकार*, अयोनिसो-मनसिकार, बस्तुहरूको आलम्बन आदि कारणहरू भए पनि यदि अविद्या प्रहीण (नष्ट) भएको छ भने ती हेतुहरू संस्कार बनाउन सक्षम हुँदैनन् । हुनुपर्ने अन्य कारणहरूमा केही कमी भए पनि यदि अविद्या छ भने संस्कार उत्पन्न हुनेछ । त्यसकारण अविद्या संस्कारोत्पत्तिको मूल कारण हुनेछ । विद्यमान कारण पनि हुनेछ । विञ्ञाणादिको हेतु तत्वलाई पनि यसरी नै लिनु पर्दछ । यसरी मूल कारण मात्र लिएर व्याख्या गर्दा प्रतीत्य समुत्पाद प्रष्ट, संक्षेप र श्रावकहरूलाई सजिलै बुझ्न सकिने, धारण गर्न सकिने 'देशना' हुनेछ ।

*योनिजो मनसिकार :
अयोनिसो मनसिकार : } *अभिधर्ममा प्रयोग गरिने आवर्जित मन वा चित्त ।*



Downloaded from http://www.dhamma.digital

अविद्या अकुशल हो र निश्चय नै अनिष्ट विपाक ल्याउनेछ। कुशल विरूद्ध भएको अविद्याले आफ्नो समान अकुशललाई छोडी आफ्नो विरोधमा पर्ने पुण्याभि संस्कार र आनेञ्ज संस्कारको कारण (हेतु) किन बन्दछ भन्ने जिज्ञासा यहाँ उठ्न सक्दछ।

विश्वमा कुनै पनि हेतुको कारण उत्पन्न हुने फल त्यस हेतु अनुसार नै हुनुपर्दछ भन्ने छैन अर्थात त्यस समान फल सृजना गर्दछ भन्न सकिंदैन। कहिलेकाहीं त्यस विरोध पर्ने फलको पनि सृजना गर्न सक्दछ। जस्तै; दुर्गन्धित फोहोर-हिलोको माटोबाट सुगन्धित-वर्ण भएको पवित्र कमल (फूल)को उदय हुन्छ। काठले (दाउरा) आफ्नो विनाश गर्ने आगोको नै सृजना गर्दछ। त्यसकारण अविद्याको कारण पनि त्यस विरूद्ध भएको कुनै पनि फल (पुञ्ञाभि/आनेञ्ज संस्कार)को सृजना हुन्छ भन्नुमा कुनै दोष नहोला।

प्रकृतिवादीले 'प्रकृति' र देववादीले 'सृष्टिकर्ता-देवता'को कल्पना गरे जस्तै अविद्या कुनै कारणविना स्वतः उत्पन्न धर्म होइन। अविद्यालाई मूल-मुख्य रूपमा प्रतीत्यसमुत्पाद देशनामा व्याख्या गरिएको छ। चक्रझैं गाँसिएको धर्म समूहको व्याख्या जहाँबाट पनि शुरूवात गर्न सकिन्छ। प्रतीत्यसमुत्पाद पनि एक धर्म-चक्र भएकोले यसको वर्णन जहाँबाट पनि प्रारम्भ गर्न सकिन्छ। त्यसकारण यस सम्बन्धमा सयौं सूत्रहरू त्रिपिटकभित्र पाइन्छ। निदानवग्ग संयुक्तमा मात्र सयभन्दा बढी छन्। त्यस्तै विभङ्ग पालिमा पनि धेरै छन्। यहाँ व्याख्या गरिएको सूत्र चाहिं विभङ्ग प्रकरणमा आउने एक अविद्यामूल प्रतीत्यसमुत्पाद हो।

प्रतीत्यसमुत्पादका अङ्गहरूमा अविद्या र तृष्णा द्वय मूल मानिन्छन्। मादक पदार्थले मात लागेका व्यक्तिहरूले आफूलाई अहित-हानि हुने काम गरेझैं अविद्याले मूढ भएका व्यक्तिहरूले पनि आफूलाई अहित-हानि हुने काम पापक्रियाहरू गर्ने हुनाले अविद्या दुर्गतिगामी कर्मको विशेष कारण बन्दछ। भवतृष्णा*ले ग्रसित भएका व्यक्तिहरूले

*भव तृष्णा : काम, भव, विभव भन्ने त्रिविध तृष्णा मध्येको एक हो। आफ्नो अर्को जन्म राम्रो ठाउँमा होस् (दिव्य, ब्रम्हलोकादिमा) भनि लिने इच्छा, आशा।



Downloaded from http://www.dhamma.digital

पछि राम्रो जन्म लिन पुण्य गर्ने भएकोले तृष्णा सुगतिगामी कर्महरू मध्ये विशेष कर्म बन्दछ । (तर तृष्णाको कारण सुगतिगामी भन्दा दुर्गतिगामि कर्महरू बन्दछ भन्ने कुरा भुल्नु हुँदैन ।) यसरी दुर्गति-सुगतिगामी कर्महरूको विशेष हेतु-कारक बन्न पुग्ने हुनाले अविद्या र तृष्णा द्वय मूल-प्रधान धर्म भनिन्छन् ।

ती दुई मुख्य कारण भएकाले गौतमबुद्धले कहीं अविद्याबाट र कहीं तृष्णाबाट प्रतीत्यसमुत्पाद देशना शुरू गर्नु भएको छ । यसको मतलब यहाँ अविद्याको वा तृष्णाको कुनै कारण छैन (अहेतुक) अथवा यिनिहरू मध्ये कुनै एउटा सर्वप्रथम उत्पन्न भएको हो भन्ने होइन । यी पनि अरू संस्कार धर्म जस्तै हेतु-प्रत्यय मिली उत्पन्न हुने गर्दछन् । संसारचक्र छिनेर दुःखबाट मुक्त भई निर्वाणगामी हुनलाई यी दुई (अविद्या-तृष्णा) मुख्य हेतुको प्रहीण वा (नाश) गर्नुपर्दछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# I. संखारा पच्चया विञ्ञाणं :-

विभङ्ग पालिमा छ प्रकारका विज्ञानहरूको उल्लेख गरिएको छ जुन संस्कारको हेतु द्वारा उत्पन्न हुन्छन् । "**तत्थ कतमं संस्कार पच्चया विञ्ञाण ? चक्खु विञ्ञाणं, सोत विञ्ञाणं, घाण विञ्ञाणं, जिव्हा विञ्ञाणं, काय विञ्ञाणं, मनो विञ्ञाणं, इदं वुच्चति संखार पच्चया विञ्ञाणं ।**" ती छ प्रकारका विज्ञाणहरू हुन् - चक्षु विज्ञान, स्रोत विज्ञान, घ्राण विज्ञान, जिव्हा विज्ञान, काय विज्ञान र मनो विज्ञान । यहाँ विञ्ञाण वा विज्ञान भन्नाले कुनै पनि चीजको जानकारी पाउने वा थाहा पाउने मानसिक तत्व भन्ने बुझिन्छ ।

चक्षु विज्ञान भन्नाले देखिने, स्रोत विज्ञान भन्नाले सुनिने भन्ने बुझिन्छ । त्यस्तै गन्ध थाहा पाउनुलाई घ्राण विज्ञाण, रस (स्वाद) थाहा पाउनुलाई जिव्हा विज्ञान,स्पर्श थाहा पाउनुलाई काय विज्ञान र चेतना थाहा पाउनुलाई मनो विज्ञान भनिन्छ । विज्ञान सामान्यरुपमा एउटै भए पनि कुशल, अकुशल र अव्याकृत तीन प्रकारका हुन्छन् । ती मध्ये यहाँ अव्याकृल विज्ञान लिइन्छ । त्यो पनि क्रिया र विपाक भनिने दुई प्रकार का हुन्छन् । यहाँ ती मध्ये विपाक विज्ञान लिइन्छ ।

चार सत्य ( दु:ख, समुदय, निरोध र मार्ग ) थाहा नपाउनाले संस्कारादि कुशलाकुशल कर्महरू संचय गरेको व्यक्ति मरेपछि उत्पन्न भइरहेको कर्मको कारणले त्यस कर्मानुरुप कुनै पनि स्थानमा मनोविज्ञानको सृजना हुनजान्छ । कुनै भव (जाति)मा सर्वप्रथम उत्पन्न हुने मनोविज्ञानलाई प्रतिसन्धि विज्ञान भनिन्छ । त्यस प्रतिसन्धि विज्ञानको सृजना भएपछि प्राणीहरू दोस्रो भवमा उत्पन्न भएको वा पुगेको अथवा अर्को जन्म लिएको भनिन्छ । अतीत कर्मको कारणले अन्य स्थानमा विज्ञानको उत्पत्ति, अस्तित्वमा आएका प्राणीहरूको पुन: पुन जन्मको बारेमा बुझ्न धेरै कठिन र दुष्कर छ । त्यस्तै यो प्रतित्यसमुत्पाद पनि ।



Downloaded from http://www.dhamma.digital

कुनै बखत भिक्षु आनन्दले गौतम बुद्ध संग सोध्नु भयो "भन्ते, भगवान ! अचम्म लाग्छ ! मलाई त यो प्रतीत्यसमुत्पाद धर्म एकदम सरल र बुझ्न सजिलो देखिन्छ। तब गौतम बुद्धले -" मा हेवं आनन्द ! अवच ,मा हेवं आनन्द ! अवच" "आनन्द ! त्यसो नभन, आनन्द ! त्यसो नभन " भन्नु भयो । यो धर्म धेरै गम्भीर छ, बुझ्नलाई कठिन छ । यसैलाई बुझ्न नसक्नाले नै मानवहरू संसार-दु:खबाट मुक्त हुन सकेका छैनन् ।

यस्तो गम्भीर धर्ममा पनि यो अवस्था (संखारा पच्चया विञ्ञाणं) धेरै नै गम्भीर छ । प्राणीहरू फेरि फेरि जन्म लिन्छन् ? होइन भने मरणोपरान्त प्राणीको समस्त अस्तित्व र अस्मिता नै पूर्णत: समाप्त हुन्छन् । यसरी विचार गर्नेलाई फेरि फेरि जन्म हुन्छ भन्ने बुझ्न धेरै नै कठिन हुन्छ । विश्वमा यदाकदा कसै कसैलाई आफ्नो पहिलैका जमको बारेमा सम्झन सक्ने शक्ति नयाँ जन्म संगै पाएको पनि देखिन्छ । उनीहरूलाई त्यहाँबाटै पुनर्भव छ भन्ने तथ्य स्पष्ट हुनजान्छ । कसैलाई आफ्ना वितिसकेका ज्ञातिबन्धुहरू अमनुष्य भएर दु:ख दिन थाल्दछ भने कसैलाई उपकार गर्न थाल्दछ र त्यस्तो व्यक्तिलाई पनि पुनर्भव रहेछ भन्ने स्पष्ट थाहा हुन्छ । ध्यान-भावना गरी पूर्वेनिवासानुस्मृति ज्ञान परचित्तविजानन ज्ञान(अतीतको स्मृति गर्न सक्ने शक्ति र अरूको मन जान्न सक्ने शक्ति) जस्ता विशेष ज्ञान प्राप्त गरेकालाई पनि पुनर्भवको प्रत्यक्ष ज्ञान हुन्छ । अर्को कुरा पुनर्भव छ भन्ने मान्ने व्यक्तिलाई र विश्वास गर्नेहरूलाई पनि त्यो कसरी हुन्छ (सिद्ध हुन्छ) भन्ने कुरा बुझ्न र जान्न भने धेरै नै कठिन छ। त्यसैकारण पुनर्भवका विश्वासीहरूलाई पनि कसैले 'प्राण' भन्ने तत्व एक शरीरबाट अर्को शरीरमा जानाले पुनर्भव (पुर्नजन्म) सिद्ध हुन्छ भन्ने दृष्टि राख्दछ भने कसैले 'आत्मा' भन्ने तत्व एक शरीरबाट अर्को शरीरमा स्थानान्तरण हुनुलाई नै पुनर्भव भन्ने दृष्टि राख्दछ । कसैले 'नित्य विज्ञान' तत्व पुरानो शरीरबाट नयाँ शरीरमा प्रवेश गर्नु नै पुनर्भव हुनु हो भन्ने दृष्टि राख्दछ ।

यो शरीरबाट पुनर्भवमा जाने 'नित्य तत्व' छ भन्ने 'दृष्टि'लाई गौतम बुद्धले "शाश्वत दृष्टि" हो भन्नु भएको छ। त्यस्तै पुनर्भव नैं छैन



Downloaded from http://www.dhamma.digital

भन्ने 'दृष्टि'लाई पनि 'उच्छेद दृष्टि' हो भन्नु भएको छ । तर तथागतले देखाउनु भएको सत्य यी दृष्टि द्वय भन्दा फरक छ । त्यसकारण उहाँले भन्नु भएको छ- **"सब्बं मत्थिति खो कच्चान ! अयमेको अन्तो, सब्बं नत्थि ति अयं दुतियो अन्तो, एते खो कच्चान ! उभो अन्ते अनुपगम्म मज्झेन तथागतो धम्मं देसेति ।"** कच्चायन ! सबै छ भन्ने शाश्वत दृष्टि एक अन्त हो । सबै छैन भन्ने उच्छेद दृष्टि अर्को अन्त हो । कच्चायन ! यी अन्त द्वयमा नगई तथागतको मध्यम मार्गको धर्म देशना हो । तथागतको देशनानुसार वर्तमान मानव वा प्राणीबाट कुनै पनि भाग (अङ्ग) अनागत (भविष्य) भवमा जाँदैन । तर पनि पुनर्भव सिद्ध हुन्छ । वर्तमान भवबाट केही पनि स्थानान्तरण नभई हुने पुनर्भवलाई बुझ्नु त्यत्तिको सजिलो कार्य होइन । तसर्थ बुझ्ने कोशिश गर्नुपर्दछ । बुझेपछि त्यो व्यक्ति साच्चै नै बौद्ध बन्ने छ ।

## पुनर्भव(पुर्नजन्म) हुने तरिकाः-

मन र शरीर (चित्तकाय) मानवका (प्राणीका) दुई अङ्ग हुन् । मन शरीरको आश्रय लिई बस्दछ । फेरि शरीर मनको कारण मनानुसार विद्यमान रहन्छ । ती दुईमध्ये मन (चित्त) कुनै वस्तु चीज नभई क्रिया-विशेष हो । त्यसकारण सबै मन आँखा झिम्काउँदा लाग्ने समयभन्दा पनि कम समयभित्र उत्पन्न भई विनाश हुनजान्छ । जनित चित्त (मन) विनाश हुनासाथ 'बगिरहेको खोला एक पछि अर्को गर्दै कुनै अन्तर विना एकैनासले बगिरहने एउटै खोलाझैं' अर्को चित्त उत्पन्न हुन्छ । र, एकपछि अर्को गर्दै उत्पन्न हुने चित्त परम्परा मनको एक प्रक्रिया विशेष हो । यो चित्त परम्परा दीर्घ लहरझैं छिन्नभिन्न नभइकन नै अन्तिम अवस्थामा, निर्वाणमा नपुगेसम्म रहिरहन्छ ।

एक चित्त निरुद्ध भएपछि (एउटा मनको अन्त भएपछि) रूखको हाङ्गाझैं एकैसाथ चित्त चार-पाँच वटा उत्पन्न हुँदैन । त्यस्तै एक प्राणी एकै प्राणी भैरहन्छ र भिन्न दुई-तीन जना बन्दैन । फेरि फेरि जन्म लिने प्राणीहरूको एक-अर्को शरीरसंग पनि केहि सम्बन्ध हुँदैन ! मात्र, चित्त



Downloaded from http://www.dhamma.digital

परम्पराको सम्बन्ध हुन्छ । कुनै व्यक्तिको मरणपछि त्यो स्वर्गमा जन्मलिन पुग्यो भन्नु नै कुनै देवताको शरीर आश्रय गरी बस्ने 'मन' पहिलो व्यक्तिमा निश्रय लिई बस्ने 'मन' एउटै चित्त परम्परा नै भएकोले हो ।

वर्तमान शरीरबाट कुनै अङ्ग अनागत भवमा नगई फेरि जन्म कसरी हुन्छ ? सत्व शरीरमा हृदय कोष भित्र आश्रय लिई रहने विज्ञान धातुलाई आधार स्थान हुने एक प्रकारको धातु अङ्ग हुन्छ । त्यसलाई अभिधर्म प्रकरणमा वस्तुरुप र हृदय (हदय) भनेर व्यवहार गरिएको छ । यो वस्तुरुप पनि विज्ञान धातुझैं उत्पत्ति-विनाश हुँदै परम्परागत रुपमा रहिरहन्छ । हृदयकोष भित्र रगत स्थिर रुपमा रहँदैन । निरन्तर रुपमा एक ठाउँबाट भित्र पसि अर्को ठाउँबाट बाहिर निस्किरहन्छ । तर 'हृदय रुप' भन्ने धातु विशेष चाहिं हृदय कोषमा भएको रगतसंग नै रहिरहन्छ । त्यहाँबाट रगतको साथै त्यसको निष्क्रमण हुँदैन । त्यसकारण 'वस्तुरुप' हृदयकोष भित्र नै रहन्छ भन्ने बुझिन्छ । प्राणीहरूको चित्त परम्परा पनि त्यही वस्तुरुपमा विद्यमान रहन्छ ।

हृदयकोष पुरानो रगत बाहिर पठाउन र नयाँ रगत भित्र्याउन निरन्तर क्रियारत नै हुन्छ । कुनै कारणवश क्रिया रहित भएमा रगत पनि दूषित हुन्छ । त्यसपछि त्यो रगतमा विज्ञान धातुलाई आश्रय दिने हृदयरुप (धातु) विद्यमान भई रहन सक्दैन । र, अनुक्रमेण त्यो धातु विनाश भई अन्तमा केही शेष नभएपछि प्राण निरुद्ध हुन्छ । त्यसपछि त्यस शरीरमा चित्त परम्परा सृजना हुनसक्ने योग्य स्थान नहुने हुनाले फेरि चित्त परम्पराको उत्पत्ति त्यो शरीरमा हुँदैन । र, उत्पन्न भएको अन्तिम चित्त पनि निरुद्ध (विनाश) भएपछि मानव-प्राणीहरूको मृत्यु भएको भनिन्छ । हृदय क्रिया विरहित भएको कति समयपछि अन्तिम चित्तको निरोधले यो मरण सिद्ध हुन्छ भनेर निश्चितरुपले भन्न सकिंदैन । तर धेरै समय नलाग्ने तथ्य चाहिं स्पष्ट हुन्छ ।

हृदयरुप आँखाले देख्न नसकिने सूक्ष्म धातु विशेष हो । त्यो भए पनि, नभए पनि रगतमा केही भिन्नता देखिंदैन । विज्ञानलाई निश्रय;



Downloaded from http://www.dhamma.digital

आधार हुने वस्तु यो शरीरमा केही नभए पनि विज्ञान परम्पराको एक विज्ञान धातु नष्ट हुनासाथ विना अन्तराल त्यही क्षणमै अर्को विज्ञान धातु उत्पन्न हुने शक्ति विनाश नहुनाले एक शरीरको आधार बनाएर उत्पन्न हुने अन्तिम विज्ञान निरुद्ध हुनासाथ त्यसको लगत्तै पछि उत्पन्न हुनुपर्ने विज्ञान धातु जहाँ भए पनि कुनै अर्को एक ठाउँमा उत्पन्न हुन्छ। एक शरीरबाट अन्ततः निरुद्ध हुने विज्ञानलाई नै 'च्युति चित्त' भनिन्छ भने त्यसपछि अर्को ठाउँमा उत्पन्न हुने त्यसै च्युति चित्तको हेतु प्रत्ययबाट उत्पन्न हुने परम्पराको विज्ञानलाई 'प्रतिसन्धि चित्त' भनिन्छ।

मन वा चित्त जहाँ उत्पन्न हुन्छ त्यो त्यहीं विलाएर जान्छ तर अरू ठाउँमा जाँदैन। त्यस्तै यो शरीरको आश्रय (आधार) लिएर यहाँ उत्पन्न भएका सबै चित्तहरू यहीं नै विनाश हुन्छन्। प्रतिसन्धि चित्त भन्ने नयाँ (अनागत) भवको प्रथम चित्त यहाँबाट भएको नभई त्यहीं उत्पन्न भएको नयाँ चित्त हो। तर, त्यो यस वर्तमान भवको चित्त परम्परा संग सम्वन्धित हुन्छ। कुनै पनि प्राणी वा मनुष्य एक भवबाट अर्को भवमा संक्रमण गर्ने वास्तविक रुपमा नभए पनि यो चित्त परम्पराको सम्बन्धले गर्दा लोक व्यवहारमा त्यही त्यक्ति (प्राणी) नर्क वा स्वर्गमा जान्छ भनेर भनिन्छ।

चित्त (मन) सिक्री झैं अटूट रुपमा पारम्परिक क्रमले; उत्पत्ति-स्थिति-भङ्ग-उत्पत्ति-स्थिति..........रुपमा उत्पन्न हुँदैजान्छ। तर सबै चित्त वा मनको उत्पत्ति त्यो चित्त सृजना हुनसक्ने योग्य वातावरण वा कारण भए मात्र हुबजान्छ। विनाकारण जनित हुने एउटा पनि चित्त वा मन त्यस चित्त परम्परामा छैन। त्यसकारण प्रतिसन्धि चित्त भनेर चिनिने नयाँ भवमा सर्वप्रथम जनित हुने विज्ञान धातु 'संस्कार' भनेर चिनिने कुशलाकुशल कर्महरूबाट कुनै पनि एकको कारण उत्पन्न हुने गर्दछ। त्यो यसरी हो–

मरणासन्न प्राणीको चित्त सन्तानमा कर्म, कर्म निमिति, गति निमितिमध्ये कुनै एक विद्यमान भैरहन्छ। त्यहाँ 'कर्म'को अर्थ कुनै पनि



Downloaded from http://www.dhamma.digital

प्राणीले यो वर्तमान अथवा अतीत भवमा गरेका कुशलाकुशल कर्म हो । मरणासन्न अवस्थामा रहने व्यक्ति(प्राणी)लाई आफूले गरेको कुशलाकुशल कर्महरूमध्ये कुनै पनि एक कर्मको सम्झना आउँदछ । त्यसलाई नै कर्म विद्यमान रहेको भनिन्छ ।

'कर्म निमिति' को अर्थ कर्म सिद्ध गर्नेलाई उपकरण भएका, आधार भएका वस्तु वा व्यक्ति हो । कहिलेकाहीं मरणासन्न व्यक्तिको मनमा कर्मको सम्झना नआई कर्म निमितिको सम्झना आइरहन सक्दछ । प्राणघात गर्नेले मारेको जनावर वा जनावरको मासु अथवा मार्नलाई प्रयोग गरिएको उपकरण वा सहायक व्यक्तिलाई सम्झि रहन सक्दछ । दानादि कार्य गरेको व्यक्तिले आहारपानादि वस्तु वा प्रतिग्राहकहरू (लिने व्यक्ति) वा त्यस कार्यको लागि सहयोग गर्नेहरू सम्झिरहन सक्दछ । वन्दना-पूजा गर्नेले विहार-मन्दिर, चैत्य, मूर्ति, फूल, धूप बत्ती आदि वस्तु देख्न सक्दछ । ती कुराहरू आफू नजिकै छ भने त कर्म निमिति आँखाले नै देख्न सक्दछ । पूरानो कर्मको निमिति चाहिं सपनाझैं मनले नै देख्ने छ ।

'गति निमिति' को अर्थ कर्मको कारण भविष्यमा जनित हुने स्थानका लक्षणहरू देखिनु हो । अर्थात् फेरि जन्म लिने ठाउँको दृष्यहरू देखिन थाल्दछ । मरणासन्न व्यक्तिले गति निमिति पनि देख्न सक्दछ । नर्कमा गएर जन्मलिने व्यक्तिको हकमा अग्निज्वाला आदि भयङ्कर दृष्यहरू देखिनु सम्भव छ । प्रेतादि जन्मलिनेहरूले प्रेतहरूको वासस्थानादि देख्न थाल्दछन् । यी दृष्यहरू पनि सपनाझैं मनले मात्र देख्दछ । कहिलेकाहीं त मरणासन्न व्यक्तिको आँखाले पनि देख्न सक्दछ । मरणासन्न अवस्थामा यी तीन आलम्वन (आरम्मण) मध्ये कुनै एकको निमिति लिएर मृत्यु हुने (व्यक्ति)को चित्त परम्परा (मनको लहर) विद्यमानै रहन्छ ।

यस अवस्थामा निश्रय (आश्रय) स्वरुप रहने अविद्या (अज्ञान) को कारण मानव-प्राणीलाई जानु पर्ने भवको अदीनव (स्वरुप) को द्वार बन्द रहन्छ । आश्रय स्वरुप रहने तृष्णाको कारण चित्तलहर कर्मानुसार पुग्नु पर्ने भव तिर प्रभावित हुन्छ । यसरी प्राणीको चित्त परम्परा अभिनव



Downloaded from http://www.dhamma.digital

भवतिर प्रभावित भइरहँदा वर्तमान शरीर आश्रय गरी उत्पन्न हुने अन्तिम चित्त जनित भई निरुद्ध भए पछि त्यही चित्त परम्परामा त्यस अनुरुप तदनन्तर उत्पन्न हुनुपर्ने चित्त, विद्यमान भइरहेको कर्मादि आलम्बन नै निमिति भई कर्मानुसार उत्पन्न हुनुपर्ने स्थानमा, त्यही कर्म, विपाक (फल) स्वरुप जनित हुनजान्छ । त्यस चित्तको प्रभव भएपछि प्राणी नयाँ भवमा प्रवेश गरेको भनिन्छ अथवा फेरि जन्म लिएको भनिन्छ ।

कुनै प्राणी-मानवको चित्त परम्परामा अतीत भवको (वितेका जन्मको) अन्तिममा जनित भएको मनलाई च्युतिचित्त र, वर्तमान भवको (अहिलेको जन्मको) मूल वा सर्वप्रथम जनित मनलाई प्रतिसन्धि चित्त भनेर चिनिन्छ । प्रतिसन्धि चित्त जनित भएपछि वा हुनासाथ क्रमशः कर्मसंग त्यस प्राणीको जातानुरुप शरीरको पनि निर्माण हुनजान्छ । त्यो शरीर अतीतको शरीरसंग सम्वन्धित हुँदैन । चित्त मात्र अतीत चित्त परम्परासंग सम्वन्धित हुन्छ । प्रतिसन्धि चित्त; सर्वप्रथम जनन हुने मन, अन्य नयाँ मन उत्पन्न नभएसम्म हरेक अवस्थामा यो भव (वर्तमान जाति) भरि फेरि फेरि सृजना भइरहन्छ । र, चित्त परम्परा अटूट रुपमा विद्यमान रहिरहन्छ । त्यस चित्तलाई 'भवाङ्ग चित्त' भनिन्छ । कुनै पनि प्राणी-मानवको प्राकृतिक चित्त वा मन त्यही हो । चित्त छ भन्ने जुन कुरा थाहा पाउन धेरै कठिन हुन्छ ।

शरीरको सृजना भएर चक्षु आदि इन्द्रियहरूसंग रुपादि वस्तुहरूको सर्म्पक हुँदा कुशलाकुशल संस्कारको कारण चक्षुविज्ञानादि विज्ञानको उत्पत्ति हुनजान्छ । कुशलाकुशल संस्कारहरू अर्थात चित्त परम्परा मृत्युपश्चात विनाश (छेदन) नभइकन अनागत भवमा प्रवेश गर्दैनन् । त्यसकारण कर्मले प्राणीहरूलाई ती ती जातिहरूमा संक्रमण गराउँदछ भनिन्छ । कर्म भए पनि त्यहाँ अविद्या र तृष्णा नभएमा त्यो प्राणीहरूलाई ती ती जातिहरूमा संक्रमण (प्रवेश) गराउँन असमर्थ हुन्छ । अविद्या र तृष्णाले पनि कर्म नभएको खण्डमा प्राणीहरूलाई ती ती जाति (भव) हरूमा उत्पन्न गराउँन सक्दैनन् । त्यसकारण कर्म भए पनि अविद्या र



Downloaded from http://www.dhamma.digital

तृष्णा नष्ट गरेका अरहन्तहरू फेरि जन्म लिंदैनन् ।

पुनर्जन्म वा पुनरोत्पत्तिका लागि अविद्या, तृष्णा र कर्म तीनटै बलसम्पन्न हेतु हुन । ती मध्ये पनि तृष्णा र कर्म प्रधान हुन्छन् । विज्ञानको लागि तृष्णा नै बलसम्पन्न कारण भएपनि 'हेतु-फल' परम्परा देखाउने यस प्रतीत्यसमुत्पाद देशनामा तृष्णाको कारण विज्ञान हो भनेर पुष्टि गऱ्यो भने यो देशना क्रम अस्पष्ट हुनजाने हुनाले यहाँ हेतुको कारण तृष्णालाई लिइएको छैन । यो एउटा देशना क्रम हो । आर्यसत्य देशनामा चाहिं प्राणीको फेरि फेरि जन्म हुनुको मुख्य कारण कर्म नभई तृष्णा हो भनेर देखाइएको छ । यो अर्को देशना क्रम हो । त्यसकारण यहाँ अलमलिनुभन्दा ती दुई कारणहरू भिन्न भिन्न स्वरुपमा लिनु नै वेश हुन्छ होला । किनभने कुनै पनि 'प्रत्यय' को 'कारण' एक वा एक भन्दा बढी पनि हुन सक्दछ ।

कुनै व्यक्तिको मृत्युपछि त्यो व्यक्ति दिव्यलोकमा जन्म लिन पुग्यो भन्दा मनुष्य शरीरबाट केही नगई उत्पन्न भएका त्यो देवता के पहिलेको मनुष्य नै हो ? अथवा अन्य प्राणी हो भन्ने प्रश्न उठ्न सक्दछ । मनुष्य शरीरबाट संक्रमण भएको कुनै अङ्ग त्यस देवतामा नभएकोले त्यो देवता पूर्ण मानिस होइन र त्यो देवताको शरीर आश्रय लिई रहने चित्त (मन) पहिलो मानिसको नै चित्त परम्पराबाट (चित्त सन्ततिबाट) संक्रमण भइ आएको हुनाले ती देवता, मानिस भन्दा बेग्लै पनि होइनन् ।

यथार्थमा भन्ने हो भने सत्व-प्राणी-मानव भन्ने नै छैन । त्यो मात्र 'नाम-रुप' परम्परालाई व्यवहार गर्ने शब्द हो । मनुष्य-प्राणीको जन्मदेखि मरणसम्म विनाश नभई रहेन कुनै पनि वस्तु वा चीज अथवा पदार्थ छैन । मात्र, चित्त (मन), चेतसिक (कल्पना) र रुप परम्परा छन् । र, ती परम्परा (लहर) लाई परम्परा मात्र हो भनी थाहा नपाउँनाले, नदेखिनाले, मनले एउटै हो भनेर लिने गलत धारणाले केही कालसम्म जीवित रहने कुनै प्राणी-सत्व-मानव छ भनी विचार गर्दछ । यहाँ स्पष्टताको लागि 'बिजुली'को उदाहरण लिन सकिन्छ । जुन हामी



Downloaded from http://www.dhamma.digital

एकैनासले बलिरहेको बत्ती (चीम) लाई हेर्दा "निभ्दै-बल्ने" अर्थात "उत्पत्ति-स्थिति-भङ्ग"को यथार्थतालाई बुझ्दैनौं जबसम्म हामीले त्यसको प्रक्रिया सम्बन्धी ज्ञान हासिल गर्दैनौं । लाइट अथवा बत्ती उत्पादन गर्ने शक्ति भएका अनगिन्ति बिजुली तरङ्गहरू एकपछि अर्को गर्दै अटूट रुपमा एउटा तरङ्गको विनाश पछि अर्को आउँदै गर्दछ । एउटा बिजुली तरङ्गले उत्पादन गरेको बत्ती विनाश भए (निभे) पछि मात्र अर्को तरङ्गले अर्को बत्तीको उत्पादन गर्दछ । यो प्रक्रिया यत्ति चाँडै हुन्छ कि त्यसको मुल्याङ्कन गर्न नै मुश्किल छ । त्यसरी एकपछि अर्को गर्दै अटूट रुपमा शीघ्रताका साथ सञ्चालन हुने प्रक्रियाले गर्दा साधारण आँखालाई भ्रममा पार्दछ र हामीलाई एउटै बत्ती बलिरहेको झैं लाग्दछ । त्यसकारण यहाँ पनि चित्त, चैतसिक परम्परा र रुप परम्परा सिवाय सत्व-प्राणी-मानव भनिने कुनै काल पच्छिेदको लागि रहने कुनै पदार्थ छैन भन्ने अवबोध भएमा वा गरेमा यो प्राणी नै फेरि फेरि जन्म हुन्छ वा हुँदैन, पुनरोत्पत्ति हुन्छ वा हुदैन, अवतार लिन्छ वा लिदैन, अहिले जन्मलिने प्राणी पहिलेकै प्राणी हो वा भिन्न हो आदि प्रश्नहरूको सजिलैसित निराकरण गर्न सकिन्छ । जसरी हामीले बत्तीको बारेमा लिने गलत धारणाले सत्यलाई छोपेको हुन्छ त्यसरी नै यहाँ पनि 'नाम-रुम' सम्बन्धी गलत धारणले त्यसको वास्तविकतालाई, सत्यता-यथार्थतालाई छोपेको हुन्छ ।

एक मानवको जीवनमा विभिन्न अवस्थाहरू हुन्छन् । तिनमध्ये बाल, तरुण र बृद्ध तीन मुख्य अवस्थाहरू छन् । एक बालक तरुण हुँदा उसको शरीरको बनावट बाल अवस्थाको भन्दा फरक हुन्छ । त्यस्तै तरुण बृद्ध हुँदा झन् शरीरको बनावट त्यसभन्दा पनि पूर्णरुपमा फरक हुन्छ । त्यसरी नै बालकको विचार-धारा चाल-चलन युवा अवस्थामा पूर्ण रुपमा बदलिएर ऊ अर्को विचार-धारा, चालचलनको हुन्छ । र, बृद्ध हुँदा त्यसभन्दा पनि पूर्णरुपबाट बदलिएर उ भिन्नै विचार धाराको हुन्छ । यसरी शरीराङ्ग र विचार धाराले पूर्णरुपले भिन्न देखिने बाल, युवा, बृद्धलाई एकैजना भन्नु वा बेग्लाबग्लै तीनजना नै हो भन्नु पनि नमिल्दो हुन्छ ।



Downloaded from http://www.dhamma.digital

यसरी मानव देवता हुँदा मानिसको शरीराङ्गबाट दिव्यलोकमा गएको कुनै पदार्थ देवतामा नभएकोले देवता मानिसभन्दा अर्के र देवताको प्रादुर्भाव मानिसको चित्त परम्पराबाट नै हुने भएको हुनाले देवता मानिस भन्दा भिन्नै पनि होइन । त्यसकारण गौतम बुद्धले यस अवस्थालाई -"**न च सो न च अन्यो**" "ऊ पनि होइन, अर्को पनि होइन" भनी प्रष्ट पार्नुभएको थियो ।

जसरी बालकको ज्ञातित्व र अधिकारादि तरुण हुँदा र तरुणको ज्ञातित्व र अधिकारादि बृद्ध हुँदा पनि पाउनेझैं मानिसले सञ्चित पुण्य र पाप पनि देवतालाई प्राप्त हुनेछ । एकजनाको पुण्य र पापको फल अर्कोले भोग्दछ भनेर भन्नुपर्दैन ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## II. विञ्ञाण पच्चया नामरूपं:-

**"तत्थ कतमं विञ्ञाण पच्चया नामरुपं ? अत्थि नामं, अत्थि रुपं, तत्थ कतमं नामं ? वेदनाक्खन्धो, सञ्ञाक्खन्धो, संखारक्खन्धो, इदं वुच्चति नामं, तत्थ कतमं रुपं ? चत्तारो च महाभूता चतुन्नञ्च महाभूतानं उपादाय रुपं इदं वुच्चति रुपं, इति इदंञ्च नामं इदञ्च रुपं इदं वुच्चति विञ्ञाण पच्चया नामरुपं ।"**

यो विभङ्ग पालि पाठानुसार वेदना स्कन्ध, संज्ञास्कन्ध, र संस्कारस्कन्ध त्रय 'नाम' भनेर चिनिने र चार महाभूत जसको कारण विद्यमान रहने रुपलाई 'रुप' भनेर चिनिने यी दुई नाम र रुप चाहिं विज्ञानको कारण उत्पन्न हुन्छन् ।

हरेक मानव-प्राणीको नाम-काय र रुप-काय भनिने शरीर द्वय हुन्छन् । मानवको चित्त चेतसिक परम्परा नाम-काय र आँखाले देख्न सकिने शरीर रुप-काय भनेर चिनिन्छन् । चित्त चेतसिक परम्परालाई नाम, भन्नुको अर्थ शरीरलाई भैं त्यसलाई आँखाले हेर्न वा हातले स्पर्श गर्न नसक्नु र त्यसलाई दिइएको नामानुसार चिन्नु पर्ने हुनाले 'नाम' भनी व्यवहार गरिन्छ। स्कन्धानुसार नाम चार प्रकारको हुन्छ। वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध । विज्ञान स्कन्ध बाहेक अरू स्कन्धहरू विज्ञानको कारण प्रभव हुने नाम हो । रुप पनि भूत रुप र उपादाय रुप भनिने दुई प्रकारका हुन्छन । 'पृथ्वी, तेजो, वायो, आपो' (ठोस, गृष्म, वायु, तरल) चार रुपहरू 'भूत रुप' हुन् । ती चार रुपको निश्रयबाट विद्यमान रहने वर्ण-गन्ध-रसादि अप्रधान २३ वटा रुपहरूलाई 'उपादाय रुप' भनिन्छ । रुप जम्मा २८ प्रकारका हुन्छन् ।

रुपकायको पालन नामकायबाट सिद्ध हुन्छ। नामकाय छैन भने रुपकायको अर्थ रहँदैन, अस्तित्वहीन हुन्छ । त्यसकारण ती कायद्वय मध्ये नामकाय प्रधान हुन्छ । नामकायका चार स्कन्धहरू मध्ये पनि



Downloaded from http://www.dhamma.digital

विज्ञानस्कन्ध प्रमुख मानिन्छ । किनभने बाँकि तीन स्कन्धहरू यसकै आधारमा रहने हुन् । अध्याँरो ठाउँमा बत्ती बालेमा त्यो बत्तीको प्रभावले गर्दा त्यस ठाउँमा प्रकाशको साथै अलि न्यानो-तातोपना पनि पाइन्छ । त्यस्तै अतीत कर्म हेतुले विज्ञानादि प्रधान धर्म-तत्वको सृजना गर्दा त्यससंगै सम्बन्धित चेतसिकादि 'नाम'को पनि उत्पत्ति हुनजान्छ । र, ती 'नाम'हरूले गर्दा विज्ञान धातु, फलिन्छ । अरुप लोकमा बाहेक अन्य स्थानहरूमा ती ती भवानुसार विज्ञान स्कन्धको  स्थिति र विकास प्रवर्द्धनलाई उपकारक हुने रुपहरू पनि त्यही विज्ञानको कारणबाट नै उत्पन्न हुन्छन् ।

चक्षु विज्ञानादि ६ प्रकारका विज्ञानहरूको प्रभव र परम्परानुसार प्रवर्द्धन हुँदा रुख हुँदा त्यहाँ पहिले नभएका धेरै हाँङ्गा-पातहरू-फूलहरूको सृजना भएझैं चित्तानुसार सम्वन्धित धेरै चेतसिक धर्महरू सृजना हुन्छन् । कुनै पनि वस्तु वा पुद्गल (व्यक्ति) देख्नु चक्षु विज्ञान उत्पन्न हुनु हो । देखेको वस्तु वा व्यक्ति सुन्दर छ भने देख्ने व्यक्तिलाई त्यस दर्शनबाट (रुपसम्वन्धी) आश्वाद पाउँदछ, आनन्द आउँदछ । त्यही वा त्यस अनुसार कुनै अर्को वस्तु वा व्यक्ति पाउने, हेर्ने इच्छा र आशा उत्पन्न हुन्छ । फेरि फेरि त्यस्तै सुन्दर र राम्रो वस्तु वा व्यक्ति हेर्ने वा देख्ने इच्छा वा आशा हुन्छ । यदि त्यो वस्तु वा व्यक्ति अरूको हो भने, अरूको अधीनमा छ भने आफ्नो बनाउने आशा उत्पन्न हुन्छ । अनि, इर्ष्यादि स्वभावको सृजना हुन्छ । यदि त्यो वस्तु वा व्यक्ति आफ्नै भए, त्यो वस्तु वा व्यक्ति अरूले नपाउँन्, आशा नगरुन् भन्ने स्वार्थ चित्तको भावना जाग्दछ । त्यस्तो भावनालाई मार्त्सय भनिन्छ । कहिले काहीं त्यही देखिएको दर्शनको कारण आफू ठूलो वा अरू सानो भन्ने उच-नीचताको भावना पनि उत्पन्न हुन सक्दछ । कहिले काहीं मोह हुन्छ भने कहिलेकाहीं त्यस्ता वस्तुहरू वा व्यक्तिहरू प्राप्त गर्ने अभिलाषा र प्राप्त गर्ने, रक्षा गर्ने वीर्य र धैर्य पनि उत्पन्न हुन सक्दछन् । अनि पछि ती वस्तु वन व्यक्तिको तत्व अथवा स्वरुप, हेर्ने बुद्धिको उदय हुन सक्दछ । अनि, देखिएको व्यक्ति अप्रसनन वा अप्रिय लाग्यो भने त्यस



Downloaded from http://www.dhamma.digital

प्रति घृणा, डर, क्रोधादि उत्पन्न हुन्छन् र प्रिय वा प्रसन्न लाग्यो भने त्यसपछि माया-ममता, श्रद्धा-भक्ति, करुणादि उत्पन्न हुनजान्छ । यसरी चक्षुविज्ञानको प्रभव भएको कारणले व्यक्तित्व र वस्तु अनुरुप विभिन्न प्रकारका अनेकौं चेतसिक धर्महरू उत्पन्न हुनजान्छन् । यसैक्रमबाट श्रोत विज्ञानादि पञ्च विज्ञानद्वारा पञ्चेन्द्रियलाई कारक (आधार) बनाई धेरै चेतसिक धर्महरू सृजना गरिन्छन् । यसरी नै विज्ञानको कारण अनेकौं 'नाम' प्रभव हुन्छन् ।

## विज्ञानको कारण रुपहरू उत्पन्न हुने तरिकाः-

अण्डज (फुलबाट उत्पन्न हुने), जलाम्बुज (कोख वा योनिबाट जन्मिने), स्वेदज (पसिना, रान्धुबाट जन्मिने) र ओपपातिक (स्वतः अर्थात यी तीनभन्दा भिन्न आधारबाट उत्पन्न हुने) भनी प्राणीहरू चार प्रकारका हुन्छन् । पंक्षी, सर्प, माछा आदि फुलबाट उत्पन्न हुने प्राणीहरू अण्डज प्राणी हुन् । आमाको कोखबाट जन्मलिने मनुष्य, गाई, भैंसी आदि प्राणी वा पशुहरू जलाम्बुज प्राणी हुन् । विग्रेको वा कुहिएको वा दुर्गन्ध मासु आदि पदार्थहरूबाट उत्पन्न हुने प्राणीहरू स्वेदज प्राणी हुन् । ऐनामा प्रतिविम्वित हुने छाँयाझैं यहाँबाट च्युत भई अरू लोकमा स्वत उत्पन्न हुने प्राणीहरू ओपपातिक प्राणी हुन् । जस्तो नरकमा, प्रेतयोनिमा र दिव्यब्रम्हलोकमा उत्पन्न हुने प्राणीहरू ओपपातिक तरिकाले उत्पन्न हुने प्राणी हुन् । रुपहरूको सृजना ती ती सत्व योनिहरूमा विभिन्न प्रकारबाट हुन्छन् ।

रुपहरू सामुहिक तरिकाले उत्पन्न हुन्छन् । विनासमूह, एकाङ्गी रुपमा रुप उत्पन्न हुन सक्षम छैन । त्यसरी सामूहिक तरिकाले सृजना हुने रुप समूह 'रुप-कलाप' भनेर चिनिन्छ । पथवी रुप (ठोस रुप), आपो (जल-तरल रुप), तेजो (अग्नि, गृष्म रुप) वायो (हावा-वायु रुप), वर्ण रुप, गन्ध रुप, रस रुप, ओजा रुप (र्याल रुप) भन्ने यी आठ प्रकारका रुपहरू एक आपसमा संगठित-घटित र सम्वन्धित भएको एक पिण्ड भई उत्पन्न हुन्छन् । त्यस पिण्डलाई 'शुद्धाष्टक कलाप' भनिन्छ । त्यसकारण ती आठ प्रकारका रुपहरू हरेक रुप-कलापमा विद्यमान



Downloaded from http://www.dhamma.digital

रहन्छन् । ती आठ रुपमा जीवन रुप, चक्षु प्रासाद रुप, स्रोत प्रासाद रुप, आदि प्रकारले एक भई ती रुप नवौं, दसौं, एघारौं रुप पनि हुन सक्दछन् । तर तेह्र भन्दा बढी रुप भएको रुप कलाप हुँदैन । र, विश्वमा सबैभन्दा सानो चीज पनि रुप नै हो । त्यसभन्दा सानो पदार्थ अरू छैन । विश्वले सम्झेका सबभन्दा सानो पदार्थ अणु वा परमाणु पनि हाम्रो रुप कलाप भन्दा निक्कै ठूलो वस्तु मानिन्छ । ती अणु वा परमाणुमा पनि रुप कलाप थुप्रै थुप्रै हुन्छन् । प्राणीहरूको शरीर निर्माणमा यी नै रुप कलापहरू मिलेर बन्दछन् ।

कर्म, चित्त, ऋतु, र आहार रुप सृजना गर्ने चार कारण हुन । प्राणीहरूको बाहिर देखिने रुपहरू ऋतुबाट सृजना हुने रुप मात्र हुन् । तर प्राणीमा कर्मादि चार कारणबाटै उत्पन्न हुने रुपहरू हुन्छन् । कर्मादिको कारण रुपहरू उत्पन्न हुने भए पनि अतीत कर्मको कारण भवमा प्रतिसन्धि विज्ञान सृजना नभएमा ती रुपहरू उत्पन्न नहुने भएको हुनाले 'विज्ञान' चार हेतुद्वारा उत्पन्न हुने रुपहरूको विशेष कारण बन्दछ । "विञ्ञाण पच्चया नामरुपं" भनी देशना गर्नुको कारण पनि त्यही हो । विपाक-विज्ञानको कारण रुप-भवमा मात्र नामको प्रभव हुन्छ । असंज्ञ-भवमा* विपाक विज्ञान पनि छैन । त्यहाँ अतीत कर्म विज्ञानको कारण रुप मात्र प्रभव हुन्छ । अरू भवहरूमा विज्ञानको कारण नाम र रुप दुबैको प्रभव हुन्छ । त्यसकारण यहाँ 'विञ्ञाण पच्चया नामरुपं' को अर्थ उपरोक्त तीन प्रकारबाट बुझ्नु पर्दछ ।

अतीत कर्म हेतुद्वारा उत्पन्न प्रतिसन्धि विज्ञानका साथै अण्डज, जलाम्बुज योनिज प्राणीको निम्ति काय-दशक, भाव-दशक, र वस्तु-दशक भन्ने रुप-कलाप ३ वटा पनि सृजना हुन्छन् । तर केही प्राणीको निम्ति कहिलेकाहीं भाव-दशकको सृजना हुँदैन । भाव-दशक नहुने प्राणी नपुंसकको रुपमा चिनिन्छ । जात्यानुसार रुप-कलाप दुई वा तीनले युक्त विज्ञान सहितको कुनै रुप-पिण्ड भ्रूण (भ्रूणरुप) भनिन्छ । अलि विकसित भएपछि त्यहाँ चित्तज र ऋतुज कलापहरू पनि सम्वन्धित हुन्छन् । भ्रूण (रुप) देखि मनुष्य (रुप) सम्म विकसित-बृद्धि हुने क्रम



Downloaded from http://www.dhamma.digital

तथागतले "यक्ष संयुक्त"मा प्रकाश पार्नु भएको छ –"**पठमं कललं होति, कलला होति अब्बुदं, अब्बुदा जायन्ते पेसि, पेसि निब्बत्तते घनो, घना पसावा जायन्ति केसा लोमा नखापि च ।**" "पहिले मातृ गर्भमा भ्रूणको प्रभव हुन्छ । त्यसपछि भ्रूणबाट अबुर्द (फींज फिजिएको डल्लो) बनिन्छ र त्यसबाट विस्तारै पेशाहरूको निर्माण हुन्छ । पेशीबाट धन (मासुका डल्ला) बनिन्छ र त्यसबाट अरू पाँच शाखा निस्किन्छन् । अनि रौं, छाला नङ्ग आदि पनि बन्दछन् ।

तोरीको तेल-थोपा (विन्दु) भन्दा कम प्रमाण भएको भ्रूण एक हप्ता सम्म रहन्छ र अनि अबुर्दमा परिणत हुनजान्छ । त्यो पनि एक हप्ता जति रहन्छ र अनि पेशीमा परिणत हुन्छ । त्यो पनि सात दिनसम्म रहन्छ र घनमा परिणत हुन्छ जसरी कुखुराको फुल बाहिरबाट बाक्लो खोलले ढाकेको हुन्छ त्यसरी नै कर्म हेतुले जन्मिने घनको आकृति बनेको हुन्छ ।

**"यथा कुक्कुटिया अण्डं समन्ता परिमण्डलं**
**एवं घनस्स सञ्थानं निब्बत्तं कम्मं पच्चया ।"**

चौथो हप्तामा बनिने फुलाकारको घनमा पनि पाँचौ हप्तामा शीर, हात-खुट्टा बनिने ठाउँहरूमा फोका जस्तो आकारको सृजना हुन्छ । यसरी क्रमानुरुपले वृद्धि र विकसित हुने यस भ्रूणमा एघारौं हप्तातिर चक्षु (आँखा) आदि इन्द्रियहरूको पनि निर्माण हुन थाल्दछ ।

यसरी अतीत कर्मको कारण मातृ-गर्भमा उत्पन्न प्राणीमा प्रतिसन्धि चित्त निरुद्ध हुनअघि नै कृतुज रुपको प्रभव हुनजान्छ । प्रतिसन्धि चित्त पश्चात् सृजना हुने दोस्रो चित्त उत्पन्न भएदेखि चित्तज रुपहरू प्रभव हुन्छन् ।

काम भव*मा सम्पूर्ण तरिकाले रुपको प्रभव हुने स्वेट्ज प्राणीहरूलाई प्रतिसन्धि विज्ञान संगै चक्षु-श्रोत-घ्राण-जिह्वा-काय-भाव-

***काम भव** *:- कामावचर भवहरू ११ वटा; नर्क, तिरच्छन, प्रेत, असुर, मनुष्य, चातुमर्हाराजिक, तावतिंस, याम, तुसित, निम्मानुरति, परिनिम्मित, वसवति ।*



Downloaded from http://www.dhamma.digital

वस्तु आदि सात रुप-कलापहरू पनि प्रभव हुन्छन् । प्रतिसन्धि पछि चित्तज, ऋतुज, आहारज आदि रुपहरू सम्बन्ध हुँदै प्राणीको शरीराङ्ग सम्पूर्ण हुन्छन् । काम भवमा सम्पूर्ण रुप प्राप्त हुने ओपपातिक प्राणीहरूलाई प्रतिसन्धि चित्तसंगै चक्षु-श्रोत-धाण- जिह्वा-काय-भाव-वस्तु आदि 'दशक-कलाप' सातवटाको पनि निर्माण हुन्छ । त्यसपछि चित्तज, कृतुज आहारजादि रुप-कलापहरू पनि सम्बन्ध हुन्छन् । यसरी ती ती भवहरूमा प्रभव हुने नामरुपहरू विज्ञानको प्रभव नभइकन सृजना नहुने हुनाले विज्ञानको कारण नामरुपको सृजना हुन्छ भनिन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# III. नामरूप पच्चया सलायतन :-

**"तत्थ कतमं नामरुप पच्चया सलायतनं ? चक्खायतनं, सोतायतनं, घाणायतनं, जिव्हायतनं, कायायतनं, मनायतनं, इदं वुच्चति नामरुप पच्चया सलायतनं ।"**

विभङ्ग पालिमा चक्षु आयतन (आँखा-अङ्ग), श्रोतायतन (कान-अङ्ग), आघ्राणायतन (नाक-अङ्ग), जिह्वायतन (जिब्रो-अङ्ग) कायायतन (शरीराङ्ग) र मनायतन (मनाङ्ग) यी ६ प्रकारका इन्द्रियहरू नामरुपको कारण उत्पन्न हुन्दछन् भनेर देखाइएको छ ।

त्यहाँ चक्षुविज्ञान भनेर चिनिने रुप देख्ने मनको उत्पत्तिस्थान भएको आँखामा रहेको केन्द्रविन्दुलाई चक्षु आयतन अर्थात चक्खायतन भनिन्छ । श्रोतविज्ञान भनिने शब्द सुन्ने मनको उत्पत्तिस्थान भएको कानमा रहेको केन्द्रविन्दुलाई श्रोत आयतन अर्थात सोतायतन भनिन्छ । जिह्वाविज्ञान भनिने स्वाद (रस) थाहा पाउने मनको उत्पत्तिस्थान भएको जिब्रोमा रहेको केन्द्रविन्दुलाई जिह्वा आयतन अर्थात जिव्हायतन भनिन्छ । आघ्राण विज्ञान भनिने गन्ध थाहा पाउने मनको उत्पत्तिस्थान भएको नाकभित्र रहने केन्द्रविन्दुलाई घ्राण आयतन अर्थात घाणायतन भनिन्छ । कायविज्ञान भनिने खस्रो-नरम, तातो-चिसो इत्यादि थाहा पाउने मनको उत्पत्तिस्थान भएको शरीरबाहिर र भित्र रहने भागलाई कायायतन भनिन्छ । चक्षुप्रसाद घ्राणप्रसाद, जिव्हाप्रसाद, स्रोतप्रसाद, कायप्रसाद भनिने पनि ती पाँच चिनिन्छन् । रुप-शब्दादि सबै निमित्त थाहा पाउने विज्ञानलाई मन आयतन वा मनोयतन भनिन्छ ।

आयतन भनिने यी चक्षुरादिले रुपादि निमित्त (आश्रय) लिन सहायकको रुपमा धेरै चित्त र चेतनाहरू सृजना गरी संसारलाई दीर्घ बनाउँदछन् । त्यसैकारण यी पाँच इन्द्रियहरू आयतन भनिन्छ । नामरुपको हेतुले ६ वटा आयतन हुन्छन् भन्नु ती सबै यो नामरुप भए मात्र उत्पन्न हुनसक्ने भएकोले हो । नामरुप छैन भने त्यहाँ आयतनहरू सृजना हुन सक्दैनन् ।

Downloaded from http://www.dhamma.digital

नामरुपको हेतुद्वारा कामलोकमा आयतनहरू, ६ वटै उत्पन्न हुन्छन् । तर, रुपलोकमा 'आँखा, कान र मन'तीन आयतनहरू मात्र उत्पन्न हुन्छन् । अरुपलोकमा मन आयतन मात्र उत्पन्न हुन्छ । नाम र रुप दुईमध्ये नाम अरुपभवमा मन आयतनको मात्र हेतु हुन्छ । काम र रुप भवमा चाहिं नामरुप दुवै षडायतनका नै हेतु हुन्छन् ।

६ आयतनहरू मध्ये चक्षुरादि आयतन पाँचवटा चाहिं 'विञ्ञाण पच्चया नामरुपं' विज्ञानको हेतुद्वारा उत्पन्न हुने भनिने अट्ठाइस वटा रुपहरूमध्ये पाँच वटा हुन् । ती विज्ञानको कारण उत्पन्न हुन्छन् भने फेरि नामरुपको कारण पनि उत्पन्न हुन्छन् भनिन्छ । त्यो कसरी हुनजान्छ त भन्ने प्रश्न उठ्न सक्दछ । हाँगा, फूल, पात, डाँठ आदि सबै समस्त रुपमा 'रुख' भनेर चिनिन्छ । कुनै बीजको कारण रुख उम्रिन्छ भन्नाले ती सबै बीजका फल हुन् भनिन्छ ।

तर, बीजको कारण रुख उम्रिन्छ । रुखको हेतुद्वारा हाँगा, हाँगाको कारण शाखाहरू, शाखाहरूको कारण पातहरू र फूलहरू उम्रिन्छन् र फूलको कारण फलहरू पनि फल्छन् । त्यसकारण ती फलहरूको मूल कारण बीज हो । यसरी विज्ञान रुपहरू अट्ठाइसवटाको मूल कारण भए पनि नामरुपको हेतुद्वारा पञ्चेन्द्रियहरू उत्पन्न हुन्छन् भन्नुमा कुनै दोष छैन ।

आयतनहरूमध्ये मन आयतन नामरुपको कारण बनेको विज्ञान नै हो । विज्ञानको हेतुबाट जनित नामरुपको कारण फेरि विज्ञान नै उत्पन्न हुन्छ भन्नु 'आमाबाट बच्चा जन्मिनु र फेरि बच्चाको कारण आमाको जन्म हुन्छ' भन्नु जस्तै एक आपसमा (परस्पर) नमिल्ने कुरा हैन र ?" भन्ने प्रश्न उठ्न सक्दछ । तर वास्तवमा त्यो नमिल्ने कुरा होइन । किन कि जसरी कुनै बीजको कारण फल र, त्यही फलको कारण फेरि बीजको सृजना हुन्छ, त्यसरी नै माथि उल्लेखित कुरा पनि बुझिलिनु पर्दछ ।

एकपटक उल्लेख भइसकेको षडायतन यहाँ फेरि प्रस्तुत गर्नुको दुईटा कारण छन् । नामरुप त्यसको कारण बन्दछ भन्ने र पछि उल्लेख गरिने फस्सादि (स्पर्शादि) प्रतीत्यसमुत्पादांगहरूको लागि विशेष रुपले यी षडायतनहरू कारण बन्दछन् भन्नको निमित्त हो ।



Downloaded from http://www.dhamma.digital

नामरुपको कारण यसरी षडायतनको प्रभव हुन्छ । अण्डज, जलाम्बुज जस्ता मातृ-गर्भमा जन्मलिने प्राणीहरूको प्रतिसन्धिका साथै कायायतन र मन आयतन द्वय पनि उत्पन्न हुन्छन् । प्रतिसन्धिसंगै प्रभव भएको सानो रुप-पिण्ड क्रमशः बढ्न थाल्दछ । बढ्दै जाँदा त्यहाँ आँखा, कान, नाक, जिब्रो, आदि अङ्गहरू पनि सृजना हुन्छन् । ती अङ्गहरू सृजना भएपछि त्यहाँ ती ती ठाउँहरूमा चक्षु-आयतन, श्रोत-आयतन, घ्राण-आयतन, जिह्वा-आयतन भन्ने चार आयतनहरूको पनि प्रभव हुन्छ । ती आयतनको लागि आश्रित स्थान भएका आँखा, कान, नाक र जिब्रोहरूको सृजना नभएको भए ती चक्षुरादि आयतनहरू उत्पन्न हुन सक्दैनथ्थे होला । त्यसैले 'रुप' ती आयतनहरूको उत्पत्तिका कारण बनेको छ ।

जसरी कटहरमा पहिले नभएका गेडाहरू पछि कटहरको बृद्धिसंगै बनेर आउँदछन् त्यसरी नै प्रतिसन्धिसंगै सृजित रुपहरूको पनि बृद्धिसंगै चक्षु-आयतनादि बनेर आउँदछन् । रुपहरूको विस्तार अनुसार आयतनहरू शरीर भरि बन्दछन् । ती कायायतनहरू उत्पन्न हुनु नै ती रुपहरूको कारण हो । त्यसकारण उत्पत्तिका साथै कायायतनको प्रभव भए पनि रुपको कारण कायायतनहरूको बृद्धि-विकाश हुन्छन् । स्वेदज, ओपपातिक प्राणीहरूको निमित्त जन्मसंगै सबै आयतनहरू प्रभव हुन्छन् । त्यसपछि नामरुपको कारण परम्परानुसार जिउन्जेल ती आयतनहरू फेरि फेरि उत्पन्न हुन्छन् ।

षडायतनहरूलाई हेतु-भावले दिएको नाम चाहिं बाउन्न चैतसिकहरू हुन् । चित्त र चेतसिक दुईमध्ये चित्त प्रधान भए पनि कुनै पनि चेतसिक धर्म एक चोटि अधिक वेग र वीर्य सहित उत्तेजित रुपले उत्पन्न भएको खण्डमा त्यहाँ लाखौं चित्तहरू जनित हुन्छन । प्राणी (मानव) ले भेट्टाउने कुनै कुनै निमित्तको कारण वा तिनीहरूलाई घट्ने घटनाहरूको कारणले गर्दा कहिलेकाहीं अधिक बलवान लोभ, द्वेष, मान, इर्ष्या वा मैत्री, करुणा, श्रद्धा, प्रज्ञा, प्रीति आदि चेतसिक धर्महरू उत्पन्न हुन्छन् ।

कुनै पुरुषले कुनै एक सुन्दर-स्त्री देख्दा उसमा अधिक रुपमा राग चेतसिक उत्पन्न हुन सक्दछ । त्यही कारण ती स्त्रीप्रति त्यो



Downloaded from http://www.dhamma.digital

पुरुषमा रागसहित चित्त शायद केही दिनसम्म पनि रहन सक्दछ। यसरी नै महिनौं वा वर्षौंसम्म पनि रहन सक्दछ। पछि सृजना हुने चित्तलहरहरू रागसहित नामको कारण जनित मन आयतनहरू हुन्। फेरि कुनै कारणले गर्दा अधिक क्रोध भएमा त्यो पनि महिनौं, वर्षौंसम्म रहन सक्दछ। र, पछि उत्पन्न हुने ती द्वेषसहित चित्तहरू त्यही क्रोधको हेतुले जनित चेतनाको कारण मन आयतन सृजना हुने गर्दछ भन्ने कुरा बुझिलिनु पर्दछ।

घर भित्र र बाहिर आउने-जाने ठाउँलाई 'द्वार' भनिन्छ। यसरी बाहिरको कुरा भित्र र भित्रको कुरा बाहिर पुऱ्याउन उपकारी माध्यमलाई द्वार भन्ने गरिन्छ। यहाँ आयतन ६ वटा पनि बाहिरका रुप-शब्दादि निमित्त लिन माध्यम हुने भएको हुनाले 'द्वार' भनिन्छ। यो शरीर द्वार ६ वटा भएको घरजस्तो छ। शरीर निर्माण र त्यसको महत्वमा पनि यी ६ वटा आयतन-इन्द्रियहरू विद्यमान रहेको पाइन्छ। यी ६ इन्द्रियहरू नभएको खण्डमा शरीरको कुनै औचित्य वा महत्व रहदैन। तर यी आयतनहरूलाई भिन्न रुपले नहेरी, छुट्टा छुट्टै नलिई शरीरसंग सम्बन्धित गरी एउटै अङ्गको रुपमा लिंदा (चार चतुर्भुज) रुपहरूबाट निर्मित यो शरीरलाई 'म', 'तिमी', 'देवता', 'प्राणी', 'मानिस' आदि स्वरुपले अङ्गीकार गर्दा निर्वाणमा पुग्न नसक्ने गरी मानव-प्राणीहरूलाई यहि संसारमा भुलाई राख्ने सत्काय दृष्टि उत्पन्न हुनजान्छ।

यसरी चक्षुद्वार-आयतनको कारण म देख्छु भन्ने सत्काय दृष्टि जनित हुन्छ। त्यसरी नै क्रमशः म सुन्छु, म सुँध्छु, म स्वाद लिन्छु, म स्पर्श गर्छु, म थाहा पाउँछु आदि तरिकाले हरेक आयतनको कारण सत्काय दृष्टिको उत्पत्ति हुनजान्छ। त्यसकारण यी आयतनहरू मात्र आयतनको रुपमा लिनु, बुझ्नु, चिन्नु, बोध गर्नु ती सत्काय दृष्टिको विनाशको लागि सहायक हुनजान्छ।



Downloaded from http://www.dhamma.digital

# IV. सलायतन पच्चया फस्सो :-

षडायतनको कारण उत्पन्न हुने स्पर्शबारे विभङ्ग पालिमा यसरी देखाइएको छ – “**तत्थ कतमो सलायतन पच्चया फस्सोचक्खुसम्फस्सो, सोतसम्फस्सो, घाणसम्फस्सो, जिव्हासम्फस्सो, कायसम्फस्सो, मनोसम्फस्सो अयं वुच्चति सलायतन पच्चया फस्सो । ”**

६ आयतनहरूको कारणबाट ६ प्रकारका स्पर्शहरू पनि सृजना हुन्छन । ती हुन्- चक्षु सम्पर्क, श्रोत सम्पर्क, घ्राण सम्पर्क, जिह्वा सम्पर्क, काय सम्पर्क र मन सम्पर्क ।

नामरुप पच्चया सलायतन भनेर आयतनहरू ६ वटा मात्र उल्लेख गरीएतापनि आयतनहरू १२ वटा हुन्छन् । त्यसमध्ये उल्लेखित ६ वटा आयतनलाई आन्तरिक (भित्री) आयतन (इन्द्रिय) भनिन्छ भने रुपायतन (रुप-आयतन), सद्दायतन (शब्द-आयतन), गन्धायतन (गन्ध-आयतन), रसायतन (रस-आयतन), फोट्ठब्बायतन (स्पर्श-आयतन), र धम्मायतन (धर्म-आयतन) चाहिं पहिलेको आयतनसंग संगठित हुने बाहिरी आयतनहरू हुन् । आन्तरिक आयतनले मात्र स्पर्श गराउन सक्षम नहुने हुनाले बाहिरी आयतनको सहयोगद्वारा नै ती आन्तरिक आयतनहरूले स्पर्श उत्पन्न गराउन सक्दछन् । त्यसैकारण निदान वग्ग संयुक्तमा – “ **चक्खुं च पटिच्च रुपे च उप्पज्जति चक्खुविञ्ञाण, तिण्णं संगति फस्सो ।**” भनेर उल्लेख गरिएको छ । आँखा र रुपले गर्दा चक्षु विज्ञान जनित हुन्छ भने आँखा, रुप र चक्षुविज्ञान तीनवटाको संगम नै स्पर्श हो । स्पर्श हुनलाई भित्रि-बाहिरी दुबै आयतनहरू आवश्यक हुने हुनाले ‘स्पर्श’को प्रत्यय अथवा कारण ती भित्रि-बाहिरी आयतन १२ वटै लिनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

ऐना र पानीले आफ्नो अगाडि आउने पदार्थको छाँया आफूभित्र लिने गरेझैं चक्षुं-आयतन भनिने चक्षु-प्रासादमा पनि अगाडि आउने वस्तुको छाँया लिने स्वभाव हुन्छ । रुपमा झैं छाँयामा पनि छाँया हुन्छ । त्यो रुप-छाँया जस्तै आँखाले देखिदैंन । श्रोतायतन वा श्रोत-प्रासादमा शब्द-छाँयालाई आफूभित्र लिने स्वभाव हुन्छ । यसरी हरेक आयतनमा आ-आफ्नो विषयगत वा सम्बन्धित वस्तुको छाँया लिने स्वभाव हुन्छ ।

जसरी सलाई-काँटी र सलाई-बट्टाको घर्षणबाट आगो बाल्न सक्ने शक्ति ती दुबैमा निश्रित भएको हुन्छ, त्यस्तै हात र बाजाको घर्षनबाट आवाज निकाल्न सक्ने शक्ति ती दुबैमा निहित भएको हुन्छ त्यसरी नै आयतनहरूमा एकापसमा मिलन भएको खण्डमा त्यसानुसारको विज्ञान उत्पन्न गर्ने शक्ति लुकेको हुन्छ। चक्षु आयतन र रुपायतन (आँखा र रुप) मिलेको खण्डमा चक्षुविज्ञान उत्पन्न हुन्छ अथवा हामिले 'रुप' देख्दछौं ।

यहाँ चक्षु-आयतन (आँखा) रुपायतन (रुप-दृश्य) र चक्षुविज्ञान सहित मन-आयतन (मन-चित्त) भन्ने धर्मताहरू तीनवटा मिलेपछि, एक भएपछि त्यहाँ चक्षु-सम्पर्क (चक्षु-स्पर्श) उत्पन्न हुन्छ । 'चक्षु-स्पर्श' भन्नाले परस्पर छुट्टाउन नसकिने गरी चक्षुविज्ञानसंग बाँधिएर चक्षु-आयतनको आश्रय लिई, रुप-आयतनलाई निमित्त बनाई सृजना हुने कुनै एक किसिमको 'चेतसिक धर्म' भन्ने बुझिन्छ । यहाँ 'तीष्णं संगति फस्सो' भनी रुप, आँखा र चक्षुविज्ञान यी तीनको सम्बन्धले स्पर्श हुन्छ भनी छोटकरीमा देखाइएको छ । तर ती तीन धर्मताको संगमले मात्र 'स्पर्श' पूरा रुपले सृजना हुँदैन भन्ने कुरा बुझ्नु पर्दछ । कुनै पनि प्राणीलाई चक्षु आदि आयतन भएपछि ती आयतन (इन्द्रिय) हरू स्वस्थ रुपले रहन्छन् भने र, त्यहाँ रुप आदि निमित्तको घर्षण भई चक्षुविज्ञान (दृश्य) सृजना भई त्यस दृश्यसंग स्पर्श (सम्पर्क) हुन जान्छ । त्यसकारण आयतनहरूको कारण स्पर्शको उत्पत्ति हुन्छ भनेर बुद्धले भन्नु भएको छ ।



Downloaded from http://www.dhamma.digital

## V. फस्स पच्चया वेदना :-

**"तत्थ कतमा फस्स पच्चया वेदना ? चक्खुसम्फस्साजा वेदना, सोतसम्फस्सजा वेदना, घाणसम्फस्सजा वेदना, जिव्हासम्फस्सजा वेदना, कायसम्फस्सजा वेदना, मनोसम्फस्सजा वेदना, अयं वुच्चति फस्स पच्चया वेदना ।"**

यसरी विभङ्ग पालिमा आँखाको स्पर्शले हुने वेदना, कानको स्पर्शले हुने वेदंना, नाकको स्पर्शले हुने वेदना, निव्रोको स्पर्शले हुने वेदना शरीरको स्पर्शले हुने वेदना, मनको स्पर्शले हुने वेदना भनि स्पर्शको कारण उत्पन्न हुने ६ किसिमका वेदनाहरू (संवेदना-अनुभूति) देखाइएको छ ।

रस अनुभूतिको आधारमा सुख वेदना, दुःख वेदना र उपेक्षा वेदना भनी स्पर्शको कारण उत्पन्न हुने वेदना तीन प्रकारका छन् ।

विज्ञानको आधारमा जानिलिने पदार्थलाई आरम्मण (आलम्बन) भनिन्छ। कुनै पनि पदार्थमा वा निमित्तमा राम्रो, नराम्रो , मध्यस्थ भन्ने तीन प्रकारका 'धारणा' हुन्छन् । र, पदार्थ वा निमित्त प्रति हुने ती तीन प्रकारका 'धारणा' लाई यहाँ आरम्मण रस भनिन्छ । यहाँ आरम्मण र आरम्मण रसमा भिन्नता पाइन्छ । ती दुबै एउटै होइनन् र त्यसरी सम्झिलिनु पनि हुँदैन । यहाँ रस भन्नु आरम्मण-पदार्थको गुण विशेष हो । विज्ञानले आरम्मण थाहा पाउने गर्दछ । तर, त्यसमा निहित रस विज्ञानलाई थाहा हुँदैन । कुनै पनि निमित्त लिएर विज्ञानको उत्पत्ति हुँदा त्यो संगै स्पर्श चेतसिक (चेतना) पनि उत्पन्न हुन्छ । स्पर्शविना कहिले पनि विज्ञानको प्रभव हुँदैन । स्पर्श, विज्ञानलाई निमित्त लिनको लागि सहायक हुन्छ । स्पर्शको हेतुले आरम्मणको रस उद्दीपन हुन्छ । र, आरम्मण रस उद्दीपन गर्नु स्पर्शको विशेष कृत्य हो ।

आलम्बन रस उद्दीपन गरिदिने त्यो स्पर्श चैतसिक; रस निकाल्न कागति वा सुन्तला निचोर्ने हातझैं, जिब्रोलाई स्वाद, दिलाउन आहार



Downloaded from http://www.dhamma.digital

(खाना) चपाउने दाँतझैं सम्झिनु पर्दछ। स्पर्शले आलम्बनरसलाई बाहिर ल्याउँछ तर त्यसको रस अनुभव गर्न सक्दैन । स्पर्शले आरम्मण रस उद्दीपन गर्दा बाहिर ल्याउँदाखेरि ती रसलाई जानिलिने, अनुभूति गर्ने स्वभावको निर्माण हुनजान्छ र यहाँ वेदना भन्नाले ती रसलाई जानिलिने वा अनुभूति गर्ने स्वभाव बुझिन्छ। त्यो विज्ञान र स्पर्श दुबैबाट फरक चैतसिक (चेतना) धर्म हो। सामान्यतः वेदना भन्नुको अर्थ दुःख हो। तर यहाँ वेदना भन्नाले सुख, दुःख र उपेक्षा-मध्यस्थ भाव (नसुख नदुःख) भन्ने तीन प्रकारका अनुभूतिलाई नै लिइन्छ ।

राम्रो निमित्तको असल भाव स्पर्शले उद्दीपन गरेपछि ती उद्दीप्न-असलभावको अनुभूति गर्ने स्वभावलाई सुख वेदना भनेर भनिन्छ। सोमनस्स वेदना (सौम्य वेदना) भनेर पनि चिनिन्छ। नराम्रो निमित्तको खराव भाव अनुभव गर्ने स्वभावलाई दुःख वेदना वा दोमनस्स वेदना (दौर्मनष्य) भनेर चिनिन्छ। यी दुबै नहुने उपेक्षा भाव अनुभव गर्ने स्वभावलाई अदुःख-असुख वेदना भनेर चिनिन्छ। आरम्मण वा निमित्तको कुनै निश्चित मापदण्ड हुँदैन । कसैलाई राम्रो लाग्ने कुरा कसैलाई नराम्रो लाग्दछ भने कसैलाई नराम्रो लाग्ने कुरा कसैलाई राम्रो लाग्दछ वा ठिक्कै लाग्दछ। सर्पलाई सर्पिनी अतिसुन्दर लाग्दछ तर भ्यागुतालाई भने अति नै नराम्रो लाग्दछ। काल, देश, द्वार अनुसार पनि आरम्मण (निमित्त) हरूको इष्ट वा अनिष्ट भाव फरक हुनजान्छ ।

विज्ञान र वेदनाको शक्ति स्पर्श अनुसार घटबढ हुनजान्छ। टाढा रहेको वस्तु प्रति मन्दस्पर्श हुने हुनाले त्यो वस्तु देख्ने व्यक्तिलाई त्यस वस्तुको निमित्त तत्वाकारले ग्रहण गर्न असजिलो, दुर्वल विज्ञान पैदा हुन्छ । त्यो विज्ञानसंगै जनित हुने वेदना पनि आलम्बन रस सही तरिकाले अनुभूति गर्न नसक्ने दुर्वल वेदना मात्र हुन्छ। निमित्त शूक्ष्म हुँदा स्पर्श पनि दुर्वल भएर दुर्वल-विज्ञान वा वेदना उत्पन्न हुन्छ। कुनै कारणले गर्दा दुर्वल स्पर्श हुँदा त्यसबाट इच्छित निमित्त सम्बन्धमा पनि दुर्वल अथवा उपेक्षित वेदना उत्पन्न हुनजान्छ। कुनै पनि तरिकाले स्पर्श उत्पन्न भएमा त्यहाँ अवश्य पनि वेदनाको उत्पत्ति हुनजान्छ र, ती वेदनालाई रोक्न सक्ने शक्ति वा व्यक्ति हुँदैन । स्पर्श भएमा त्यस अनुसारको वेदना पनि सृजना हुन्छ। त्यसैकारण बुद्धले 'फस्स पच्चया वेदना' भनी प्रकाश गर्नुभएको हो ।



Downloaded from http://www.dhamma.digital

# VI. वेदना पच्चया तण्हा :-

संसार-चक्रमा घुमिरहने पृथग्‌जन प्राणीहरूले श्रेष्ठ ठान्ने, सबभन्दा मीठो अनुभव गर्ने सुख वेदना-सौम्य वेदना भन्ने सुखानुभूतिलाई नै हो। उनीहरू यो संसार देखि विरक्त नहुने र बीच बीचमा ती दुःखहरू भोग्नु परे पनि उनीहरूलाई वाक्क नलाग्ने अनुभव समय समयमा हुने ती सुख वेदनाले गर्दा नै हो । उनीहरूले लोग्ने-स्वास्नी, छोरा-छोरी, ज्ञाति-मित्रादिलाई उत्तम ठान्ने पनि त्यही सुख पाउनको निम्ति सहयोगी हुने व्यक्तिहरू भएकोले नै हो। ती सुखानुभूति विनापरिवार वा विनावस्तुहरू पाउन सकिन्छ भने कसैले पनि परिवारलाई ठूलो सम्झंदैनन् र माया पनि गर्दैनन् । प्राणीहरूले ती सुखानुभूतिलाई नै परम सुख सम्झिने भएकोले त्यसको लागि नगर्ने, नभोग्ने दुःख हुँदैन ।

प्राणीहरूको लागि अप्रिय, नराम्रो लाग्ने, भय-डर लाग्ने नै दुःख वेदना वा दोमनस्स वेदना भनिने दुःखबाट हो । प्राणीहरूले कुनै पनि काम वा क्रिया गर्दछन् भने त्यो सबै गर्ने सुखको लागि, सुख प्राप्तिको लागि र दुःख हटाउनको लागि हो । वेदयित (अनुभव गर्ने) सुख उत्तम सम्झिने पृथगजनलाई इच्छित रुपादिको स्पर्शले सुख वेदना वा सौम्य वेदनाको अनुभूति हुँदा "अहा ! अति नै सुख छ, आनन्द छ, धेरै नै राम्रो छ, हर्षपूर्ण छ" इत्यादि तरिकाले त्यस सुखानुभूतिप्रति तृष्णा उत्पन्न हुनजान्छ ।

अनिच्छित निमित्तको स्पर्शले दुःख, दौर्मनस्यादि वेदना उत्पन्न हुँदा र ती दःखले पीडित हुँदा पनि "सुख चाहिन्छ, सुख कसरी पाउने, सुख पाए हुन्थ्यो" आदि तरिकाले सुख वेदनाप्रति नै तृष्णा जाग्दछ । दुःखले पीडित व्यक्तिले दुःखबाट टाढा तर सुखको अनुभव गर्न नसकेता पनि, उपेक्षा वेदना मात्र उत्पन्न भए पनि; यति मात्र भए पनि हुन्छ । कमसेकम दुःख त भोग्नु परेन, यो पनि एक किसिमको सुख नै हो भनी त्यसप्रति तृष्णा जगाउँदछ । त्यसरी ती त्रिविध वेदनाहरूले गर्दा तृष्णा, राग, इच्छा आशादि उत्पन्न हुन्छन् । त्यसैले 'वेदना पच्चया तण्हा' भनी



Downloaded from http://www.dhamma.digital

बुद्धले प्रकाश पार्नु भएको हो । विभङ्ग पालिमा वेदना प्रत्ययले उत्पन्न गर्ने तृष्णाको बारेमा यसरी उल्लेख गरिएको छ ।

**“तत्थ कतमा वेदना पच्चया तण्हा ? रुप तण्हा, सद्द तण्हा, गन्ध तण्हा, रस तण्हा, पोट्ठब्ब तण्हा धम्म तण्हा, अयं वुच्चति वेदना पच्चया तण्हा ।”**

रुप तृष्णा, शब्द तृष्णा, गन्ध तृष्णा, रस तृष्णा, स्पर्श तृष्णा र धर्म तृष्णाहरू वेदना प्रत्यय-हेतुले जनित हुने तृष्णा हुन् भनेर भनिएको छ र यसको उल्लेख माथि गरिएको छ ।

चक्षु-आयतन र मन-आयतन (आँखा र मन) दुबैमा स्पर्श हुने रुपको कारण उत्पन्न हुने तृष्णालाई ‘रुप-तृष्णा’ भनिन्छ । यसरी नै श्रोत-आयतन (कान) र मन-आयतन (मन) दुबैमा स्पर्श हुने शब्दको कारण “शब्द-तृष्णा” उत्पन्न हुन्छ । घ्राण आयतन (नाक) र मन-आयतन (मन) दुवैमा स्पर्शहुने गन्धको कारण ‘गन्ध-तृष्णा’ उत्पन्न हुन्छ । जिह्वायतन र मन आयतनमा रसको स्पर्शले गर्दा रस-तृष्णा उत्पन्न हुन्छ । कायायतन र मन आयतनमा स्पर्श हुने घर्षणको स्पर्श-तृष्णा उत्पन्न हुन्छ । मन आयतनमा मात्र स्पर्श हुने धम्मारम्मण (धर्म)*को कारण धर्म-तृष्णा उत्पन्न हुन्छ ।

वेदनाको कारण ६ प्रकारका तृष्णा सृजना हुने क्रम यसरी थाहा पाउनु पर्दछ । कुनै एक रुप-सौन्दर्यले युक्त भद्र युवतिमा अथवा अङ्ग-प्रत्यङ्गमा देख्नेहरूको ‘आँखा र मन’ आर्कषित, प्रमोदित गर्न सक्ने एक प्रकारको आर्कषण शक्तिको स्वभाव हुन्छ । त्यसै स्वभावलाई यहाँ रुप-रस भनिन्छ । ती युवति देख्ने कुनै पनि पुरुष-युवकलाई; ‘आँखा र मन’ दुबैबाट स्पर्श हुनाका कारण ती युवतिप्रति युवकको मनमा त्यस युवतिको ‘रुप-रस’ उत्पन्न गराइदिन्छ । त्यही रुप-रसको कारण पुरुषको मनमा – ‘यी युवति धेरै राम्री छिन्, सुन्दरी छिन्, असल छिन्’ आदि प्रकारले त्यस रुप-रस अनुभूति गर्ने वेदना उत्पन्न हुन्छ । त्यही वेदना अनुभवको कारण उसको मन प्रसन्न-आनन्दित हुन्छ । सूर्य रश्मिको

** धम्मारम्मण; धर्म :- कुनै हेतुले गर्दा उत्पन्न हुने कुनै पनि फललाई अथवा हेतुफललाई यहाँ धर्म भनिन्छ ।*



Downloaded from http://www.dhamma.digital

किरणको स्पर्शले प्रफुल्लित कमलझैं हुन्छ । र, मन संगै अनुहार पनि प्रवोधित हुन्छ । त्यसकारण त्यो वेदना त्यो पुरुषलाई राम्रो लाग्दछ, उत्कृष्ट लाग्दछ, मीठो लाग्दछ । र, त्यो पुरुषमा ती वेदनाप्रति राम्रो, मीठो, असल आदि तरिकाले तृष्णा जाग्दछ , लोभ जाग्दछ ।

वेदना एक प्रकारको धर्म हो । त्यसकारण वेदनाप्रति उत्पन्न हुने तृष्णालाई 'धर्म-तृष्णा' भनिन्छ । रसिलो, सौम्य वेदना उत्पन्न भएको युवतिको रुप-रसको कारणले हो । त्यसकारण ती रसिलो, सौम्य वेदनाको उत्पत्ति कारक भएको रुप-रस प्रति 'यो राम्रो, असल, उत्कृष्ट, मीठो छ' भनी तृष्णा, आशा जनित हुनजान्छ । ती तृष्णालाई नै यहाँ रुप-तृष्णा भनिन्छ ।

जसरी सानो सलाईको काँटीबाट बलेको आगोको झिल्का सुकेको पातको रासिमा पुगेर छुन पुग्दा अग्नि ज्वाला बन्दछ, त्यसरी नै रुप-रसको कारण उत्पन्न भएको त्यो तृष्णा पनि पछि त्यस्तै उपयुक्त ठाउँमा पुगेर महातृष्णा स्कन्ध बन्दछ ।

रुपरसलाई मन पराउने व्यक्ति, त्यस रुपरसको कारण त्यो रुप रस भएको वस्तुप्रति अथवा स्त्री-शरीरलाई 'यो स्त्री राम्री छे, असल छे, प्रिय छे' भनी मनपराउँछन् । ती शरीर प्रतिको आकर्षणले गर्दा, मायाले गर्दा ती शरीर सजाउने, अलंकृत गर्ने वस्त्राभरण, गहना, सेन्ट (सुगन्धित वस्तु) आदि प्रति आशा उत्पन्न हुनजान्छ । र, ती स्त्रीलाई आफ्नो बनाउने इच्छा-चाहना पनि जनित हुन्छ । त्यसपछि ती स्त्रीको ज्ञाति-मित्रादिप्रति पनि तृष्णा उत्पन्न हुन्छ । पछि तीनलाई पोषण गर्न आवश्यक पर्ने आहार-पान, विभिन्न सर-सामान, घर-जग्गा, धनप्रति तृष्णाउत्पन्न हुन्छ । यसरी एकपछि अर्को गर्दै त्यो रुप-तृष्णा पनि बढ्दै जान्छ । त्यो तृष्णा रुप-शब्दादि मध्ये जे सुकैमा परेर बृद्धि भएतापनि 'रुप-रस' मुख्य र मूल भएकोले रुप-तृष्णा भनेर नै चिनिन्छ ।

यस तृष्णा स्कन्धलें दीर्घकालसम्म मानवलाई जलाउँदछ, तड्पाउँदछ । माथि उल्लेख गरिएको मात्र स्त्री-रुपको कारण तृष्णा उत्पन्न र बृद्धि गर्ने आकार प्रकार हो । यसरी रुप-तृष्णा उत्पन्न हुने 'स्त्री-रुप'को कारणले मात्र होइन । 'रुप-रस' भएका जीवित-निर्जीव



Downloaded from http://www.dhamma.digital

धेरै अरू वस्तु-पदार्थहरू यस विश्वमा विद्यमान छन्। 'रुप-रस' आश्वादन गर्ने वेदना जागृत भएमा जुनसुकै रुपबाट पनि रुप-तृष्णाको उत्पत्ति र बृद्धि हुनजान्छ। त्यो कसरी हुनजान्छ भनेर माथि उल्लेखित व्याख्यानुसार नै जान्नु पर्दछ । किन कि ती सबैको व्याख्या त्यसमा अन्तर्निहित हुन्छ ।

शब्दहरूमा भएको माधुर्य र सुरिलोपन नै शब्दरस हो । तरुण-तरुणीहरूको स्वरमा बाल-बालिकाहरूको स्वरमा, तुर्यभाण्डहरूमा शब्दरस बढी नै हुन्छ । गन्धहरूमा भएको सुगन्ध नै गन्धरस हो । आहार-पानादिमा भएको गुलियो-नुनिलो-अमिलो आदि स्वादहरू नै स्वादरस वा रस-रस हुन् । शरीरसंग घर्षण हुने ठोस, नरम, चिसो, तातो, ठूलो, सानो आदिको प्रियभाव स्पर्शरस हो । शब्द-रसादि यी चार प्रकारका रसहरूको कारणले शब्द तृष्णादि चार तृष्णाहरू उत्पन्न भई, अग्निज्वालाभैँ बृद्धि भई प्राणीहरूलाई तड्पाउने आकारलाई माथि रुप-तृष्णा सम्बन्धमा उल्लेख गरिएभैँ लिनुपर्दछ ।

रुप, शब्द, गन्ध, रस, स्पर्श यी पाँचबाहेक अन्य सबैलाई व्यवहार गरिने नाम 'धर्म' हो । र, धर्म धेरै छ, प्रभेद युक्त छ । विभाजन हुने धर्ममा पनि अनेक प्रकारका मनोज्ञ भाव-स्वभाव हुन्छन । साधारणतया त्यस स्वभावलाई नै धर्म-रस भनिन्छ । धर्मरसको अनुभवले वेदनाबाट उत्पन्न हुने धर्मरसप्रति जाग्ने तृष्णालाई यहाँ धर्म-तृष्णा भनिन्छ ।

जिन्दगी, शरीर-शक्ति, चक्षुरादि इन्द्रियहरू बाक् चातुर्य क्रिया-चातुर्य, बीर्य, निर्भय, बुद्धि, ज्ञान, करुणा, दृष्टि, मान, द्वेष, अहङ्कार, मैत्री, श्रद्धा, लोभ, इर्ष्या, शील, भावना, समाधि आदि तृष्णाको हेतु बन्ने धर्मरस भएका निमित्तहरूमध्ये केही मात्र हुन् । यो एक-एकको कारण धर्म-तृष्णा उत्पन्न भई बृद्धि हुने तरिका देखाउन गएमा धेरै लामो हुने हुनाले यहाँ बुझ्नलाई पर्याप्त हुने एक दुई कारण मात्र र, त्यसबाट कसरी धर्मतृष्णा उत्पन्न हुन्छ भनेर ब्याख्या गरिनेछ ।

कुनै एक पिताको एक वीर, वीरताले सम्पन्न पुत्र रत्न (छोरा) छ । वीर्य अर्थात वीरत्व एक प्रकारको अर्थपूर्ण 'धर्म' हो । त्यसकारण छोराको त्यो वीरत्व निमित्त हुनासाथ पिताको मनमा प्रवोध, सुखावबोध,



Downloaded from http://www.dhamma.digital

प्रीति-हर्षादिको सृजना हुन्छ । छोराको वीरत्वमा भएको पिताको मन प्रसन्न गर्नसक्ने, खुसी पार्न सक्ने स्वभाव नै यहाँ वीर्य सहितको 'धर्मरस' हो । छोराको वीर्य भाव पिताको मनमा केन्द्रित हुँदा हुने घर्षण अथवा स्पर्शले वीर्यसहित धर्मको रस सृजना हुनजान्छ । त्यसकारणले 'यो वीर्य धेरै राम्रो छ, उत्तम छ' आदि तरिकाले त्यो रस अनुभव गर्ने सौम्य वेदनाको सृजना हुनजान्छ र त्यही वेदनाको कारण छोराको वीर्य अथवा वीर्य-भाव असल छ, राम्रो छ, अर्थपूर्ण छ भनेर त्यसप्रति तृष्णा उत्पन्न हुन्छ । पहिले त्यो वीर्य-भावको सम्बन्धमा सृजित तृष्णा पछि गएर 'मेरो छोरा राम्रो छ, असल छ' आदि तरिकाले छोराको सम्पूर्ण शरीरसंग सम्वन्धित भई बृद्धि हुनजान्छ। र, अन्त्यमा छोरालाई आवश्यक अरू सर-सामानप्रति पनि तृष्णा जाग्दै विशाल हुनजान्छ ।

प्रेम भन्नु पनि तृष्णा वा चाहनाको अर्को नाम हो। कुनै केटीले एक केटालाई प्रेम गर्छे, प्रेम भनिने चाहना केटाको मनमा स्पर्श हुँदा त्यहाँ भएका चाहनाको (धर्मरस) अनुभूति लिने सौम्य वेदना केटामा सृजना हुनजान्छ। ती इच्छाहरूले गर्दा केटामा प्रेमप्रति तृष्णा जाग्दछ। त्यसपछि उसले उनले मलाई प्रेम गर्छे भन्ने भावनाले उसको शरीरसंग पनि त्यो तृष्णा सम्बन्धित भई विकाश हुन्छ । र, उनको हरेक अङ्ग-प्रत्यङ्गसंग तृष्णा जाग्दै तृष्णा बृद्धि हुँदै जान्छ। त्यसपछि त्यस केटीलाई खुसी तुल्याउनको लागि आवश्यक वस्तुहरूसंग पनि त्यो तृष्णा सम्बन्धित हुनजान्छ। यसरी तृष्णारुपी वृक्ष विभिन्न हाँगाहरूको स्वरुप लिई विशाल हुनजान्छ । यसरी कुनै व्यक्तिको मनमा उत्पन्न भएको चाहनाको कारण कहिलेकाहीं आफूभित्र जनित एक तृष्णाको कारणले पनि तृष्णा समूह उत्पन्न हुन सक्दछ ।

माथि उल्लिखित नभएका विषयको सम्बन्धमा पनि यसरी नै धर्म तृष्णा उत्पन्न हुनजान्छ भनेर बुझिलिनु पर्दछ । यी ६ प्रकारका तृष्णाहरूमध्ये एउटा चाहिं काम तृष्णा, भव तृष्णा र विभव तृष्णामा विभाजित भई त्रयाकार हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## VIII. तण्हा पच्चया उपादानं :-

**"तत्थ कतमं तण्हा पच्चया उपादानं ? कामूपादानं, दिट्ठुपादानं, सीलब्बतुपादानं, अत्तवादुपादानं, इदं वुच्चति तण्हा पच्चया उपादानं ।"**

काम-उपादान, दृष्टि-उपादन, सीलव्रत-उपादान र आत्म-उपादान भन्ने चार प्रकारका उपादानहरू तृष्णाको कारण उत्पन्न हुने उपादान हुन् भनी विभङ्ग पालिमा उल्लेख गरिएको छ ।

'आदान' भन्नुको अर्थ लिनु वा ग्रहण गर्नु हो । सर्पले भ्यागुतो समाते जस्तै, न्याउरी मुसाले सर्पलाई समाते जस्तै सजिलै नछोड्ने गरी दह्रोसित ग्रहण गर्नुलाई उपादान भनिन्छ । मनमा सृजना हुने कुनै पनि धर्म (चेतना) निमित्तलाई दृढसंग ग्रहण गर्दछ भने त्यसलाई पनि उपादान भनिन्छ । यहाँ उपादान भन्नाले निमित्तहरूलाई दह्रोसंग ग्रहण गर्ने वा समात्ने चैतसकि धर्मलाई भन्ने बुझिन्छ । तिनीहरू चाहिं माथि उल्लिखित चार नै हुन् । छोटकरीमा भन्ने हो भने तृष्णा र दृष्टि नै उपादान हुन् ।

'काम' भन्नाले मनपराउनु पर्ने वस्तु वा चीज, त्यसलाई मनपराउने इच्छा वा चाहना भन्ने दुबै अर्थमा लिन सकिन्छ । 'काम' भन्ने शब्दको अर्थ मनपराउनु पर्ने माया गर्नु पर्ने वस्तु वा चीज भनेर लिदाँ ती वस्तु वा चीजलाई गहिरोसंग वा बलियोसंग ग्रहण गर्ने वा लिने धर्मलाई काम-उपादान भनिन्छ । 'काम' भन्ने शब्दको अर्थ इच्छा वा चाहना गर्ने तृष्णा भनेर लिँदा तृष्णासहित गहिरो रुपले दरोसंग ग्रहण गर्ने तृष्णा नै काम-उपादान हुनजान्छ ।

कुनै पनि वीजबाट भर्खर-भर्खर बिरुवा उम्रँदा दुर्वल हुन्छ र सजिलै विनाश गर्न अथवा उखेल्न पनि सकिन्छ । रोपेको ठाउँबाट अन्यत्र सार्न सकिन्छ । तर बर्षौं वितिसकेपछि त्यो बिरुवा ढाकिरहेका



Downloaded from http://www.dhamma.digital

ठूला-साना हाँगा-उपहाँगाहरूले भरिपूर्ण भएको, जमिनमुनि गहिरोसंग जताततै फैलिसकेको मूल-हाँगाहरू भइरहेको हुनाले हात्तीले पनि हल्लाउन नसकिने, सजिलै नष्ट गर्न नसकिने, जरा लिइरहेको ठाउँबाट अन्यत्र सार्न नसकिने महावृक्षमा परिवर्तन हुन्छ। अहिलेको यो रुख त्यसबेलाको त्यो विरुवा होइन। त्यसरी नै, कुनै पनि निमित्तले पनि शुरुशुरुमा दुर्वल तृष्णा पैदा गर्दछ। कहिलेकाहीं त्यो तृष्णा पनि रुख बन्न नपाउँदै विनाश भएर जाने विरुवा जस्तै टाढा भई विनाश भएर जान्छ। र, टाढा भगाउन-छोड्न चाहेमा सजिलैसित भगाउन-छोड्न सकिन्छ। तर, शुरुमा टाढा नभएमा, र त्यो निमित्तमा नै फेरि फेरि त्यो तृष्णा सृजना हुन थालेमा भने बढेर विशाल रुख भएझैं त्यो पनि बढेर विशाल भएपछि विनाश गर्न नसकिने, टाढा गराउन धेरै पुश्किल पर्ने गहिरो तृष्णा बन्न पुग्दछ। र, त्यही बलसम्पन्न तृष्णालाई काम-उपादान भनिन्छ।

उपादानत्वमा परिवर्तित तृष्णा हटाउन वा दूर गर्न बुद्धलाई पनि असजिलो हुन्छ। आफ्नो शासनमा प्रवज्जित भएका नन्दकुमारको तृष्णा हटाउन र पाँचसय शाक्य-कोलिय कुमारहरूको तृष्णा हटाउन तथागतले ठूलो उपाय गर्नु परेको थियो। अपरिपक्व र परिपक्व रुपमा तृष्णा द्वय 'धर्म'अनुसार समान भए पनि बिरुवा र रुख जस्तै तत्वानुसार धेरै फरक हुन्छन्। जुन कुनै निमित्तप्रति फेरि फेरि तृष्णा जाग्न थाल्यो भने त्यो अभिवृद्ध भई शक्तिसम्पन्न बलसम्पन्न हुने निश्चित छ।

कुनै वस्तु सर्वप्रथम देख्दा त्यो वस्तु राम्रो छ, असल छ भनी तृष्णा उत्पन्न हुन्छ। अनि त्यो तृष्णा फेरि फेरि उत्पन्न हुनथाल्यो भने त्यो वस्तु नै आफ्नो बनाउने आशा उत्पन्न हुनजान्छ। फेरि, आफ्नो बनाईसकेपछि अरूले नलिने, अरूलाई प्राप्त नहुने, अरूको नहुने गरी आरक्षा-सुरक्षा गर्ने आशा-इच्छा उत्पन्न हुन्छ। यसरी तृष्णाको बृद्धि हुनजान्छ। स्त्री-पुरुष, कुनै कुनै आहार-पान, मत्स्य-मांस, मद्य-सुरापान, मैथुन, जुवा, धन-सम्पत्ति आदिको सम्बन्धमा उत्पन्न हुने तृष्णा विशेषगरी बृद्धि र विकाश भई उपादानत्वमा पुग्दछ। तर यहाँ



Downloaded from http://www.dhamma.digital

'वेदना पच्चया तण्हा' भन्नाले बृद्धि नभएको, विकाश नभएको, दुर्वल तृष्णालाई भनिएको बुझिन्छ। 'तण्हा पच्चया उपादान' भन्ने अवस्थामा पुग्दा तृष्णा बृद्धि-विकाश भई शक्तिसम्पन्न भइसकेको हुन्छ । यसरी रुपादि निमित्तप्रति वेदना प्रत्ययले गर्दा पहिले तृष्णा उत्पन्न नभएमा पछि उपादान भन्ने दृढ-तृष्णा उत्पन्न नहुने हुन्छ। उपादान उत्पन्न हुनु नै दुर्वल तृष्णा उत्पन्न भए मात्र हुन् । त्यसैकारण तृष्णाको कारण उपादान हुन्छ भनेर देशना भएको हो ।

दृष्टि-उपादान, शीलव्रत-उपादान, आत्मवाद-उपादान आकारले तीन प्रकारबाट भएतापनि धर्मानुसार एउटै दृष्टिमा पर्दछ । देख्नु-जान्नु-सहमति जनाउँनुलाई दिट्ठि अथवा दृष्टि भनिन्छ। त्यो पनि सम्मादिट्ठि (सम्यक दृष्टि) र मिच्छादिट्ठि (मिथ्या दृष्टि) दुई प्रकारका हुन्छन्। कुनै पनि कुरा, वस्तु, पदार्थ, विचारादि सही तरिकाबाट "जस्तो छ त्यस्तै देख्नु" वा यथार्थमा देख्नु सम्यक दृष्टि हो । यथार्थ रुपबाट नदेखीकन अन्यरुपबाट देख्नु मिथ्या दृष्टि हो । अथवा कुनै हेतुले सिद्ध हुने कुरा अन्य हेतु वा विनाकारण सिद्ध हुन्छ भनी देख्नु र नभएका कुरा भएझैं देख्नु, भएका कुरा नभएझैं देख्नु मिथ्यादृष्टि हो । अकुशल कथा विषयको सम्बन्धमा मिथ्यादृष्टि देखाउनुलाई 'दिट्ठि-दृष्टि' शब्द मात्र प्रयोग गरिएको देखिन्छ । यहाँ 'दिट्ठि-उपादान' त्यस्तै अवस्थामा प्रयोग गरिएको छ। दिट्ठि-उपादानादि उपादान त्रय व्याख्या गर्दा अन्तिम उपादान भएको अत्तवाद-उपादान देखि व्याख्या गरेमा बुझ्नलाई सजिलो हुने हुनाले त्यहाँदेखि नै व्याख्या गरिन्छ ।

गलत धारणा र विचारले गर्दा वास्तविक रुपमा नभएको 'म' र 'मेरो' रुपमा मात्र व्यवहारिक चलन-चल्ती भएका ती शब्दहरूलाई लिएर कुरा गर्दछ, क्रिया गर्दछ र 'म' र 'मेरो' भन्ने धारणा-भावना गहिरो संग लिन्छ र त्यसरी दृढपूर्वक लिने स्वभावलाई अत्तवाद (आत्मवाद) उपादान भनिन्छ । सुख-दु:ख भोग्दै-अनुभव गर्दै, सोच्दै-विचार गर्दै, भन्दै-बोल्दै, क्रिया-कर्म गर्दै मन र शरीरको अधिपति बन्दै एक एक अंग संग विद्यमान रहने कुनै पदार्थ छ भने विश्वमा त्यसलाई आत्मा भनिन्छ । ती ती व्यक्तिहरू प्रत्येकले त्यसैलाई 'म'



Downloaded from http://www.dhamma.digital

भनेर भन्दछ । कसैले 'म' भन्ने व्यक्तिलाई अरूहरूले क्रमशः तँ, तिमी, तपाई, हजुर साथै मिस्टर, श्रीमान् श्रीमति, सुश्री, मानन्धर, श्रेष्ठ, भट्टराई, जोशी, सर, आमा, बुबा, दाज्यू, भाई, दिदि, बहिनी, राजा, मन्त्री, सचिव आदि आदि भन्दछन् ।

माथि उल्लेख गरिएका वा नगरिएका सम्बोधनहरूले र 'म' भन्ने शब्दले एउटै अर्थ र भाव जनाउँदछ । त्यो हो- आत्मा । यसरी म-तिमी इत्यादि किसिमबाट 'आत्मा'लाई जति ठूलो श्रेष्ठ सम्झे पनि त्यो मनुष्य चित्र भित्र बाहेक वास्तविक रुपमा हुने वा भएको होइन । त्यो एक कल्पना मात्र बाहेक वास्तविक रुपमा भएको होइन भनी सजिलै बुझ्न नसकिने वा नसकेको कारण पनि 'आत्मा छ' भन्ने भावना 'उपादान' भइसकेकोले हो ।

'म, तिमी' आदि वचनहरूले भनिने आत्मा सत्य-वास्तविक रुपमा पाइँदैन-छैन भनेर थाहा पाउन सक्ने, बुझ्न सक्ने यदि 'तिमी' वा 'म' वा व्यक्तिहरू-प्राणीहरू झैं देखिने नामरुप धर्महरू विभाजन गरी ती नामरुप धर्महरूको उत्पत्ति, स्थिति र भङ्ग अवस्था र तरिका परीक्षा गरी हेरेको खण्डमा देखेको खण्डमा मात्र हुन् । खोला छ र भएको धारणा राख्दछन् । तर खोला के हो ? पानी खोला हो भने गाग्रीको पानी पनि खोला नै हुनुपर्‍यो । पानी बग्ने जमिन खोला हो भने पानी नभएको बेलामा पनि जमिन खोला नै हुनुपर्‍यो । यदि किनारा भएका ठाउँ हो भने पानी नभएको तर किनारा भएको अरू ठाउँ पनि खोला नै हुनुपर्‍यो । तर त्यसो होइन । पानी, बग्ने जमीन, र दुई किनारा बाहेक अरू खोला पनि छैन । यसरी भिन्दा भिन्दै छुट्याएर लिएको खण्डमा त्यहाँ साच्चै एउटा वस्तु खोला भन्ने भेट्टाउन सकिंदैन । किन कि त्यो मानिसको मनमा बाहेक वास्तविक रुपमा नभएको हुनाले हो ।

'खोला-नदी-गंगा' जस्तैं 'म-मेरो-तिमी' आदि तरिकाबाट लिईराखेको, सम्झिराखेको 'आत्मा' पनि वास्तविक रुपमा नपाइने हुनाले 'आत्मा' भनी सम्झीएको नाम रुप धर्म समूह विभाजन गरी हेरेको खण्डमा त्यहाँ 'आत्मा' भन्ने देख्न सकिंदैन र 'आत्मा' बिलाएर जान्छ ।



Downloaded from http://www.dhamma.digital

यो कुरा त्यसको 'उत्पत्ति-विनाश' परीक्षा गरी हेर्दा स्पष्ट हुनजान्छ ।

हेर्नु-देख्नु-सुन्नु-खानु-पिउनु कुरा गर्नु आदि क्रियाहरू सिद्ध गर्न कुनै व्यक्ति वा कर्ता हुनुपर्दछ भन्ने धारणा पनि छन् । अनि आत्मा नै त्यो व्यक्ति वा कर्ता भन्ने धेरैको धारणा र विश्वास हुन्छ । तर वास्तवमा त्यस्ता धारणा वा विश्वास सृजना हुनुका कारण ती क्रियाहरू सिद्ध हुने तरिका वा आधार, हेतु प्रत्यय प्रवाह थाहा नपाउनाले मात्र हो । त्यसकारण यो तत्थ्य बुझ्नलाई ती क्रियाहरू सिद्ध हुने तरिकाको सम्बन्धमा विचार गर्नुपर्दछ । हातले तबला बजाउँदा बजाउने तरिका र घर्षणको वेगानुसार ठूलो वा सानो आवाज आउँछ । हात र तबलाको घर्षण विना आवाज वा स्वर निस्कँदैन , त्यस्तै तबलामा पनि हातले लगाउने घर्षण शक्ति बाहेक आवाज र स्वर निकाल्ने भावना छैन । तर, त्यो आवाज वा स्वर हात र तबलाको घर्षण वा सम्बन्ध हुनासाथ आवाज आफै निस्किन्छ । त्यसो भए पनि हाम्रो व्यवहारमा 'तबला बज्दछ' अथवा तबलाले आवाज-ताल निकाल्दछ' भन्ने धारणा हुन्छ । त्यसरी नै आँखामा रुप-छायाँ पर्दा त्यो हेतुले घर्षण भएको रुपको आकार लिने वा निकाल्ने विज्ञान वा शक्ति सृजना हुन्छ । त्यसबाट रुप चिनिन्छ । हामीले देख्ने भन्ने नै त्यसै विज्ञानको सृजनालाई भन्दछौं । तबलाको आवाज एकैक्षणमा विलाएझैं 'देख्ने' विज्ञान पनि एकैक्षणमा विलाएर जान्छ ।

आँखामा हेर्ने भावना वा देख्नसक्ने शक्ति हुँदैन । आँखाले हेर्दैन पनि ! 'देख्ने' भनिने विज्ञानमा पनि आँखामा रुपको घर्षण नभएमा उत्पन्न हुने शक्ति हुँदैन । त्यो 'देखाइ' त आँखा र रुपको बीचमा हुने घर्षणले गर्दा नै आफै सिद्ध हुने हो । त्यो सिद्धिको अज्ञानले गर्दा 'म देख्छु-म हेर्छु' भन्ने भावना वा धारणाको सृजना हुनजान्छ । 'देख्ने' विज्ञानको सृजना पनि आँखामा हुने रुपको घर्षणानुसार नै हुनजान्छ । धेरै टाढा वा धेरै नजिक नभएको ठाउँमा रहेको, धेरै सानो वा धेरै ठूलो नभएको कुनै रुप आँखासंग घर्षण भएमा त्यो वस्तुको आकार राम्रोसंग खिच्न-लिन-ग्रहण गर्न सक्ने बलसम्पन्न विज्ञानको सृजना हुन्छ । प्रकाश कम भएमा त्यस अनुसारको देखाइ पनि धमिलो हुन्छ । वस्तु टाढा रहे



Downloaded from http://www.dhamma.digital

पनि त्यस्तै हुन्छ । केन्द्रविन्दु धेरै नै टाढा छ भने त्यसको देखाइ वास्तविक आकार भन्दा फरक हुनजान्छ। त्यसैकारण चन्द्र सूर्य जस्ता धेरै नै टाढा रहेको वस्तुको वास्तविक आकार हामी देख्न सक्दैनौं ।

यदि अभ्यन्तरमा हेर्नेकाम गर्ने, हेर्ने शक्ति भएको 'म' भन्ने अथवा 'आत्मा' भन्ने छ भने जहिले पनि त्यो आत्माले ती ती वस्तुहरूको वास्तविकता सधैं हेर्न-देख्न सक्ने हुनुपर्दथ्यो । त्यसो नहुनु आँखाको राम्रो-नराम्रो स्थिति अनुसार प्रकाशको घट-बढ अनुसार वस्तुको स्थान टाढा र नजिक रहेको अवस्थिति अनुसार त्यो देखाइ हुने वा देखा पर्ने काम कसैले गर्ने नभई आफै एक-आपसको सम्बन्धले सिद्ध हुने स्थितिले गर्दा हो । यसरी नै सुन्ने, कुरा गर्ने, सोच्ने, काम गर्ने इत्यादि पनि सिद्ध हुने 'देखाई' सिद्ध हुने जस्तो हो । त्यो क्रिया गर्ने व्यक्ति वा कर्ताविना नै हुने हो । त्यसकारण 'म-तिमी-आत्मा' आदि किसिमबाट पृथकजनहरूले सोचे अनुसार वास्तविक रुपमा भेट्टाउन सकिंदैन भन्ने तत्थ्य बुझ्नु पर्दछ । तसर्थ नभएको 'आत्मा ' भएको जस्तो देख्नु, ग्रहण गर्नु मिथ्या दृष्टि हो र यहाँ अत्तवाद उपादान भनेको त्यसरी 'आत्मा'लाई 'म 'लाई दृढ-ग्रहण गर्नु हो ।

कसैको अधिकार नभएको कुनै वस्तु देखेमा त्यसको आशा गर्ने वा राख्ने व्यक्तिले नै त्यसमा अधिकार जमाउँदछ र आफ्नो बनाउँदछ । त्यस वस्तुप्रति आशा वा इच्छा नराख्ने व्यक्तिले त्यो वस्तु छोडेर जान्छ । त्यस्तै, पञ्चस्कन्ध राम्रो छ र असल छ भनी तृष्णा उत्पन्न भएमा त्यो शरीरलाई 'म-मेरो-आत्मा' भनी गहिरोसंग आत्पसात गरिलिन्छ । तृष्णा उत्पन्न नभएमा त्यसरी आत्मसात हुदैन । तृष्णा सृजना भएमा आत्मसात गरिलिने भएकोले प्रतीत्यसमुत्पादमा तृष्णाको कारण उपादान (अत्त-उपादान) हुन्छ भनी उल्लेख गरिएको हो दृष्टिमध्ये प्रधान वा प्रमुख मानिने सत्काय दृष्टि अथवा अत्तवाद-उपादान हो । यो दृष्टि छोडेको खण्डमा अरूदृष्टिहरू पनि दूर भएर जान्छ । सबै दृष्टिहरू सृजना र उत्पन्न भएर आउन यो स्वकाय दृष्टिसंग सम्बन्धित भएर त्यसको शाखा-उपशाखा बनेर नै हो ।


Downloaded from http://www.dhamma.digital

यस विश्वमा धेरै प्रकारका दृष्टिहरू छन् । ब्रह्मजाल सुत्रमा त्यस्ता ६२ वटा दृष्टिहरू उल्लेख गरिएका छन् । ती मध्ये विभिन्न व्रतहरू जस्तै, गाइले जस्तै आचरण गर्नुलाई गोव्रत, कुक्कुरले जस्तो आचरण गर्नुलाई कुक्कुरव्रत भन्दछन् । त्यस्ता अनेकौं व्रतहरू समादन (लिने-ग्रहण गर्ने) हुनेहरूमा सीलब्बत (शीलव्रत) उपादान उत्पन्न हुन्छ । अत्तवाद र सीलब्वत उपादान द्वयमा समावेश नभएको र कुनै शङ्का-उपशङ्काविना अन्य चाहिं बेठीक, गलत, आफुले विश्वास गरेका कुरा मात्र सत्य र ठीक हो भनी ग्रहण गर्ने वा त्यस्तो भावना राख्ने सबै दृष्टिलाई दिट्ठि (दृष्टि) उपादान भनिन्छ । तर गलत धारणा वा दृष्टि भए पनि त्यही सत्य हो, ठीक हो भनी यदि कसैले दृढतापूर्वक ग्रहण गर्दैन र लिदैन भने त्यस्ता दृष्टिहरूलाई उपादान भनिंदैन ।

सबै जसो दृष्टिहरू पञ्चस्कन्धलाई माया गर्नाले शरीरलाई सुखीमय बनाउन विभिन्न मार्गहरू अपनाउनाले उत्पन्न हुन्छन । त्यसैकारण तृष्णाको कारण दृष्टि उपादान हुन्छ भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

# X. उपादान पच्चया भव :-

**“तत्थ कतमो उपादान पच्चया भवो ? भवो दुविघेन अत्थि, कम्म भवो, उपपत्ति भवो । तत्थ कतमो कम्म भवो ? पुञ्ञाभि संखारो, अपुञ्ञाभि संखारो, आनेञ्जाभि संखारो, अयं वुच्चति कम्म भवो । सब्बम्पि भवगामि कम्मं कम्म भवो । तत्थ कतमो उपपत्ति भवो ? काम भवो, रुप भवो, अरुप भवो, सञ्ञा भवो, असञ्ञा भवो, नेवसञ्ञानासञ्ञा भवो, एकवोकार भवो, चतुवोकार भवो, पञ्चवोकार भवो, अयं वुच्चति उपपत्ति भवो । अयं वुच्चति उपादान पच्चया भवो ।”**

विभङ्गपालिमा उपादानको कारण उत्पन्न हुने भवको बारेमा यसरी उल्लेख गरिएको छ ।

“उपादानको हेतुबाट उत्पन्न हुने भव कुन हो ? भव दुई प्रकारले जानी लिनु पर्दछ । कर्म भव र उपपत्ति भव । कर्मभव भन्नाले पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, र आने-जाभिसंस्कारलाई भन्ने बुझिन्छ । ती सबै भवगामि कर्मलाई कर्म-भव भनिन्छ । उपपत्तिभव भन्नाले कामभव, रुपभव, अरुपभव, संज्ञाभव, असंज्ञाभव, नेवसंज्ञानासंज्ञा भव, एक-वकार भव, चतु-वकार भव, पञ्च-वकार भव, भन्ने बुझिन्छ । यी सबै भवहरू उपादानको कारणबाट सृजना हुन्छन् ।

ती भव छोटकरीमा यसरी बुझिलिनु पर्दछ । जब प्राणीहरूमा उपादान भई ती उपादानहरू बृद्धि हुँदैं विशाल हुँदैजान्छ तव त्यसकारणले गर्दा अर्को पदार्थको सृजना र बृद्धि हुनजान्छ । उपादानको कारण सृजना र बृद्धि हुने पदार्थ नै भव हो । प्राणघातादिले गर्दा दश-अकुशल र दानादिले गर्दा दश-कुशल उत्पन्न हुन्छन भने त्यही कुशलाकुशलले गर्दा त्यसपछि त्यसानुसारको भूमिहरूमा उत्पन्न हुने स्कन्ध हुन्छन् । त्यसमध्ये दश-अकुशल र दश-कुशल भनिने पुण्य र पापलाई कर्म भव भनिन्छ । ती कर्महरू गर्नाले उत्पन्न हुने स्कन्धलाई



Downloaded from http://www.dhamma.digital

उपपत्तिभव भनिन्छ । र यो उपपत्तिभव नौ प्रकारका हुन्छन् जुन माथि उल्लेख गरिसकिएको छ ।

नर्क लोक चार, मनुष्य लोक एक र दिव्य लोक छ गरी जम्मा एघार भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई 'काम भव' भनिन्छ । १६ वटा रुप भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई 'रुप भव' भनिन्छ । विनारुप संचरण हुने चार अरुप भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई 'अरुप भव' भनिन्छ । कामभूमि ११ र असंज्ञ भूमि बाहेक बाँकी रुपावचर भूमि १५, अरुप भूमि ३, गरी २९ वटा भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई 'संज्ञाभव' भनिन्छ । असंज्ञ भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई "असंज्ञभव" भनिन्छ । भवाग्र भनिने अन्तिम अरुप भूमिमा जन्मलिने प्राणीहरूको उत्पत्तिस्थानलाई 'नेवसंज्ञानासंज्ञा भव' भनिन्छ ।

'वोकार' स्कन्धको अर्को नाम हो । असंज्ञ भूमिमा 'रुपस्कन्ध' मात्र हुन्छ । त्यसकारण त्यहाँ उत्पन्न हुने प्राणीहरूको जन्मस्थानलाई 'एक-वोकार भव' भनिन्छ । अरुप भूमिमा 'नाम-स्कन्ध' चार वटा मात्र हुन्छ । त्यसकारण त्यहाँ उत्पन्न हुने प्राणीहरूको जन्मस्थानलाई 'चतु वोकार भव' भनिन्छ । 'पंचस्कन्ध' भएका बाँकी भूमिमा उत्पन्न हुने प्राणीहरूको जन्मस्थानलाई 'पञ्च वोकार भव' भनिन्छ ।

प्राणीहरूको स्कन्ध-शरीरमा 'कर्म'को कारण सृजना हुने अङ्गहरू र अन्य हेतुको कारण सृजना हुने अङ्गहरू छन् । यहाँ उल्लेख गरिएका उत्पत्तिस्थान वा जन्मस्थान चाँहि 'कर्म'को कारण हुने हुनाले त्यहाँ उत्पन्न स्कन्धहरू पनि कर्म हेतुको कारणबाट नै हुने हुन् । त्यसैकारण 'उपादान पच्चया भवो' भनी यहाँ कर्मको कारण उत्पन्न स्कन्ध-भवलाई भनिएको हो ।

उपादानबाट कसरी 'भव' हुन्छ त ? कर्म-भव र उपपत्ति भव दुईमध्ये कर्म भव; अकुशल, कर्मभव, कुशल कर्मभव भनिने दुइ प्रकारका हुन्छन् । तृष्णा; रुपतृष्णादि ६ प्रकारका भए जस्तै काम-उपादान, रुप-काम उपादानादि ६ प्रकारका नै हुन्छन् । मांस स्वाद



Downloaded from http://www.dhamma.digital

रसमा लालयित भएकालाई निरन्तर मांस रसास्वादन गर्ने मन र चाहना वा इच्छा हुन्छ । त्यसकारणले खरी, कुखुरा आदि सत्वहरू मार्न वा मार्न लगाउन थाल्दछन् । यहाँ मांस रसको चाहना-आशा नै काम-उपादान हो । उसलाई ती सत्वहरू मार्ने वा मार्न लगाउने कर्म त्यही आशा वा काम-उपादानले अग्रसर गराउँदछ । कसैले आफूले आशा गरेका वस्तुहरू विनाश गर्ने सत्वहरू मार्दछन् , मार्न लगाउँदछन् । कसैले आफूले इच्छा गरेको वस्तुहरू किन्न पैसाको लागि पनि सत्वहरू मार्दछन्, मार्न लगाउँदछन् । कसैले आफ्नो बाल-बच्चाहरू, आफ्नो परिवार पालन-पोषण र रक्षा गर्नलाई मार्दछन्, मार्न लगाउँछन् । ती सबै कर्म काम-उपादानको कारणबाट हुन्छन् ।

कुनै कुनै मिथ्यादृष्टिकहरूले देवी-देवताहरू खुसी पारेर, सन्तोष पारेर दिव्यलोक जाने आकंक्षाबाट देवी-देवतालाई पूजा गर्नको लागि (बलि चढाउनको लागि) सत्व (पशु-पन्छी)हरू मार्दछन् । मार्न लगाउँछन् । कसै-कसैले देवी-देवता सन्तोष पार्न, दान गर्न प्राणीहिंसा गर्दछन्, गराउँदछन् । कसै-कसैले सत्वहरू मनुष्यको प्रयोजनको लागि देवी-देवताले सृष्टि गरेको भनेर प्राणीहिंसा गर्दछन् ,गराउँदछन् । कसै-कसैले महायज्ञहोम आदि गर्नको लागि धेरै सत्वहरूको हिंसा गर्दछन् , गराउँदछन् । यी सबै दृष्टि-उपादानको कारणबाट हुने प्राणघात (अकुशल) कर्महरू हुन ।

कसै-कसैले 'आत्मा' चिरकालसम्म विद्यमान राख्नको लागि, स्वस्थ राख्नको लागि, दरिलो-बलियो बनाउनको लागि मासु-अण्डादि खान्छन् । त्यसको लागि सत्वहरू मार्दछन् , मार्न लगाउँदछन् । त्यस्तै 'आत्मा'को रक्षाको लागि विभिन्न सत्वहरू मार्दछन्, मार्न लगाउँदछन् । त्यस्तै घर परिवारका सदस्यहरूको रक्षाको निम्ति पनि त्यसो नै गर्दछन्, गर्न लगाउँछन् । यी सबै अत्तवाद (आत्मवाद) उपादानको कारण सिद्ध हुने प्राणघात (अकुशल) कर्महरू हुन् । यसरी उपादानको कारण उपादानको क्रियाकारित्वले गर्दा मानिसहरू प्राणघातादि कर्म गर्दछन् । अन्य कुशल वा अकुशल कर्महरू पनि माथि उल्लेख गरिए झैं विभिन्न उपादानहरूको

Downloaded from http://www.dhamma.digital

क्रियाकारित्वले गर्दा सिद्ध हुनजान्छन् भनी सम्झिनु पर्दछ । यहाँ विशेष गरी दश-अकुशल कर्महरूमध्ये काम-मिथ्याचार र अविद्या चाहिं 'काम-उपादान'को कारणले नै सिद्ध हुन्छन् र मिथ्यादृष्टि कर्म बाँकी तीन उपादानहरूको कारणले नै सिद्ध हुन्छन् भनेर जान्नु पर्दछ ।

दान दिनाले वा गर्नाले मनुष्य लोकमा; धनी परिवारमा श्रेष्ठी परिवारमा, राज-परिवारमा जन्मलिई प्राणीहरू प्रणीत आहार-पान, वस्त्र, बाहन, वासस्थान आदि प्राप्त हुने छन् भन्ने र दिव्यलोकमा जन्म भई त्यसभन्दा पनि बढी प्रणीत काम-सम्पत्तिहरू प्राप्त हुनेछन् भन्ने कुरा सुन्दाखेरि; पानी जति तातिदैं आयो त्यति नै उम्लिन अथवा माथि-माथि आई नाच्न थाल्दछ, त्यसरी नै काम-उपादान भएकाहरूको ती काम-उपादान भएकाहरू चढ्न (बढ्न) थाल्दछन् र आगोमा घ्यू खन्याउँदा आगोको मुस्लो नै निस्कन थाले झैं काम-उपादानरुपी आगो पनि त्यसरी नै जल्दै बढ्न थाल्दछ । त्यस्तो काम-उपादानले कार्यरत हुने मानिसहरू काम-सम्पत्ति प्राप्त गर्नको निम्ति आहार-पान-वस्त्रादि दान दिन्छन् । फुल-बत्ती आदिले पूजा गर्दछन् । घर-जग्गादि दान दिन्छन् । मन्दिर, विद्यालय, पाटी पौवा आदि बनाई दिन्छन् । 'शील' पालन गर्दा त्यसको पुण्यले ती 'सम्पत्ति'हरू पाउँन सकिन्छ भन्ने सुन्दा काम-उपादान सृजनाका साथै बृद्धि भई त्यसबाट उत्प्रेरित भई शील र क्षा गर्दछन् र ध्यान-भावना गर्दछन् । यी सबै काम-उपादानको कारण दान-शील-भावनामय कुशल उत्पन्न हुने क्रम हुन् ।

दानादि पुण्य कर्मले देवी-देवताहरूलाई सन्तुष्ट पारेर सम्पत्ति प्राप्त गर्न सकिन्छ भन्ने दृष्टि हुनेहरू पनि काम र दिट्ठि दुबै उपादानबाट क्रियाशील भई दान-शील-भावनामा तल्लीन हुन्छन् । यी काम-उपादान र दिट्ठि-उपादान द्वयको कारण दान-शील-भावनादि कुशल कर्मभव बन्ने क्रम हो ।

दानादि पुण्यक्रियाद्वारा दिव्यलोक र मनुष्यलोक द्वयमा दीर्घायुष-वर्ण सम्पत्ति, स्वस्थता, तेज, सौन्दर्य, बुद्धि, धनाढ्यतादिले युक्त आत्म-भाव प्राप्त गर्न सकिन्छ भन्ने सुन्दा अत्तवाद-उपादानरुपी आगो



Downloaded from http://www.dhamma.digital

बल्न र ज्वाला बन्न थाल्दछ। त्यसबाट क्रियाशील हुने व्यक्ति ती सबै सम्पत्तिको लागि श्रेष्ठ र उत्तम आत्मभावको लागि दानादि पुण्यक्रिया सुसम्पन्न गर्दछन् । यो अत्तवाद-उपादानको कारण दानादि कुशल कर्मभवको सृजना हुने क्रम हो ।

यहाँ उल्लेख गरिएका ती ती उपादानहरूको कारण उत्पन्न हुने ती ती कुशल-अकुशल कर्महरू हुन् । कुनै पनि व्यक्तिले कुनै पनि उपादानको कारण कुनै पनि कर्म गर्न सक्दछ । त्यसकारण ती चार उपादानको हेतुद्वारा राम्रो-नराम्रो, कुशल-अकुशल आदि सबै किसिमको क्रिया-कर्म हुन सक्दछ भन्नु पर्दछ ।

खेतमा उम्रिने धानहरूमध्ये कुनै कुनै गेडा फेरि धान उमार्न नसक्ने, शक्तिहीन-फुस्रा हुन्छन् भने धेरै धान गेडा फेरि धान उमार्न सक्ने शक्तियुक्त, बीजशक्ति भएको राम्रो हुन्छन् । त्यसरी नै प्राणीहरूले गर्ने कर्महरू मध्ये पनि कुनै कर्महरू प्रजनन शक्ति नभएको दुर्वल हुन्छन भने प्रायः अधिकांश कर्महरू चाहिं प्रजनन शक्ति भएको, फेरि उत्पादन गराउन सक्ने बलसम्पन्न हुन्छन् । प्रजननशक्ति नभएको, प्रतिसन्धि गराउन नसक्ने दुर्वल पुण्य पापलाई 'कर्म' भनिन्छ भने प्रजननशक्ति भएको प्रतिसन्धि गराउन सक्ने बलसम्पन्न पुण्य पापलाई 'कर्मपथ' भनिन्छ। दुर्वल कर्महरू त्यसै विनाश भएर जान्छन्। बलसम्पन्न कर्महरू विपाक वा फल बन्दै भविष्यमा प्राणीहरूलाई ती ती भवहरूमा पुऱ्याउँदछन् । त्यसकारण कामभवमा उत्पत्तिको लागि हेतु हुने कर्मले 'कामभव' बनाउँदछ। रुपभवमा उत्पत्तिको लागि हेतु हुने कर्मले 'रुपभव' बनाउँदछ । अरुपभवमा उत्पत्तिको लागि हेतु हुने कर्मले 'अरुपभव' बनाउँदछ । संज्ञा भवादि उल्लेखित भवहरूको नै प्रभेदहरू हुन् । यसरी उपादानको कारण हुने कर्मभवको कारण फेरि उपपत्ति भवहरू पनि बन्दछन् । त्यसैकारण "उपादान पच्चया भव" भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

# XI. भव पच्चया जाति :-

**"तत्थ कतमा भव पच्चया जाति ? या तेसं तेसं सत्तानं तम्हि तम्हि सत्तनिकाये जाति सञ्जाति ओक्कन्ति अभिनिब्बत्ति खन्धानं पातुभावो आयतनानं पटिलाभो अयं वुच्चति भव पच्चया जाति ।"**

विभङ्ग प्रकरणमा भव प्रत्ययको कारण उत्पन्न हुने जातिको बारेमा यसरी उल्लेख गरिएको छ - 'त्यहाँ जाति कुन हो ? ती ती सत्व-प्राणीहरूको ती ती सत्व निकायमा जन्म भएको हुन्छ, सम्पूर्ण उत्पत्ति हुन्छ, मातृगर्भमा प्रवेश हुन्छ, प्रकट हुनेगरी जन्म हुन्छ, स्कन्धहरूको सृजना हुन्छ, आयतनहरूको सृजना र प्राप्ति हुन्छ । त्यस भव प्रत्ययले गर्दा हुने जाति हो ।' छोटकरीमा भन्ने हो भने ती ती भवहरूमा उत्पन्न हुने सत्व-प्राणीहरूको प्रथम जन्मलाई जाति भनिन्छ । अथवा ती ती भवहरूमा हुने स्कन्धहरूको प्रभवलाई जाति भनिन्छ । प्रथम उत्पत्ति बारे "संखारा पच्चया विञ्ञाणं" भन्ने शीर्षकमा विस्तृत उल्लेख गरिएको छ ।

भव प्रत्ययले हुने यो जाति उपपत्ति भवको नै अङ्ग हो । त्यसैले जातिको कारण उपपत्ति भव भनेर लिनु हुँदैन । यो चाहिं भव, भव द्वय मध्ये जातिलाई हेतु बन्ने 'कर्म भव' मात्र हो । त्यसकारण 'उपादान पच्चया भव' भन्ने व्याख्यामा आउँने 'भव' शब्दले झैं "भव पच्चया जाति" भन्ने ठाउँमा 'भव' शब्दले भव द्वय लिंदैन । यहाँ कर्मभव मात्र लिइन्छ ।

उपादानको कारण कुशलाकुशल कर्म गर्दा ती ती कर्महरूको शक्ति र स्वभावानुसार काम-भवादि ती ती भवहरूमा प्राणीहरूको फेरि फेरि जन्म लिनु, जन्म हुनु जाति हो । सत्व-प्राणीहरूको उत्पत्तिमा पूर्वभवमा गरेका कर्महरू हेतु हुन्छन् भन्ने कुरा साधारण जनले नदेख्ने



Downloaded from http://www.dhamma.digital

गुप्त कारण हो । उनीहरूले त्यस्तो कुरा अनुमानले सोच्न सक्दछन् ।

सत्वोत्पत्तिमा कर्म हेतु हुन्छ भन्ने कुरा अनुमान गर्न सक्ने साधकहरूमध्ये नानत्व* प्रधान साधक हो । ती मानवहरूमा कसैमा लोभ बढी हुन्छ भने कसैमा मोह बढी हुन्छ । कसैमा द्वेष बढी हुन्छ भने कसैमा मान-इर्ष्यादि धेरै हुन्छन् । कसैमा अलोभ बढी हुन्छ भने कसैमा मैत्री-करुणा धेरै हुन्छ । कसैमा ज्ञान-बुद्धि धेरै हुन्छ भने कसैमा के के धेरै हुन्छ । यसरी बढी-धेरै वा घटी-थोरै हुने चैतसिक धर्महरू (चेतना-भावनाहरू) सत्व-प्राणीहरूमा विभिन्न किसिमले विद्यमान हुने हुनाले मनुष्य समाजमा प्राणीहरूबीच भिन्नता-विषमता देख्न पाइन्छ । त्यस्तै आयु, धन, सुख, दुःखादिले पनि उनीहरूको बीचमा भिन्नता-विषमता देखाउँदछ । मानव-प्राणीहरूको उत्पत्ति, बृद्धि जीवन विताउन र उनीहरूको राम्रो-नराम्रो गतिगुण हुनलाई चाहिने प्रकट र मुख्य हेतु भएको आमा-बुबाको सुक्रश्वोणित धातु, ऋतु, आहार, व्यायाम, पढाइ, अववाद, अनुशासन आदिमा भिन्नता र विषमता भएमा हुने फरक-बिषमता-भिन्नताको बारेमा भनिरहनु पर्दैन । यी सबै समानरुपमा विद्यमान भएतापनि मानव समाजमा विविधता देख्न पाइन्छ ।

एक पिताको कारण एक माताको गर्भमा संगै गर्भवास गरेर संगै जन्मेका, समान आहारपानादिले एउटै घरमा संगै हुर्केका, समान अध्ययन, अववाद-अनुशासनादि पाएका, एकै किसिमका मानिस समूह आश्रय गर्ने जुम्ल्याहा बच्चाहरू दुईजनाको बीचमा पनि माथि उल्लेख गरिएका ती भिन्नताहरू देख्न पाइन्छ । त्यसकारण यो तथ्यानुसार विचार गर्दा हामीले देख्ने सत्वोत्पत्तिको उत्पत्ति-कारणभन्दा भिन्नै अन्य कुनै नदेखिने गुप्त कारण (संस्कार) छ भन्ने कुरा स्पष्ट हुनजान्छ । ती कारण अरू केही नभई पूर्व भवहरूमा गरेका गरेका कर्महरू नै हुन् । यो मन धेरै नै विचित्र छ । विश्वमा भएका विचित्र पदार्थहरूमध्ये यो मन नै सर्वप्रधान छ । कर्म पनि मनसित सम्बन्धित छ । त्यसकारण मन जस्तै कर्म पनि विचित्र हुन्छ । उत्पत्तिको कारण बन्ने कर्म विचित्रको हुँदा त्यसको फलस्वरुप बनेका जन्महरू वा सत्व-प्राणीहरू पनि विचित्र

** नानत्व : विभिन्न फरक तत्व । प्रभेदयुक्त तत्व ।*



Downloaded from http://www.dhamma.digital

हुनु स्वाभाविकै हो ।

कसैको चित्त सन्तानमा उत्पत्तिकारक कर्म गर्ने अवस्थामा लोभ चेतना उच्च र प्रवल हुन्छ, अलोभ चेतना कम र दुर्वल हुन्छ, त्यस्तै अद्वेष-अमोह प्रवल हुन्छ, द्वेप-मोह दुर्वल हुन्छ भने उसको दुर्वल अलोभ चेतनाले प्रवल लोभ चेतनालाई नियन्त्रण गर्न वा दमन गर्न असमर्थ हुने हुन्छ । तर प्रवल द्वेष र मोह चेतनालाई नियन्त्रण वा दमन गर्न सक्षम हुने हुन्छ । प्रबल लोभ चेतना नियन्त्रण गर्न नसकेको दुर्वल अलोभ चेतनाले युक्त ती कर्महरूले, त्यो व्यक्ति कुनै भवमा जन्म लिंदा क्रोध कम भएको तीक्ष्ण बुद्धि भएको तर अधिक लोध भएको व्यक्ति भएर जन्मिन पुग्दछ । त्यस्तो व्यक्ति धर्मशास्त्र अध्ययन गर्नमा सक्षम र पण्डित हुन्छ तर कसैलाई केही नदिने, जहिले पनि जम्मा मात्र गर्न खोज्ने लोभी हुन्छ ।

कसैलाई कर्म गर्ने अवस्थामा लोभ-द्वेष चेतना प्रबल भएको हुन्छ र अलोभ-अद्वेष चेतना दुर्वल भएको हुन्छ, प्रज्ञादि प्रबल र मोहादि दुर्वल भएको हुन्छ भने त्यो व्यक्ति त्यस कर्मको कारण कहीं उत्पन्न भएमा लोभी-क्रूर तर तीक्ष्ण बुद्धि भएको पुद्गल बन्न पुग्दछ । त्यस्तो व्यक्ति धर्मशास्त्रादि अध्ययन गरेर पण्डित बनेतापनि लाभ हुने भए कुनै पनि अपराध गर्न सक्ने गति-लक्षण भएको हुन्छ ।

यसरी विभिन्न प्रकारबाट अनेकौं किसिमले विविध कर्महरूका कारण मानव-प्राणीहरू विभाजित हुने गर्दछन् । यस विषयमा चुलकम्म विभङ्ग सुत्रादिमा पनि व्याख्या गरिएको छ । तसर्थ बढी ज्ञान हारिल गर्न चाहेमा ती सम्बन्धित सूत्रहरू अध्ययन गर्नु उपयुक्त छ ।



Downloaded from http://www.dhamma.digital

## XII. जाति पच्चया जरा मरणं सोक परिदेव दुक्ख दोमनस्सु पायासा सम्भवन्ति :-

जातिको कारण सृजना हुने जरा मरणादि दु:खहरू विभङ्ग प्रकरणमा यसरी उल्लेख गरिएको छ –

**"तत्थ कतमं जाति पच्चया जरामरणं ? अत्थि जरा, अत्थि मरणं। तत्थ कतमा जरा ? या तेसं तेसं सत्तानं तम्हि तम्हि सत्त निकाये जरा जिरणता खण्डिच्चं पालिच्चं वलित्तचता आयुनो संहानि इन्द्रियानं परिपाको अयं वुच्चति जरा। तत्थ कतमा मरणं ? या तेसं तेसं सत्तानं तम्हा तम्हा सत्तनिकाया चुति चवनता भेदो अन्तरधानं मच्चु मरणं कालकिरिया खन्धानं भेदो कलेवरस्स निक्खेपो जीवितिन्द्रियस्स उपच्छेदो इदं वुच्चति मरणं, इति अयं च जरा, इदं च मरणं, इदं वुच्चति जाति पच्चया जरामरणं।"**

"त्यहाँ जातिको कारण हुने जरा-मरण के हो ? त्यहाँ जरा छ, त्यहाँ मरण छ। त्यहाँ जरा भन्नाले के बुझिन्छ ? ती ती सत्व-प्राणीहरूको ती ती सत्व-प्राणी निकायहरूमा हुने कुनै किसिमको जीर्ण स्वभाव, टुक्रिने स्वभाव, पाक्ने स्वभाव, छाला चाउरिने स्वभाव, आयु घट्ने स्वभाव, इन्द्रियहरूको परिपक्व हुने स्वभाव र बृद्ध हुँदैजाने स्वभावलाई नै जरा भनिन्छ। त्यहाँ मरण भन्नाले के बुझिन्छ ? ती ती सत्व-प्राणीहरूको सत्व-प्राणी निकायहरूबाट हुने कुनै किसिमको च्युत स्वभाव, च्युत हुने स्वभाव, विभेद हुने स्वभाव, हराउने स्वभाव, विलाउने स्वभावलाई मृत्यु भनिन्छ। जसलाई मरण वा कालक्रिया अथवा स्कन्धहरूको निश्चलता शरीरलाई (विज्ञानले) छोड्ने, जीवितेन्द्रियहरूको छेदन हुनुलाई मरण भनिन्छ। यसरी यी जीर्णता र मृत्यु जातिको कारण हुने 'जरा-मरण' भनिन्छ।"

**"तत्थ कतमो सोको ? ञाति व्यसनेन वा फुट्ठस्स, भोग व्यसनेन वा फुट्ठस्स, रोग व्यसनेन वा फुट्ठस्स, सील व्यसनेन वा फुट्ठस्स, दिट्ठि व्यसनेन वा फुट्ठस्स, अञ्ञतरञ्ञतरेन व्यसनेन समन्नागतस्स अञ्ञतरञ्ञतरेन दुक्ख धम्मेन फुट्ठस्स सोको सोचजा सोचितत्तं अन्तो सोको अन्तो परिसोको चेतसो परिज्झायना दोमनस्सं सोकसल्लं, अयं वुच्चति सोको।"**



Downloaded from http://www.dhamma.digital

"त्यहाँ शोक भन्नाले के बुझिन्छ ? ज्ञातिबन्धुहरूको दुर्व्यसनले भव-भोगादि दुर्व्यसन, रोगादि दुर्व्यसनले त्यस्तै शील (नैतिक), दृष्टि आदि कुनै न कुनै दुर्व्यसनले होइन भने कुनै न कुनै दुःखादिले सताएकाहरूको कुनै शोक, शोक गर्ने तरिका, शोक गर्ने वा अभ्यन्तरमा हुने शोक, मन दुःखाउँने, मन जलाउने, पीडा दिने, वा कुनै किसिमको तत्व वा दौर्मनस्य, पश्चाताप, अपशोच आदि छन् भने तिनलाई 'शोक' भनिन्छ ।

**"तत्थ कतमो परिदेवो ? ञाति व्यसनेन वा फुट्ठस्स, भोग व्यसनेन वा फुट्ठस्स, रोग व्यवसेन वा फुट्ठस्स, सील व्यसनेन वा फुट्ठस्स, दिट्ठि व्यसनेन वा फुट्ठस्स अञ्ञतरञ्ञतरेन व्यसनेन समन्नागतस्स अञ्ञतरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स आरेवो, परिदेवो, आदेवना, परिदेवना आदेवितत्तं परदेवीतत्तं वाचा पलापो विप्पलापो लालप्पो लालप्पना लालप्पितत्तं अयं वुच्चति परिदेवो ।"**

त्यहाँ परिदेव कसरी हुन्छ ? ज्ञातिबन्धुहरूको दुर्व्यसनले पीडित, भव-भोग दुर्व्यसनले पीडित, रागादि दुर्व्यसनले पीडित, शील, दृष्टि आदि दुर्व्यसनले पीडित अथवा कुनै न कुनै दुर्व्यसनले पीडित वा कुनै न कुनै दुःख-धर्मादिले पीडित हुनेहरूको कुनै पनि -'मेरो छोरा, मेरो छोरी' आदि भनी रुने रुवाई, कसैको गुणादि भन्दै रुने रुवाइ, 'मेरो छोरो, छोरी' आदि भन्दै रुने रुवाइको आकार, गुणादि भन्दै रुने रुवाइको आकार त्सस्तै 'मेरो छोरा, मेरी छोरी' आदि भन्दै रुन्छ, गुणादि भन्दै रुन्छ भन्नु अथवा विभिन्न प्रकारले भुट्भुटाउँछ , कराउँछ, चिच्याउँछ, त्यसरी फेरि फेरि दोहऱ्याउँदछ भने त्यस्तो विलापलाई 'परिदेव' भनिन्छ ।

**"तत्थ कतमं दुक्खं ? यं कायिकं असातं, कायिकं दुक्खं, कायसम्फस्सजं असातं दुक्खं वेदयितं कायसम्फस्सजा असाता दुक्खा वेदना इदं वुच्चति दुक्खं ।"**

"त्यहाँ दुःख के हो ? कुनै पनि (शारीरिक) असारत्व, कायिक दुःख-पीडाहरू, शारीरिक स्पर्शले सृजित हुने नमीठो, दुःखीत्, घृणित



Downloaded from http://www.dhamma.digital

भावनाहरू अथवा शारीरिक स्पर्शले गर्दा सृजित नरमाइलो, दुःखित, मन नपर्ने वेदनाहरू छन् भने तिनलाई 'दुःख' भनिन्छ ।

**"तत्थ कतमं दोमनस्सं ? यं चेतसिकं असातं चेतसिकं दुक्खं चेतोसम्फस्सजं असातं दुक्खं वेदयितं चेतोसम्फस्सजा असाता दुक्खा वेदना इदं वुच्चति दोमनस्सं ।"**

"त्यहाँ दौर्मनस्य भनेको के हो ? कुनै पनि मनमा हुने नरमाइलोपना, नमज्जा, मनमा हुने दुक्ख स्पर्शले मनमा सृजित हुने नमीठोपना दुःखित भाव र स्पर्शले मनमा सृजना हुने तीतो-खस्रो दुःख वेदनाहरू छन् भने तिनलाई दौमनस्य भनिन्छ ।

**"तत्थ कतमो उपायासो ? ञाति व्यसनेन वा फुट्ठस्स भोग व्यसनेन वा फुट्ठस्स रोग व्यसनेन वा फुट्ठस्स सील व्यसनेन वा फुट्ठस्स दिट्ठि व्यसनेन वा फुट्ठस्स अञ्ञतरञ्ञतरेन व्यसनेन समन्नागतस्स अञ्ञतरञ्ञतरेन दुक्खधम्मेन फुट्ठस्स आयासो उपायासो आयासितत्तं उपायासितत्तं अयं वुच्चति उपायासो ।"**

त्यहाँ उपायास भनेको के हो ? ज्ञातिबन्धुहरूको दुर्व्यसनले पीडित, भव-भोग दुर्व्यसनवाट पीडित, रोगादि दुव्यर्सनले पीडित, शील वा दृष्टि आदि कुनै न कुनै दुर्व्यसनबाट पीडित, कुनै न कुनै दुःख धर्मादिले पीडितहरूको मनमा हुने थकाइ थाकेको मन भएको अथवा थकित मन, त्यस्तो थकाइले हुने गह्रौं, ब्याकुल मनोभावनालाई उपायास भनिन्छ ।

काम-रुप-अरुप भवहरूमध्ये कुनै पनि ठाउँमा जन्म वा उत्पत्ति हुन्छ भने ती जन्मिने प्राणीको जरा-मरण द्वय नै हुनेछ । शोक, परिदेव, दुःख दौर्मनस्य, उपायास पाँच किसिमका व्यथाहरू चाहिं कसैले धेरै र कसैले थोरै भोग्नु पर्ने हुन्छ । तर रुपारुप लोकका सत्वहरूले यी व्यथाहरू भोग्नु पर्दैन । जरा मरणादि सबै सम्पूर्ण प्राणीहरूले भोगेतापनि, जसले भोग्दछ त्यो भोग्नुको, भोग्नु पर्नुको कारण जाति नै हो । यदि नजन्मेको भए भोग्नु पर्ने नै छैन । त्यसैकारण जातिको कारण जरा-मरण हुन्छ भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

नामरुप धर्मको अथवा संस्कार धर्महरूको छिपिने, पाक्ने, जीर्ण हुने स्वभाव नै 'जरा' हो । आफूले ग्रहण गरेको, अन्तर्निहित वस्तु जलाउँदै, दुर्वल पार्दै विनाश गर्ने स्वभाव आगोमा हुन्छ । त्यस्तै स्वभाव जरामा पनि छ । ढुङ्गा आकाशमा फ्याँक्दा यदि त्यहाँ विराम नभए त्यो ढुङ्गा आकाशमा नै माथि जानु सिवाय तल जमीनमा फर्किंदैन । त्यो फेरि जमीनमा फर्किने (खस्ने) आकाशमा त्यसको विराम (रोकाइ) हुने भएकोले हो । त्यस्तै उत्पन्न संस्कारहरू पनि उत्पत्ति वेग रहेको खण्डमा कहिले पनि भङ्ग हुँदैन होला ! भङ्ग हुनु, विनाश हुनु नै ती उत्पत्ति वेगको विराम वा रोकाइले गर्दा हो । जब उत्पत्ति वेग रोकिन्छ तब जराले त्यसलाई जीर्णता तिर लम्क्याउँदछ । अन्तमा संस्कारहरूको भङ्ग वा विनाश हुन पुग्दछ ।

'जरा' आँखाले देख्ने तत्व होइन । आँखाले देख्ने देखिने जरा अग्निले जलाएर प्रकट हुने लक्षणहरू मात्र हुन् । दाँत झर्नु, कपाल फुल्नु, छाला छाउरी पर्नु, इत्यादि ती लक्षणहरू हुन । ती लक्षणहरू जरा नभई जराको फल-विपाकहरू हुन् ।

जराग्निले जलाउनाले देखा पर्ने लक्षणहरू सबै वस्तुहरूमा, शरीरहरूमा एकै साथ एकै समय प्रकट हुँदैनन् । ती ती वस्तुहरूको स्थिति र टिकाउ अनुसार, शरीरको बनावट र शक्ति अनुसार लक्षण देखापर्ने काल र समय फरक हुन्छन् । दुर्वल वस्तु वा शरीरमा जीर्णताका लक्षणहरू चाँडै देखा पर्दछन् भने प्रवल वा शक्तिसम्पन्न वस्तु वा शरीरमा ती लक्षण ढीलो देखा पर्दछन् । तर दिव्य-बह्मादिको शरीरमा जीर्णता भए पनि त्यसका लक्षणहरू देखा पर्दैनन् ।

कुनै पनि प्राणी कुनै पनि भवमा गर्भवास गरेदेखि उसभित्र यो जराग्निले पनि अन्तरनिहित भई ती ती अङ्गहरू नष्ट गर्न थाल्दछन् । गर्भदेखि ती प्राणाङ्गहरूमा कर्म, चित्त, ऋतु, आहार भन्ने हेतुहरूको कारण सृजना हुने नयाँ रुपहरू सम्वन्ध भएर ती ती रुपांगहरूको विकास र वृद्धि हुन्छ । प्रजनित प्राणीहरूको रुपाङ्गहरूको जराले अनुक्रमिक रुपमा नष्ट गर्दै लानु र शरीराङ्गहरूलाई दुर्वल बनाएर मृत्युतिर ढकेल्दै



Downloaded from http://www.dhamma.digital

लानु एक कारण हो । त्यस्तै कर्मादि प्रत्यहरूले सृजना गर्ने नयाँ रुपाङ्गहरू सम्बन्ध हुँदै शरीराङ्गहरू बढ्नु अर्को कारण हो । बाल्यकालमा शरीराङ्गमा धेरै जसो नयाँ रुपाङ्गहरू सम्बन्ध हुने हुनाले ती अभिनव रुपहरूले पुरानो जीर्ण रुपहरूको ती जीर्ण-गति र दुर्वल गतिलाई छोप्दछ । त्यसकारण बाल्यकालमा 'जरा' गति प्रकट हुँदैन । तर शरीर को विकास र बढ्ने क्रम सम्पूर्ण भए पछि नयाँ रुपाङ्गहरू थपिने र सम्बन्ध हुने प्रतिक्रिया कम हुँदै जान्छ । अनि त्यहाँदेखि जरा-जीर्णताको लक्षण प्रकट हुन थाल्दछ । यहाँबाट प्रष्ट हुन आउँदछ शुरुदेखि नै अथवा जन्मदेखि नै प्राणीहरू जीर्ण हुँदै जान्छ । होइन भने, यदि त्यहाँ जरा-गति नभए मृत्यु पनि हुँदैन होला ! जरा गति रुपाङ्गलाई मात्र होइन चित्त-चैतसिकादि नाम धर्महरूमा पनि त्यसरी नै लागू हुने गर्दछ । त्यसकारण रुपी-प्राणीहरूमा मात्र नभई अरुपी-प्राणीहरूमा पनि जरा तत्वले त्यत्ति नै असर पार्दछ ।

आयु परिच्छेद-जरा, सन्तति-जरा, क्षणिक-जरा भनिने त्रिविध 'जरा'को चर्चा छ । प्राणीहरूको जीवनकाल विनाश गर्ने जरालाई आयुपरिच्छेद जरा भनिन्छ । सुकेको पात आगोमा राख्यो भने क्षणमै खरानी हुन्छ । नसुकेको पात खरानी हुन त्यस भन्दा बढी समय लाग्छ । सुकेको काठको टुक्रा त्यसभन्दा बढी टिक्दछ । नसुकेको काठको टुक्रा त्यसभन्दा पनि बढी रहन्छ । फलामको टुक्रा आगोमा धेरै समयसम्म रहन्छ । तामाको टुक्रा त्यसभन्दा बढी समयसम्म रहन्छ । त्यस्तै दुर्वल कर्मादि हेतुले उत्पन्न झिँगा-लामखुट्टे आदि स-साना कीराहरू-प्राणीहरूलाई जराग्निले जलाई एक हप्ताभित्र नष्ट पार्दछ । त्यसभन्दा अलि प्रबल हेतुले उत्पन्न अन्य प्राणीहरू ती झिँगा-लामखुट्टे भन्दा अलि बढी जीवित रहन्छ । यसरी कर्म शक्ति अनुसार ती ती प्राणीहरूको जीर्णता थाम्ने-सहने शक्ति पनि फरक हुन्छ र त्यस भिन्नतानुसार नै फरक फरक समय र कालसम्म जीवित रहन्छन् । त्यसकारण यहाँ कुनै पनि प्राणीको आयु-परिच्छेदन गर्ने जीर्णतालाई आयु परिच्छेद जरा भनिन्छ ।

एक एक प्राणीको शरीराङ्गमा मृत्युसम्म नरहने, वारम्वार चित्त, ऋतु, आहारादिले वनाउने अतिथि-रुप परम्परा पनि हुन्छ । त्यस्तै



Downloaded from http://www.dhamma.digital

अनेकौं कारणले गर्दा उत्पन्न भई केही समय रहेर नष्ट हुने अतिथि-चित्त परम्परा पनि हुन्छ। आहार पनि शरीरको शक्ति हो , यदि आहार भएन भने शरीर दुर्बल हुन्छ, काम गर्न नसक्ने हुन्छ। तर जब आहार प्राप्त हुन्छ तब त्यस प्राणीमा-शरीराङ्गहरूमा शक्ति आउँदछ र काम गर्न सक्ने हुन्छ । यसो हुनु आहारको कारण नयाँ रुप समूह त्यसको शरीरमा सृजना भई फैलिने भएकोले हो ।

आहारको कारण उत्पन्न ती अतिथि रुपहरू पनि जराले गर्दा केही समय भित्रै दुर्वल भई विनाश भएर जान्छ । यसरी आहारको कारण शरीरको विभिन्न अङ्गहरूमा सृजित भएका नयाँ रुपहरू जरा-जीर्णताको कारणले ती ती अङ्गहरू भिन्न-भिन्न नै दुर्वल र नष्ट भएर विलाएर जानुलाई सन्तति जरा भनिन्छ ।

प्राणीहरूको मनमा कुनै कुनै अवस्थाहरूमा केही न केही इष्टालम्बन (मुग्ध चेतना) को प्रतिलाभले प्रीतिसहित सुखद सम्झनाका लहरहरू सृजना हुनजान्छन्। कहिलेकाहीं शोकसहित दुःखद सम्झनाका लहरहरू सृजना हुनजान्छन् । कहिलेकाहीं भयका भावनाहरू उत्पन्न हुनजान्छन्। यसरी विभिन्न तरिकाबाट विभिन्न अवस्थाहरूमा विभिन्न चिन्तन, मनो भावनाहरूको सृजना भइरहन्छ। म यतिबेलासम्म खुसी थिंए, म यतिबेलासम्म दुःखी थिंए भनी कसैले भन्दछ भने त्यसो भन्ने ती ती मनोभावनाहरू ती अवस्थाहरूमा रहेकोले नै हो। ती मनोभावनाहरू त्यसको शक्ति अनुरुप केही समय र केही अन्तरालसम्म रहेर विलीन भएर जाने गर्दछ। आरम्भिक अवस्थामा सुखद् वा दुःखद मनोभावनाहरू बलियो र प्रवल हुन्छन् र विस्तारै ती मनोभावनाहरू सेलाउँदै, दुर्वल हुँदै क्रमशः कम हुँदै अन्तमा विलाएर जान्छन्।

यहाँ त्यस्तो कुनै किसिमको सुखद वा दुःखद चित्त परम्पराहरू प्रभव भएदेखि नै जरा-जीर्णताले ती स्थितिहरूलाई आफ्नो वशमा लिएर जराले जीर्णताले विस्तारै नष्ट गरिदिन्छ। यसरी दुर्बल हुनुलाई सन्तति जरा र पूर्णरुपमा नष्ट वा विनाश हुनुलाई सन्तति मरण भनिन्छ।

एक नामरुप धर्मको सीमित जीवन काल हुन्छ। त्यसको विद्यमान



Downloaded from http://www.dhamma.digital

रहने समय भने धेरै छोटो हुन्छ । ती अन्तराललाई उत्पाद-स्थिति-भङ्ग भनेर तीन अवस्थामा विभाजित गरिन् । ती तीन अवस्थाको एक एक अवस्था आँखा झिम्काउँन लाग्ने समयले लाखौंको एक भाग जति पनि लामो हुँदैन । पहिले नभएको कुनै पनि नामरुप धर्मको सृजना हुनुलाई उत्पाद भनिन्छ । ती सृजित नामरुप धर्मको अन्तसम्मलाई स्थिति भनिन्छ । र,त्यसको उत्पत्तिवेग रोकिएर विलाएर जानुलाई भङ्ग भनिन्छ ।

उत्पत्तिवेगलाई रोकेर उत्पन्न धर्महरूको विनाशतिर धकेल्ने संस्कारहरूको परिपक्वताको स्थितिलाई क्षणिक जरा भनिन्छ । त्यसको कारण हुने संस्कारहरूको विनाश र अन्तर्धान हुनुलाई क्षणिक मरण भनिन्छ । यो कुरा अभिधर्मको अध्ययन गरेको खण्डमा राम्ररी बुझ्न सकिने छ ।

यो प्रतीत्यसमुत्पाद देशना अविद्याबाट शुरु भई अविद्या अहेतुले -विनाकारण उत्पन्न हुने भएकोले होइन । अथवा सर्वप्रथम विश्वमा त्यो अविद्या नै उत्पन्न हुने भएकोले पनि होइन । त्यस्तै "जाति पच्चया जरामरणं सोक परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति" भनी प्रतीत्यसमुत्पादको अन्त्य हुने भएकोले होइन । जबसम्म अविद्या र तृष्णाको प्रहाण हुँदैन, नष्ट हुँदैन तबसम्म अनिश्चित कालसम्म यो हेतु-फल परम्पराको अन्त हुँदैन ।

कुनै पनि प्राणी जन्मेमा त्यसलाई आफ्नो शरीरको अङ्गहरूको कारण आदिले निश्चय पनि अविद्याको सृजना हुन्छ । अविद्याको सृजना भएपछि फेरि कर्म संचय गर्ने हुनाले कर्मको कारण फेरि जन्म लिने हुनाले यो हेतु-फल परम्परा अविच्छिन्न रुपमा रहिरहन्छ । त्यसको मूल वा अन्त्य छैन ।



Downloaded from http://www.dhamma.digital

## प्रतीत्यसमुत्पाद तीन जाति अवस्थाहरूसित सम्बन्धित भइरहन्छ ।

| | |
|---|---|
| अतीत भव | अविज्जा पच्चया संखारा |
| | संखारा पच्चया |
| वतर्मान भव | विञ्ञाणं |
| | विञ्ञाण पच्चया नामरुपं |
| | नामरुप पच्चया सलायतन |
| | सलायतन पच्चया फस्सो |
| | फस्सो पच्चया वेदना |
| | वेदना पच्चया तण्हा |
| | तण्हा पच्चया उपादान |
| | उपादान पच्चया भव |
| | भव पच्चया |
| अनागत भव | जाति |
| | जाति पच्चया जरा-मरण |
| | सोक परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति । |

## द्वादसांग-१२ वटा अंगहरू

अविज्जा, संखारा, विञ्ञाण, नामरुप, सलायतन, फस्स, वेदना, तण्हा, उपादान, भव, जाति, जरामरण ।

अतीत भवांग - अविद्या, संस्कार ।

वर्तमान भवांग - विज्ञान, नामरुप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव ।

अनागत भवांग - जाति, जरा मरण ।



Downloaded from http://www.dhamma.digital

# त्रिसन्धि

## चक्र झैं विद्यमान रहने यी धर्म परम्परामा

१. हेतुफल सन्धि
२. फलहेतु सन्धि
३. हेतुफल सन्धि

भनिने तीन प्रकारका सन्धि छन् । अतीत संस्कारको कारण वर्तमान भवमा प्रतिसन्धि विज्ञानको सृजना हुनजान्छ । यहाँको संस्कार अतीत भवसंग र वर्तमान भवसंग सम्बन्धित भइरहने हुनाले ती दुइ बीचमा हेतुफल सन्धि भएको हो ।

⇨ वतर्मान भवमा उत्पन्न हुने विज्ञान, नामरुप, षडायतन, स्पर्श, वेदनादि पञ्चाङ्गहरू अविद्या र संस्कारादि हेतु द्वयको फल अङ्गहरू हुन् ।

⇨ ती फल धर्म पाँचको कारण फेरि ती प्राणीलाई अनागत भवमा जन्म लिनलाई हेतु बन्ने तण्हा, उपादान र भव अङ्गहरू सृजना हुनजान्छ ।

वर्तमान भवसित सम्बन्धित आठ अङ्गहरूमध्ये विज्ञानादि पाँच अङ्गहरू अतीत हेतुको फल र तण्हादि तीन अङ्गहरू अनागत भवमा पुग्न कारण बन्ने भएकोले ती आठ अङ्गहरू (धर्महरू) फल हेतु द्वयमा विभाजित हुनजान्छ । त्यसरी विभाजित हुने हुँदा वर्तमान फलको अन्तिम धर्म भएको वेदनाको र वर्तमान हेतुको प्रथम धर्म भएको तृष्णाको बीचमा हुने सम्बन्धलाई फलहेतु सन्धि भनिन्छ ।

तृष्णा, उपादान, भवादि वर्तमान भवको हेतुको कारण अनागत भवमा जाति, जरा-मरण भन्ने फल उत्पन्न हुनजान्छ । त्यसकारण वर्तमान जातिसंग सम्बन्ध कर्मभव र अनागत भवसित सम्बन्ध जातिको बीचमा पनि हेतुफल सन्धि हुन्छ । त्यसलाई हेतुफल सन्धि भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

अविज्जा पच्चया संखारा

संखारा पच्चया ________

हेतुफल सन्धि ______________________________

________ विञ्ञाणं

विञ्ञाण पच्चया नामरुप

नामरुप पच्चया सलायतन

सलायतन पच्चया फस्सो

फस्सो पच्चया वेदना

वेदना पच्चया-

फलहेतु सन्धि ______________________________

________ तण्हा

तण्हा पच्चया उपादान

उपादान पच्चया भवो

भव पच्चया

हेतुफल सन्धि ______________________________

________ जाति

जाति पच्चया जरामरणं, सोक

परिदेव दोमनस्सुपायासा

सम्भवन्ति ।

## चार संग्रह

प्रतीत्यसमुत्पादांग बाह्र वटा सन्धि हुने स्थानहरूबाट अलग गर्दा चार धर्म समूहमा परिणत गरी देखाउन सकिन्छ ।

| | | | |
|---|---|---|---|
| पहिलो | समूह | - | अविज्जा, संखारा । |
| दोस्रा् | ” | - | विञ्ञाणं, नामरुप, सलायतन, फस्स, वेदना । |
| तेस्रो | ” | - | तण्हा, उपादान, भव । |
| चौथौ | ” | - | जाति, जरा-मरण । |



Downloaded from http://www.dhamma.digital

# विंशत्यकारहरू

**"अतीते हेतवो पञ्च, इदानि फल पञ्चकं ।**

**इदानि हेतवो पञ्च, आयतिं फल पञ्चकं ॥"**


यो भव चक्रमा अतीत हेतु पाँच, वर्तमान फल पाँच, वर्तमान हेतु पाँच र अनागत फल पाँच गरी जम्मा हेतु फल अङ्गअरू २० वटा देखाइएका छन् । जसलाई यहाँ विंशत्याकारहरू भनिन्छ ।

अतीत हेतु पाँच - अविज्जा, संखारा, तण्हा, उपादान, भव ।

वर्तमान फल पाँच - विञ्ञाण, नामरुप, सलायतन, फस्स, वेदना ।

वर्तमान हेतु पाँच - तण्हा, उपादान, भव, अविज्जा, संखारा ।

अनागत फल पाँच - विञ्ञाण, नामरुप, सलायतन, फस्स, वेदना ।






Downloaded from http://www.dhamma.digital

तर प्रतीत्यसमुत्पाद पालि देशनामा अतीत हेतुको रुपमा अविज्जा र संखार मात्र देखाइएका छन् । यी हेतु द्वयभित्र उल्लेख नगरिएका अन्य तीन हेतुहरू चक्र तृष्णा, उपादान र (कर्म) भव पनि हुने हुनाले प्रधान हेतु कारक द्वय मात्र उल्लेख गरिएको हो ।

अविद्याले ग्रस्त व्यक्ति स्वकीय स्कन्धहरूलाई र बाहिरी रुपशब्दादिलाई आशा गर्दछन् र मन पनि पराउँदछन् । त्यसरी मन पराउँदा 'म, मेरो' इत्यादि तरिकाले दृष्टि ग्रहण गर्दछ र आफ्नो ठान्दछ । त्यसरी स्वदृष्टि ग्रहण र आफ्नो ठानेर विभिन्न क्रियाहरू गर्दछन् । पुण्य-पाप संचय गर्दछन् । त्यसकारण यहाँ अतीत हेतु भनीः अविद्या र संस्कार लिंदा त्यसको साथ-साथै तृष्णा, उपादान र भव पनि भित्रिन आउँदछन् । तसर्थ स्वरुपमा अविद्या र संस्कार भए पनि तृष्णा, उपादान र (कर्म) भव पनि भित्रिने हुनाले यहाँ अतीत पाँच हेतु भनेर लिइएको हो ।

यहाँ पूर्व चेतनालाई संस्कार भनिन्छ भने निष्ठापूर्ण चेतनालाई कर्मभव भनिन्छ । पुण्य वा पाप अथवा कुनै पनि क्रिया (काम) गर्नलाई घण्टौं, दिनौं, महीनौं, वर्षौं कल्पना गर्दै, विचार गर्दै विताउने व्यक्तिको चेतना-राशिलाई पूर्व चेतना भनिन्छ । कल्पना र विचार गरे अनुसार काम-क्रिया सिद्ध गर्ने चेतनालाई निष्ठापूर्ण चेतना भनिन्छ । केही गर्न जति सोचे पनि सोचे अनुसार काम गर्न सकेन भने त्यो चेतना उत्पत्तिकारक बन्न अथवा पछिको जन्म बनाउन सक्षम वा शक्तिसम्पन्न हुदैन । तर निष्ठापूर्ण चेतना उत्पत्तिकारक बन्न अथवा पछिको जन्म बनाउन सक्षम वा शक्तिसम्पन्न हुन्छ । यदि निष्ठापूर्ण चेतनाले गर्दा कर्म सिद्ध भएमा त्यसको कारण पूर्व चेतना पनि बलसम्पन्न भएर आउँदछ । अनि प्रतिन्धिको कारण पनि बन्न सक्दछ ।

विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदनादि पचाङ्गहरू अतीत हेतुहरू पाँचवटाको कारण उत्पन्न हुने वर्तमान फलहरू पाँचवटा हुन् । तर प्रतीत्यसमुत्पाद पालिमा तृष्णा, उपादान, भव भनी वर्तमान हेतुहरू तीनवटा मात्र देखाइएको छ। त्यसो भए पनि तृष्णा-उपादानहरू अविद्यासंग



Downloaded from http://www.dhamma.digital

मात्र उत्पन्न हुन्छन् । विना अविद्या, तृष्णा-उपादानहरू सृजना नहुने हुनाले तृष्णा र उपादान लिँदा अविद्या पनि भित्रिन आउँदछ । त्यस्तै (कर्म) भव भनिने निष्ठापूर्ण चेतनाहरू पनि पूर्व-चेतना विना उत्पन्न नहुने हुनाले (कर्म) भव लिँदा संस्कार पनि भित्रिन आउँदछ । त्यसकारण तृष्णा, उपादान, भव भनेर वर्तमान हेतु तीनवटा मात्र प्रतीत्यसमुत्पाद पालि देशनामा उल्लेखित गरिएतापनि ती हेतु त्रय लिँदा भित्रिने हेतु द्वय अविद्या र संस्कार पनि सम्बन्ध हुँदा वर्तमान हेतु पाँचवटा नै हुन आउँदछ ।

अनागत फल भनेर पालिमा जाति र जरामरण द्वय मात्र देखाइएका छन् । तर, जाति भन्ने नौलो कुरा केही छैन । जाति भन्नु नै विज्ञानादि पाँच फलहरू हुन् । जरामरण भनेको पनि ती पाँच फलहरूको जीर्णता नै हो । त्यसकारण जाति र जरामरण भन्नाले पनि विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदनादि पाँच फल नै भनेको बुझिन्छ ।

पाँच पाँच अङ्गहरू चार राशिले युक्त यो धर्म परम्परा बीस वटा डण्डी भएको पाङ्ग्रा जस्तै हो । तल माथि हुँदै घुम्दै जाने यो पाङ्ग्राको यात्रा नरोकेसम्म वा नरोकिएसम्म त्यसकै पाराले अगाडि बढ्दै जान्छ । त्यसरी नै हेतुले गर्दा फल र फलले गर्दा हेतु र फेरि हेतुले गर्दा फल आदि प्रकारले सृजना हुँदै अनन्तसम्म यो हेतु-फलादि धर्म परम्परा पाङ्ग्रा जस्तै घुमिरहन्छ । त्यसैकारण यो चक्रझैं भनिएको हो र संसार भनेको पनि त्यस्तै चक्रलाई भनिने अर्को नाम हो ।




Downloaded from http://www.dhamma.digital

# त्रिवृत

प्रतीत्यसमुत्पादांग १२ वटामध्ये केही भाग क्लेशहरू, केही भाग कर्महरू र केही भाग विपाकहरू हुन् । क्लेशको कारण प्राणीहरू कर्म गर्दछन् र कर्मले विपाक पैदा गर्छ । विपाकले गर्दा फेरि क्लेशहरू सृजना हुन्छन् । क्लेशबाट शुरु भएर फेरि क्लेशमा नै पुग्दछ । यसरी नै कुनै पनि धर्म परम्परा आरम्भ भएको ठाउँमा नै गएर टुंगिन्छ भने त्यो धर्म परम्परालाई चक्र भनिन्छ ।

क्लेशबाट शुरु भएर कर्म र विपाक सृजना भई फेरि त्यसबाट क्लेशहरू नै उत्पन्न गरेर आरम्भिक स्थानमा नै पुग्ने हुनाले यो चक्र हो । मार्ग ज्ञानद्वारा क्लेशहरू नष्ट नगरेसम्म यो चक्र विनाश नभई रहन्छ । यहाँ तृष्णा र उपादानहरू क्लेश हुन । कर्मभव र संस्कारहरू कर्म हुन् । विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना, उत्पत्ति भव, जाति, जरामरणादि विपाकहरू हुन् । फेरि फेरि प्रकट हुने भएकोले यिनलाई वृत्त भनिन्छ । यी क्लेश, कर्म र विपाकहरू फेरि फेरि सृजना हुने हुनाले क्रमशः क्लेशवृत, कर्म वृत र विपाक वृत भनिन्छ ।






Downloaded from http://www.dhamma.digital

# मूल द्वय

यो संसार चक्रमा पूर्वार्द्ध र अपरार्द्ध भनिने दुईभाग छन् । अविज्जा, संखार, विञ्ञाण, नामरुप, सलायतन, फस्स, वेदनादि धर्म समूह पूर्वार्द्ध हो । तण्हा, उपादान, भव, जाति, जरा-मरणादि धर्म समूह अपरार्द्ध हो । पूर्वार्द्ध अविद्याबाट शुरु हुन्छ र अपरार्द्ध तृष्णाबाट शुरु हुन्छ । त्यसकारण अविद्या र तृष्णा मूल धर्म द्वय हुन् । यहाँ यी द्वयलाई मूल भन्नुको कारण यी द्वयको हेतुले गर्दा नै अरू धर्महरू सृजना हुने हुन् । र, यी द्वय नष्ट गरेको खण्डमा अरू सबै नष्ट भएर जान्छ । त्यसकारण ती मूल द्वय विनाश नगरेसम्म नष्ट नभएसम्म ती धर्महरू, ती चक्र तोड्न, रोक्न सकिंदैन ।

यो संसार चक्र लामो डोरीले कयौं गाँठो पारी बनाएको चक्रभैं ती गाँठाहरू अलग अलग वा एउटै गरी लिन सक्ने हुनाले अलग-अलग लिंदा हेतुफल चक्र, कर्म विपाक चक्र, क्लेशकर्म चक्र आदि तरिकाले लिन सकिन्छ । र, एउटै गरी लिंदा संसार चक्र रुपमा पनि लिन सकिन्छ ।


Dhamma.Digital

यहाँ अविद्याको कारण संस्कारहरू, संस्कारहरूको कारण विज्ञान, त्यसपछि नामरुप, षडायतन, स्पर्श, वेदनादि उत्पन्न हुन्छन् । वेदनाको कारण फेरि आरम्भिक धर्म अविद्या नै उत्पन्न हुने हुनाले पूर्वार्द्ध पनि एक भवचक्र बन्न जान्छ । त्यस्तै तृष्णाको कारण उपादान, उपादानको कारण भव जाति, जरा मरण भई फेरि मूल धर्म तृष्णा नै उत्पन्न हुन्छ । त्यसकारण अपरार्द्ध पनि एक भवचक्र बन्न जान्छ ।

यसरी चक्रद्वय भए पनि ती पुद्गल (व्यक्ति)हरू दुइजनाको बेग्लाबेग्लै चक्र द्वय होइनन् । यी चक्र द्वय जहिले पनि एकैसाथ एकै व्यक्तिभित्र नै रहन्छ ।



Downloaded from http://www.dhamma.digital




# द्वादसाङ्ग कृत्यहरू

१. रुपादि आरम्मण (आलम्बन) बिषयमा सत्व-प्राणीहरू भुलाउने र संस्कारहरू उत्पन्न गराउने काम अविद्याको हो ।

२. कुशल-अकुशल (राम्रो-नराम्रो) क्रिया गराउने र प्रतिक्रिया विज्ञानहरू उत्पन्न गराउने काम संस्कारको हो ।

३. रुपादि जानिलिने र नामरुपादि उत्पन्न गराउने काम विज्ञानको हो ।

४. तिनीहरूलाई एक आपसमा उपकार गर्ने, सहयोग गर्ने र षडायतनहरू उत्पन्न गराउने काम नामरुपको हो ।

५. रुपादि आलमबनहरू स्वीकार्ने र स्पर्श आदि जनित गराउने काम षडायतनको हो ।

६. निमित्तहरू ( आलम्बन) स्पर्श गर्ने र वेदना उत्पन्न गराउने काम स्पर्शको हो ।

७. ती आलम्बनहरूको आस्वाद लिने (रस अनुभव गर्ने) र तृष्णा उत्पन्न गराउने काम वेदनाको हो ।

८. आसक्तिहरूमा आशक्त हुने र उपादानहरू (आसक्ति) उत्पन्न गराउने काम तृष्णाको हो ।

९. आत्मादि अनुरुप लिने र भव उत्पन्न गराउने काम उपादानको हो ।



Downloaded from http://www.dhamma.digital

१०. अनेकौं गतिहरूमा पुऱ्याउने र जातिलाई प्रत्यय (हेतु) बन्ने काम भवको हो ।

११. स्कन्धहरू उत्पन्न गराउने र जरामरणादिलाई प्रत्यय बन्ने, बनाउने काम जातिको हो ।

१२. स्कन्धहरूको जीर्णतादि सृजना गराउने र शोकादिलाई स्थान बनी भवान्तरहरू सृजित गर्ने काम जरामरणको हो ।

यसरी यहाँ आत्म नहुने र सत्व अथवा पुद्‌गल नहुने शुद्ध धर्मताहरूले गर्दा नयाँ धर्मताहरू प्रकट भई यो संसार चक्र विद्यमान भइरहन्छ । यहाँ ती ती क्रिया गर्ने वा सुख-दुःखादि भोग्ने कुनै अधिपति छैन र गर्ने वा भोग्ने कुनै अन्य वस्तु पनि छैन ।

**"एवं समुप्पन्न मिदं सहेतुकं-दुक्खं, निच्चं चलमित्तरद्धुवं, धम्मेहि धम्मा पभवन्ति हेतुसोनहेत्य अत्ता वा परोव विज्जति ।"***

यसरी सृजना हुने यो भव चक्र हेतुको कारण विद्यमान रहन्छ । यो भव चक्र दुःख सहित छ अनित्य छ चल छ, परिवर्तनशील छ र अस्थिर छ । हेतु धर्मले गर्दा फेरि धर्महरू नै उत्पन्न हुन्छन् । यहाँ कुनै व्यक्ति, आत्म वा अरू केही हुँदैन ।

** यो पालि गाथा विभङ्ग अट्ठकथा बाट लिइएको हो ।*

Downloaded from http://www.dhamma.digital

# दृष्टि निवारण

संसार चक्र, भव चक्रको यथार्थता नजान्नाले, नबुझ्नाले, अवबोध नहुनाले उत्पन्न हुने भ्रम वा गलत भावनालाई दृष्टि भनिन्छ । यो प्रतीत्यसमुत्पादको हरेक वाक्यले कुनै न कुनै त्यस्ता गलत भावना वा भ्रमलाई अवरोध गर्दछ वा त्यस्ता गलत भावना उत्पन्न हुनबाट छेक्दछ ।

१. अविज्जा पच्चया संखारा- यो भनाइबाट पुण्य-पाप सिद्ध गर्ने व्यक्ति वा कोही नभई अविद्याको कारण पुण्य वा पाप गर्ने व्यक्ति वा प्राणी छ भन्ने गलत भावना (आत्म दृष्टि) हटेर जान्छ ।
२. संखारा पच्चया विञ्ञाणं- यो भनाइले वर्तमान भवबाट अनागत भवमा केही पनि नगई, मात्र पुण्य-पापंको कारण अनागत भवमा अभिनव विज्ञान प्रकट हुने कुरा स्पष्ट गरिंदा 'आत्मा एक जातिबाट अर्को जातिमा जान्छ' भन्ने गलत धारणा (दृष्टि) दूर भएर जान्छ ।
३. विञ्ञाण पच्चया नामरुपं- यो भनाइबाट विज्ञानको कारण नाम र रुप धर्मद्वय उत्पन्न हुन्छन् भनेर स्पष्टिदाँ नामरुप आदि सबै एकै पदार्थ भएको 'सत्व', 'प्राणी', 'मानव' हो भनेर लिने गलत धारणा (घन संज्ञा) दूर भएर जान्छ ।
४. नामरुप पच्चया सलायतन- यहाँ रुपादि आलम्बन ग्रहण गर्ने आयतनहरू ६ वटा देखाउनाले 'आत्माले विश्व थाहा पाउँछ, शब्द सुन्छ, गन्ध, रस, स्पर्शादि धर्महरू जानिलिन्छ' भन्ने गलत विचार टाढा भएर जान्छ ।
५. सलायतन पच्चया फस्सो- षडायतनको कारण मात्र स्पर्श हुनजान्छ भन्नाले यहाँ स्पर्श; मात्र एक किसिमको धर्मता हो भनेर बुझिलिँदा 'आत्माले स्पर्श गर्दछ' भन्ने गलत धारणा हटेर जान्छ ।



Downloaded from http://www.dhamma.digital

६. फस्स पच्चया वेदना- स्पर्शको कारणले वेदना हुन्छ भन्नाले सुख दुःखहरू मात्र ती स्पर्शको कारण सृजना हुने धर्मताहरू हो भनेर जानिलिँदा 'आत्माले सुख-दुःख भोग्दछ' भन्ने गलत धारणाबाट टाढा रहन्छ ।

७. वेदना पच्चया तण्हा- यो तृष्णा मात्र वेदना (अनुभूति)को कारणले उत्पन्न हुन्छ र हुने एक धर्मता हो भनी थाहा पाउँदा 'आत्माले नै रुपादिलाई मन पराउँदछ' भन्ने गलत भावना टाढा रहन्छ ।

८. तण्हा पच्चया उपादान- उपादान (दृढ ग्रहण) पनि यो तृष्णाको कारणले नै उत्पन्न हुनजान्छ भन्ने कुराको ज्ञान भएपछि 'आत्माले रुपादिलाई गहिरोसंग ग्रहण गरी लिन्दछ' भन्ने गलत भावना दूर हुनजान्छ ।

९. उपादान पच्चया भवो- उपादानको कारणले भवको सृजना हुनजान्छ भन्नाले 'आत्माले पुण्य-पाप गर्दछ र ती ती भवहरूमा जान्दछ' भन्ने गलत भावना दूर हुनजान्छ ।

१०. भव पच्चया जाति- भवको कारणले जाति (जन्म) हुन्छ भन्नाले सत्व-प्राणीको जन्म हुन्छ भन्ने आत्मदृष्टि रुपी गलत धारणा हटेर जान्छ ।

११. जाति पच्चया जरामरणं- यसले 'आत्मा जीर्णतामा जान्छ, परिवर्तन हुन्छ' भन्ने गलत भावनालाई रोक्दछ ।



Downloaded from http://www.dhamma.digital

# उपमा स्वरूप प्रतीत्यसमुत्पाद धर्म

उपमाबाट देखाउँदा अप्रकट अर्थहरू पनि सजिलैसित अवबोध गर्न सकिन्छ । त्यसकारण नै पण्डित विद्वानहरू गम्भीर कुरा वा लुकेका अर्थहरू प्रकाश गर्न विभिन्न उपमाहरू देखाउँदछन् । यो उपमा गुप्तार्थहरू खुलाउने एउटा सशक्त र राम्रो माध्यम हो । तर पनि कुनै कुनै गुप्तार्थहरू प्रष्ट पार्नलाई मिल्ने उपमाहरू भेट्टाउन गाह्रो हुन्छ भने कुनै कुनै को उपमाबाट अर्थ बुझाएपछि पनि प्रष्ट रुपले बुझाउन गाह्रो हुन्छ ।

प्रतीत्यसमुत्पाद धेरै गम्भीर धर्म हो । सजिलैसित बुझ्न गाह्रो छ । यसलाई उपमा पनि भेट्टाउन सकिएको छैन । पूर्वाचार्यहरूले एउटा उपमा प्रयोग गरेका छन् । त्यो हो, अन्धाको उपमा । त्यसले पनि प्रतीत्यसमुत्पाद धर्मका गम्भीर कुराहरू केही मात्रामा मात्र स्पष्ट्याउन सकेको देखिन्छ । तर पनि त्यसभन्दा उचित उपमा भेट्टाउन नसकिएकोले अहिले त्यही उपमा भए पनि यहाँ प्रस्तुत गर्दैछु ।

एउटा गाउँमा एक अन्धो रहेछ । बाटोमा हिड्दा एकदिन उसको खुट्टा एउटा रुखको ठूटोमा ठक्कर खाएछ र भुईमा लडेछ । अनि ठोकिएको ठाउँमा; उसको गोडामा ठूलो फोका उठेछ । त्यो फोका पाक्दै जाँदा प्वाल हुँदै गएको ठाउँबाट स-साना ६ वटा खटिराहरू पनि निस्केछन् । ती खटिरा पनि फेरि एक दिन एउटा रुखको गाठाँमा ठक्कर खाएकोले उसलाई धेरै असह्य वेदना; कष्टहरू उत्पन्न भएछन् । अनि त्यही वेदनाहरू निवारण गर्ने आशा उत्पन्न भएछ । वेदना शान्त पार्ने इच्छा उत्पन्न भएछ । अनि एक वैद्यकहाँ गएर औषधि ल्याए । तर औषधि नमिल्ने परेर त्यो औषधि लगाएपछि झन् फोका बिग्रेर फोका फुटी झन् ठूलो वेदना हुन थालेछ । र, अन्धा अझ दुःखी बन्न पुगेछ । यो अन्धोपना भयो ।

यहाँ चतुरार्य सत्य र धर्महरूको अनित्यादि सामान्य लक्षणहरू



Downloaded from http://www.dhamma.digital

र ती ती धर्महरूसंग सम्बन्धित विशेष लक्षण पनि नदेख्ने भएकोले अविद्या अन्धा जस्तै भएको उपमा दिइएको हो ।

अन्धा बाटोको बीचमा रुखको गाँठामा ठक्कर खाने नदेख्ने भएकोले हो । त्यसरी नै यहाँ आर्यसत्यहरू नदेख्ने भएकोले प्राणी-मानवहरू पनि विद्यमान दुःखहरूबाट मुक्त भई सुख शान्ति पाउने आशाले झन् दुःख बढ्ने, सांसारिक जीवन लामो हुने कर्महरू गर्दछन् । कर्म चाहिं अविद्याको हेतुले हुने संस्कारहरू हुन् । नजानेको कारणले बन्ने ती संस्कारहरू अन्धा रुखको गाँठामा ठक्कर खानु जस्तै हो ।

ठक्कर खाँदा भुईंमा लड्न (खस्न) जान्छ । त्यस्तै संस्कारादि पुण्य-पाप गर्दा पनि सुगतिमा वा दुर्गतिमा पर्न जान्छ । सुगतिमा वा दुर्गतिमा पर्नु भनेको संस्कारको कारणबाट ती अनुसारको विज्ञानको उपज हुनु हो । त्यसकारण यहाँ संस्कारको कारण उत्पन्न हुने विज्ञान अन्धा भुईंमा लड्नु जस्तै हो ।

नामरुप बन्ने भवमा उत्पन्न हुने विज्ञानको कारणले हो । त्यसकारण नामरुप, लडेर अन्धाको गोडामा उत्पन्न भएको फोका जस्तै हो ।

फोका पाक्दा त्यहाँ जमिने रगत पछि बाहिर निस्कन त्यस फोकामा स-साना खटिराहरू बन्दछन् र पछि ती खटिराहरू फुटी विग्रेका र जमेका रगतहरू ती प्वालहरूबाट बाहिर बग्न थाल्दछन् । त्यस्तै नामरुप धर्मको बृद्धि हुँदै जाँदा त्यससंग स्वन्धित षडायतनहरू उत्पन्न हुन्छन् । र, त्यस षडायतनहरूबाट रुप-शब्दादि आलम्बन विषयहरू प्रति लोभादि ल्केश सृजना हुदैजान्छन् । त्यसकारण षडायतन अन्धाको खटिरा जस्तै हो ।

अन्धाले आफूलाई कुनै चीजमा वा कहीं नठोकिने गरी त्यस फोकाको रक्षा गर्न सक्दैन । त्यस फोकाले जहिले भए पनि कुनै न कुनै वस्तुसंग वा कतै न कतै ठक्कर खान्दछ । त्यस्तै रुपादिसंग घटन हुन योग्य भई उत्पन्न भएका षडायतनहरूको कुनै पनि अवस्थामा रुपादिसंग घटन हुन्छ । अन्धाको फोकाका खटिराहरू रुखमा ठक्कर खाँदा जसरी वेदनादि उत्पन्न हुन्छन् त्यसरी नै षडायतन रुपादिसंग घटन हुँदा त्यस अनुरुप वेदनाहरू उत्पन्न हुने हुनाले षडायतनको कारण हुने स्पर्श,

Downloaded from http://www.dhamma.digital

अन्धाको फोकाका ती खटिराहरू रुखमा ठक्कर खानुजस्तै हो ।

अन्धालाई भएका वेदनाहरू ठक्कर खाएको कारणले उत्पन्न भएकाहरू हुन् । त्यस्तै स्पर्शको कारणले उत्पन्न हुने वेदना पनि षडायतन रुपादिसंग घट्न भई उत्पन्न हुने हुनाले ती अन्धाको वेदना जस्तै हो ।

वेदनाले पीडित अन्धालाई ती वेदना असह्य हुने गर्दा त्यसको उपचार वा औषधि खोज्ने आशा-इच्छा उत्पन्न हुनजान्छ । त्यस्तै षडायतनसंग रुपादि घटन हुँदा उत्पन्न वेदनाको कारणले प्राणी-मानवमा पनि ती ती रुपादि प्रति तृष्णा उत्पन्न हुनजान्छ । ती तृष्णाहरू वेदनाले निम्त्याउने पीडनलाई प्रतिकार खोज वस्तै भएकोले अन्धाको औषधि खोज्ने इच्छा जस्तै हो ।

तृष्णा उत्पन्न हुँदा प्राणीले (आफूलाई राम्रो लाभ गर्ने) आत्मलाभ गर्ने विचारले तृष्णा उत्पन्न भएको पदार्थ माथि आफ्नो (आधिपत्य) प्रभुत्व जमाउँदछ । यसरी रुपादिहरू पनि 'आत्म' स्वरुप दृढतापूर्वक ग्रहण गर्दछन् । राम्रो गर्ने विचारले त्यसो गरे पनि अधि-ग्रहणले नराम्रो नै हुनजान्छ । त्यसकारण उपादान अन्धाको नमिल्ने औषधि जस्तै हो ।

रुपादि आत्म-स्वरुप र आत्म-सम्बद्ध गरी दृढतापूर्वक ग्रहण गर्दा प्राणीहरू ती पदार्थहरू रक्षा गरि राख्न फेरि फेरि तिनलाई आत्मलाभ गर्न भवगामी कर्महरू कार्यान्वित गर्दछन् । अन्धाले नमिल्ने औषधि लगाउनाले जसरी घाउको वेदना झन् बढ्न थाल्दछ त्यसरी नै भवगामी कर्महरू गर्नाले दुःखहरू पनि झन् धेरै भोग्नु पर्ने हुन्छ । त्यसकारण यहाँ उपादानको कारण सञ्चित हुने कर्मभव अन्धाले नमिल्ने औषधि लगाउनु जस्तै हो ।

कर्मभवको कारण फेरि भवमा उत्पत्ति हुने जाति चाहिं नमिल्ने औषधि लगाउनाले अन्धाको घाउमा उठेको नयाँ फोका जस्तै हो ।

जातिको कारणले सृजना हुने जरामरण चाहिं धेरै उठेका ती फोकाहरूमा जम्ने फोहोर रगतहरू पछि फुटेर बाहिर बग्नु जस्तै हो । यसरी अन्धोपमाबाट प्रतीत्यसमुत्पाद बुझिलिनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

# प्रतीत्यसमुत्पाद -चार प्रकार

प्रतीत्यसमुत्पादलाई एकत्त नय, नानत्त नय, अव्यापार नय तथा एवं धम्मता नय भनिने चार प्रकारमा विभाजित गरी देखाएको छ। भव चक्रको बारेमा पूर्ण ज्ञान हासिल गर्न यो चार किसिमको न्यायिक आकार (नय) पनि बुझिलिनु पर्दछ ।

## I. एकत्त नयः-

धानबाट चामल र चामलबाट भात बन्दछ । चामल खान अयोग्य र साह्रो हुन्छ भने भात खान योग्य र नरम हुन्छ। चामल र भातको बीचमा लक्षणानुसार भिन्नता पाइन्छ। यहाँनिर चामल र भात एउटै हुन् कि फरक हुन् भन्ने प्रश्न उठ्दछ। भातमा चामलको लक्षण र चामलमा भातको लक्षण नभएकोले ती दुई एउटै हुन् भन्न सकिँदैन । तर लक्षणहरू फरक भएतापनि ती दुई चीज बेग्ला-बेग्लै रुपमा पनि लिन सकिँदैन। त्यसकारण चामल र भातको सम्बद्धतालाई बुझेर एकत्वभावले स्वीकार्नु पर्दछ। त्यो एकत्व भनेको ती दुई चीज बीजको पारस्परिक सम्बद्धता हो। त्यस्तै अविद्याको कारण उत्पन्न हुने संस्कार अविद्याभन्दा फरक धर्मता हो। त्यस्तै संस्कारबाट उत्पन्न हुने बिज्ञानमा पनि अविद्या र संस्कारभन्दा भिन्नै किसिमको लक्षण हुन्छ। त्यसकारण ती ती धर्महरू लक्षणानुसार भिन्न भएतापनि एक अर्काको पूरक हुने हुनाले परम्परानुसार एउटै हुन् भनी एकत्वभावले स्वीकार्नु पर्ने हुन्छ। तसर्थ त्यहाँ एकत्व छ भन्ने कुरा बुझ्नु पर्दछ।

प्रतीत्यसमुत्पादमा 'एकत्त नय' भनेको त्यही एकत्वलाई हो। यो एकत्त (एकत्व) सिद्धान्त बुझ्ने व्यक्ति 'मर्ने एक जना, जन्मलिने अर्को जना', 'सुख-दुःख भोग्ने एकजना, पुण्य-पाप गर्ने अर्कोजना' भन्ने उच्छेद दृष्टिबाट मुक्त हुन्छ। फेरि यो एकत्वलाई गलत किसिमले बुझ्ने व्यक्ति



Downloaded from http://www.dhamma.digital

लक्षणानुसार एक आपसमा भिन्नता भएको अविद्यादि धर्म समूहलाई एउटै स्वरुपमा वा एक प्राणीझैंलिई "सो करोति सो पटिसं वेदेति" जसले पुण्य पाप गर्दछ उसले नै त्यसको फल (विपाक) पनि भोग्दछ र त्यही व्यक्ति परलोक जान्छ भन्ने शाश्वत दृष्टिमा पुगिन्छ ।

## II. नानत्त नय

अविद्यादि धर्म समूह एकत्वले बुझिलिएझैं नानत्वले पनि जानिलिनु पर्दछ । नानत्व भन्नाले विभिन्नता भन्ने बुझिन्छ । एक प्राणी वा पुद्गलझैं देखिने सन्तति प्रज्ञप्तिले छोपिएको यो धर्म समूह हेतु-फल र ती ती धर्महरूसंग सम्बन्धित लक्षणहरूका साथै कालानुरुप पनि बेग्ला-बेग्लै भएको धर्म समूह हो । अविद्यादिको ती अनेकता वा भिन्नता नै नानत्त नय हो ।

यो अनेकता वा भिन्नता राम्ररी बुझिलिने व्यक्तिलाई पुरानो संस्कारहरूको भग्नता र नयाँ नयाँ संस्कारहरूको उत्पत्तिबारे ज्ञान हासिल हुँदा ऊ भवबाट अर्को भवमा जादैं सुख दु:ख भोग्ने प्राणी-पुद्गल हुन्छ भन्ने शाश्वत दृष्टिबाट टाढा रहन्छ ।

## III. अव्यापार नय

संस्कारादि फल-धर्महरू सृजना हुनलाई अविद्यादि हेतु-धर्महरू उपनिश्रय भएतापनि संस्कारादि उत्पन्न गराउने उत्साह वा आवश्यकता अविद्यादिमा हुँदैन । अविद्यादि हेतुहरूको विपाक जनित गराउने आवश्यकता नहुनुलाई नै यहाँ अव्यापार नय भनिन्छ । यो तथ्यलाई राम्ररी बुझ्ने व्यक्तिले कर्म संचय गर्ने व्यक्ति र जाति-जातिमा संक्रमण गर्ने व्यक्ति पनि हुँदैन भन्ने बुझिलिन्छ र वेदना बाहेक सुख, दु:ख भोग्ने कोही हुँदैन भन्ने बुझेर 'आत्माले पुण्य-पाप गर्दछ, 'आत्मा' एक जन्मबाट अर्को जन्म लिन्छ, आत्माले नै सुख-दु:ख भोग्दछ' भन्ने आत्मदृष्टिबाट टाढा रहन्छ ।

फेरि यो न्याय (सिद्धान्त) गलत तरिकाले बुझिलिने व्यक्तिले कसैको विधानविना आगो माथि उडेर गएझैं हावा सीधा भएझैं गंगादि समुद्रतिर बगेर गएझैं सबै स्वतः हुन्छ र कसैको क्रियाले केही पनि



Downloaded from http://www.dhamma.digital

हुँदैन र पापबाट टाढा रहेर वा पुण्य संचय गरेर पनि केही फल हुँदैन भन्ने अक्रेय (अक्रिय) दृष्टि लिन्दछ ।

## IV. एवं धम्मता नय

संस्कारादि फल जनित गराउने उत्साह, आवश्यकता अविद्यादि हेतु धर्महरूमा नभएपनि आँपको रुखबाट (बोटबाट) सुन्तला नफली आँप नै फल्नेभैं चामलबाट बालुवा वा चिनी नबनी भात नै बन्नेभैं अविद्यादि धर्महरू अनियमित कुनै फल नबनाई, ती ती हेतु-धर्मानुसार, ती हेतु-धर्म अनुरुप भएको फल-विपाक नै सृजना गर्दछन् अथवा संस्कारादि फल उत्पन्न गर्दछन् । अविद्यादिको ती हेतु अनुरुपको फल उत्पन्न गर्नु नै यहाँ एवं धम्मता नय अथवा स्व धर्मता न्याय भनिन्छ ।

यो धर्मता राम्ररी बुझ्ने व्यक्तिले सबै पदार्थबाट सबै कुरा उत्पन्न हुँदैन भन्ने थाहा पाउँदछ र, फेरि तोरीबाट तोरीको तेल, चामलबाट भात, गाईबाट दूध, उखुबाट चिनी बनिने भैं ती ती प्रत्यय अनुरुप ती ती फलहरू उत्पन्न हुनजान्छन् भन्ने कुरा बुझिलिँदा कुनैबाट कुनै चीज बन्दैन भन्ने अहेतुक दृष्टिबाट टाढा रहन्छ । क्रियाको कारण उत्पन्न हुने प्रतिक्रिया (फल) नभएकोले पापबाट वञ्चित भएर वा पुण्य संचय गरेर फल छैन भनेर मान्ने अक्रेय दृष्टिबाट पनि टाढा रहन्छ ।

स्व धर्मता न्याय (एवं धम्मता नय) नबुझ्ने व्यक्ति एक पदार्थबाट अर्को पदार्थ उत्पन्न हुँदा बालुवाबाट तेल, उखुबाट दूध आदि किसिमले किन फल सृजना हुँदैन भन्ने प्रश्न गर्दै कुनै पदार्थबाट कुनै चीज उत्पन्न हुनसक्दैन भन्ने अहेतुक दृष्टि लिन पुग्दछ । र, त्यस्तै अरू कारण नभएपनि तोरीबाट तोरीको तेल, गाईबाट दूध, उखुबाट चिनी उत्पन्न भएभैं नियमित रुपमा सबै क्रिया पद्धति पनि स्वाभाविक रुपमा सिद्ध हुन्छ भन्ने नियतिवादमा फँस्न सक्दछ ।



Downloaded from http://www.dhamma.digital

# गम्भीर धर्म-प्रतीत्यसमुत्पाद

यो प्रतीत्यसमुत्पाद अर्थानुसार धर्मानुसार, देशनानुसार र प्रतिवेधानुसार पनि धेरै नै गम्भीर छ । यो धर्म समुद्रमा गहराइ खोज्न, नाप्न असजिलो भए जस्तै बुझ्न अवबोध गर्न धेरै मुश्किल छ ।

'अर्थ' भन्ने शब्द विविध अर्थहरू देखाउन प्रयोग गर्ने शब्द हो । यहाँ अर्थ भन्नुको मतलब हेतुको फल हो । प्रतीत्यसमुत्पाद हेतु-फल परम्परा हो । जातिविना जरामरण र जरामरणविना जाति नहुने हुन्छ । तर जातिको कारण जरामरण हुने तरिका र जरामरणको कारण जाति हुने तरिका बुझिलिनु अति नै मुश्किल छ । त्यसकारण जति अर्थ लगाएतापनि बुझ्न असजिलो हुने भएकोले यो प्रतीत्यसमुत्पाद अर्थानुसार पनि गम्भीर छ ।

'धर्म'भन्ने शब्द पनि विभिन्न अर्थमा प्रयोग गरिने शब्द हो । यहाँ 'धर्म' भन्नाले 'हेतु'लाई भन्ने गरेको बुझिन्छ । प्रतीत्यसमुत्पादाङ्गहरू फलहरू मात्र नभई हेतुहरू पनि हुन् । त्यसकारण ती हेतुहरूको बारेमा हुने दुरावबोध नै यहाँ धर्म-गम्भीरत्व (गाम्भीर्य) हो । अविद्या संस्कारहरूको हेतु हो । तर कसरी, कुन अवस्थामा ती संस्कारहरूको हेतु हुन्छ त भन्ने कुरा बुझ्नु धेरै कठिन छ । यसरी एकार्काको हेतु-प्रत्यय हुने  तरिका वा अवस्था बुझ्न असजिलो हुने भएकोले यो प्रतीत्यसमुत्पाद धर्मानुरुप पनि गम्भीर छ ।

'देशना' भन्नाले कुनै कुरा अरू बुझाउनको निमित्त व्याख्या गर्नु हो । त्यसकारण गौतम बुद्धद्वारा देशित यो प्रतीत्यसमुत्पाद धर्म अरूले देशना गर्दा धेरै अप्ठ्यारो महशुस हुने गर्दछ । यो काम त्यत्ति सजिलो छैन । त्यसैकारणले होला एक अवस्थामा आर्चाय बुद्धघोष भन्ने भिक्षुले यो प्रतीत्यसमुत्पाद धर्म व्याख्या गर्न शुरु गर्दा यसरी भन्नु



Downloaded from http://www.dhamma.digital

भएको थियो- "प्रतीत्यसमुत्पाद धर्म व्याख्या गर्न मन पराउने म, आज समुद्रमा खसेको व्यक्तिझैं कसैको आधार, उपकार नपाउने भएं ।" बुद्धघोष भिक्षु जस्तो त्रिपिटक धर्म विषयमा तीक्षण बुद्धि भएको अति दक्ष, सक्षम व्यक्ति भएको अर्थकथार्चायले त्यसो भन्नु त्यसमा भएको दुष्करताले गर्दा नै हो ।

गौतमबुद्धले यो गम्भीर धर्म ती ती अवस्थाहरूमा विभिन्न तरिकाले बुझ्नलाई सजिलो हुने गरी कहिले शुरुदेखि अन्तसम्म, कहिले अन्तदेखि शुरुसम्म, कहिले त्रिसन्धि र राशिचार गरी त कहिले अर्कै किसिमले यो प्रतीत्यसमुत्पाद धर्म देशना गर्नु भएको छ। त्यसरी विविध तरिकाले देशित एउटै धर्म 'निदानवग्ग संयुक्तक'मा र 'विभङ्ग पालि' मा धेरै सुत्रहरूमा हामीले पढ्न पाउँदछौं ।

आँखाले देखेकोझैं नदेखेको कुरा पनि यथास्वरुपले तत्वाकारले देख्न सक्ने ज्ञानलाई प्रत्यक्षज्ञान भनिन्छ । प्रतिवेध भन्ने पनि त्यही प्रत्यक्षज्ञानलाई हो । सामान्य ज्ञानले थाहा पाउन नसक्ने विशिष्ट ज्ञानले थाहा पाउनु पर्ने अप्रकट वा गुप्त कुराहरूलाई पनि प्रतिवेध भनेर भनिन्छ ।

प्रतीत्यसमुत्पाद धर्म-अविद्यादि धर्महरू सामान्य ज्ञानले नभेट्टाउने, बुझ्न नसक्ने, धेरै दुरावबोध स्वभावहरूका छन् । धेरै गम्भीर छन् । त्यसकारण यहाँ प्रतीत्यसमुत्पाद प्रतिवेध गम्भीर भावबाट पनि युक्त छ । प्रतीत्यसमुत्पादका अङ्गहरू बुझ्न गाह्रो स्वभावले युक्त भएकोले नै यसलाई प्रतिवेध गम्भीर धर्म भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

# प्रतिलोम प्रतीत्यसमुत्पाद
# अथवा
# संसारचक्रको निरोध-समाप्ति

**"अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो,**

| | | | |
|---|---|---|---|
| **संखार** | **निरोधा** | **विञ्ञाण** | **निरोधो** |
| **विञ्ञाण** | " | **नामरुप** | " |
| **नामरुप** | " | **सलायतन** | " |
| **सलायतन** | " | **फस्स** | " |
| **फस्स** | " | **वेदना** | " |
| **वेदना** | " | **तण्हा** | " |
| **तण्हा** | " | **उपादान** | " |
| **उपादान** | " | **भव** | " |
| **भव** | " | **जाति** | " |
| **जाति** | " | **जरा मरणं, सोक, परिदेव,** | |

**दुक्खदोमनस्सुपायासा निरुज्झन्ति । एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधो होति ।"**

लोकोत्तर मार्ग ज्ञानसहित विद्याको कारणले गर्दा अविद्याको निश्वशेष निरोधबाट संस्कारको पनि निरोध हुन्छ ।

संस्कारको निरोधबाट प्रतिसन्धि विज्ञानको निरोध हुन्छ। प्रतिसन्धि विज्ञानको निरोधबाट नामरुपको निरोध हुन्छ ।

नामरुपको निरोधबाट चक्खु आदि षडायतनको निरोध हुन्छ ।

| | | | | |
|---|---|---|---|---|
| षडायतनको | " | चक्षु आदि छः स्पर्शको | " | " |
| स्पर्शको | " | वेदनाको | " | " |



Downloaded from http://www.dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| वेदनाको | " | तृष्णादिको | " | " |
| तृष्णाको | " | उपादानको | " | " |
| उपादानको | " | (कर्म/उपपत्ति) भवको | " | " |
| भवको | " | जाति (फेरि जन्म लिने) को | " | " |

जातिको निरोधबाट जरामरण, शोक, परिदेव (पश्चाताप), दुःख, दौर्मनस्य, उपायासादिको निरोध हुन्छ । यसरी सबै दुःख स्कन्ध (समूह) को निरोध हुन्छ ।

"अविज्जा पच्चया संखारा....." आदि देशना अनुलोम प्रतीत्यसमुत्पाद हो । "अविज्जायत्वेव असेस विराग निरोधा संखार निरोधो......" आदि देशना प्रतिलोम प्रतीत्यसमुत्पाद हो । अनुलोम प्रतीत्यसमुत्पादबाट संसार चक्र दर्शाउँदछ भने प्रतिलोम प्रतीत्यसमुत्पादबाट संसार चक्रको समाप्ति अर्थात निर्वाण दर्शाउँदछ ।

निरोध भन्ने शब्द सुन्दा सामान्य व्यक्तिको मनमा लाग्ने निरोधार्थ र प्रतिलोम प्रतीत्यसमुत्पाद देशनामा उपलक्षित निरोधार्यमा फरक छ । त्यसकारण पहिले निरोधको अर्थ द्वय बुझिलिनु पर्दछ ।

Dhamma.Digital

## द्विविध निरोध

कुनै पनि बस्तुमा हिर्काउँदा निस्कने आवाज केही क्षणमै बिलाएर जानेझैं, आकाशमा चम्कने बिजुली क्षणभरमै बिलाएर जानेझैं, उत्पन्न हुने, सृजना हुने सबै संस्कार धर्महरू पनि केही क्षणमा नै विनाश भएर जान्छन् । ती सबै संस्कार धर्मको स्वभाव हो । यसरी संस्कारहरूको विनाश हुनुलाई, नष्ट हुनुलाई, बिलाएर जानुलाई यहाँ निरोध भनिन्छ जुन साधारण व्यक्तिले बुझिलिने निरोधको सामान्य अर्थ हो । ती उत्पन्न संस्कारहरूको अभाव हुनु मात्र हो । त्यो शुन्यता मात्र हो । त्यहाँ केही बिशेष गुण वा महत्व हुँदैन । किनभने यो एक स्वाभाविक-प्राकृतिक नियम हो ।



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुने सबै प्रकारका अविद्यादि धर्महरू केही क्षणमै निरुद्ध हुन्छन् । त्यसलाई 'क्षणिक निरोध' भनिन्छ । संसार चक्रसित सम्बन्धित धर्महरू-पदार्थहरू क्षणिक निरोधबाट जति निरुद्ध भएपनि फेरि नयाँ नयाँ धर्महरू-पदार्थहरू सृजना भइरहन्छन्, उत्पन्न भइरहन्छन् र यो संसार चक्र घुमिरहनु सिवाय समाप्त हुँदैन, अन्त हुँदैन । संसार चक्रको अन्त तव हुन्छ जव अगाडि उत्पन्न भएको तर सृजना पनि हुनसक्ने अविद्या संस्कारादि हेतु-फल धर्महरूको सृजना हुँदैन र उत्पत्ति हुँदैन ।

प्रतिलोम प्रतीत्यसमुत्पादमा निरोध भन्नाले प्राणीहरूको शरीरमा भएका अविद्यादि धर्म-पदार्थको क्षणिक निरोध हैन बरु तबसम्म उत्पन्न वा सृजना नभएका तर पछि उत्पन्न हुनसक्ने अविद्यादि-संस्कारादि धर्महरूको पूर्णरुपले, पछि कहिल्यै पनि फेरि उत्पन्न हुन नसक्ने गरी, सृजना हुन नसक्ने गरी विनाश वा अन्त हुनु भनेर बुझ्नु पर्दछ । यसलाई 'अनुप्पाद निरोध' भनेर भनिन्छ । त्यसकारण यहाँ 'क्षणिक निरोध' र 'अनुप्पाद निरोध' दुइको भिन्नतालाई मनमा राखेर यस धर्मको बारेमा विचार गर्नु अति योग्य हुनेछ ।

यो संसार चक्रलाई बिथोलेर भव-दुःख, दुःखस्कन्धबाट मुक्त भई निर्वाण-सुख प्राप्त गर्न चाहनेहरूले एउटै मात्र उपाय गरे पुग्दछ । त्यो हो, अविद्यालाई नष्ट गर्नु । अविद्यालाई पूर्णरुपले हटाउने र अविद्याको पुर्णान्त गर्ने कुनै पनि उपाय छ भने, अविद्यालाई हटाउने, विनाश गर्ने, नष्ट गर्ने, अन्त गर्ने-त्यो हो प्रतिपत्तिको पालना गर्नु । यदि प्रतिपत्ति पालन गरेर नियम पालनबाट अविद्याको निरोध भयो भने संस्कारादि सबै प्रतीत्यसमुत्पादाङ्गहरूको नै निरोध सिद्ध हुन्छ । अविद्यादि, संस्कारादि सम्बन्धमा प्रत्येक अवस्थामा निरोधको उल्लेख मात्र व्यवहारमा हुन्छ तर धर्मानुरुप हुँदैन ।

जसरी रुखको हुर्काइमा सर्वप्रथम जड (मूल), त्यहाँबाट डाँठ, अनि हाँगा, प्रशाखा र अन्तमा पातहरू हुन्छन् । यदि हामीले रुखको जडै उखेलिदिएको खण्डमा त्यस रुखको हुर्काइ नै अन्त हुन्छ । होइन भने



Downloaded from http://www.dhamma.digital

जड उखेलेको कारणले पहिला डाँठ, अनि हाँगा, प्रशाखा र अन्तमा पातहरूको विनाश हुने होइन । जडै उखेलिदिए पछि, नष्ट भइदिए पछि त्यसको आधारमा हुर्केका डाँठ, हाँगा, प्रशाखा र पात आदिको पनि स्वतः नै विनाश हुन्छ, नाश हुन्छ । त्यसरी नै प्रतीत्यसमुत्पादानुसार यदि अविद्या विनाश वा निरोध भएमा स्वतः सम्पूर्ण प्रतीत्यसमुत्पादाङ्गहरूको निरोध हुनजान्छ । त्यहाँ अविद्याको कारण संस्कार उत्पनन भएकोले अविद्याको निरोधले संस्कारको निरोध हुन्छ । पालै पालो गरी अन्य अङ्गहरूको पनि निरोध हुन्छ भन्नु मात्र व्यवहारमा भनिन्छ तर धर्मानुरुप त्यस्तो होइन ।

उत्पन्न अविद्यादि धर्महरू बीच एक आपसमा भिन्नता हुन्छ । बेग्लै जनित हुने ती धर्महरूको प्रभव र निरोध पनि बेग्ला बेग्लै हुने गर्दछन् । प्रतिलोम प्रतीत्यसमुत्पाद देशनामा देखाइएको अविद्यादिको 'अनुप्पाद निरोध' तवसम्ममा अनुत्पन्न धर्महरू सम्बन्धी निरोध हो । अनुत्पन्न अविद्यादि धर्महरू बेग्लाबेग्लै विद्यमान रहेका हुँदैनन् । त्यसकारण त्यस अविद्यादि धर्महरूको निरोध पनि बेग्ला बेग्लै सिद्ध हुन्छ भन्न कसरी सकिन्छ ? अविद्याको निरोध भएमा त्ससंग सिक्रीभैं जोडिएको, सम्बन्धित संस्कारादिको पनि निरोध हुनजान्छ । त्यसैले अविद्या निरोध, संस्कार निरोध, विज्ञान निरोध....भनी क्रमिक निरोध र भिन्ना भिन्नै निरोध भनी लिन सकिंदैन ।

आँपको बीज (गेडा)को कारणले गर्दा आँपको रुख निर्माण हुन्छ । आँपको रुखबाट आँपको फूल फुल्दछ । ती आँपका फूलहरूबाट आँप बन्दछन् । र ती आँपहरूबाट फेरि आँपको गेडा निस्कन्छ । ती आँपको गेडाबाट फेरि आँपको रुख बन्दछ । यसरी आँपको रुखका परम्परा विद्यमान रहन्छ । यदि आगोले आँपको गेडा पोलेर खरानी बनाइदिएमा आँपको गेडा विनाश हुनुका साथै ती आँपको गेडाको परम्परामा पछि उत्पन्न हुन सक्ने आँपको रुख, आँपको फूल, आँप, फेरि आँपको गेडा, आँपको रुख र पछिका आँपका परम्परा पनि विनाश हुन्छ, बिलाउँदछ ।



Downloaded from http://www.dhamma.digital

प्रथम आँपको गेडाका परम्परामा, आँपको रुख, आँपको फूल, आँप, आँप गेडा आदिको प्रभव बेग्लाबेग्लै भएझैं यदि आँपको गेडा विनाश भएमा आँपको रुख, फूल, फल आदिको विनाश पनि बेग्ला बेग्लै हुने होइन कि ती आँपको गेडाको विनाशसंगै आँपको रुख, फूल, फल आदिको विनाश पनि एकै चोटी हुने गर्दछन् । यसरी नै यस संसार चक्रमा पनि संस्कार विज्ञानादि सबै प्रतीत्यसमुत्पादाङ्गहरूको निरोध 'अविद्या' को निरोध संगसंगै एकैचोटि सिद्ध हुने गर्दछन् भनी थाहा पाउनु पर्दछ ।

यो अनुत्पाद निरोध चाहिं ती ती संस्कारहरूको अस्तित्व निर्मूल भएको, मात्र शून्यता होइन शान्त सुख स्वभाव विद्यमान रहने एक किसिमको परर्माथ धर्मता हो । जरा मरण, शोकादि दुःखस्कन्धबाट छुट्कारा पाउनलाई उपकार हुने यो एकमात्र निरोध स्वभाव हो । बुद्ध आदि महोत्तम व्यक्तिहरूले वर्णन गर्ने लोकोत्तर निर्वाण धातु पनि यही अनुत्पाद निरोध हो । यो साधारण जनले सजिलैसित बुझ्न नसकिने परम सूक्ष्म र परम गम्भीर धर्म हो । साधारण जनलाई अनुभूति हुने यो विश्वसंग सम्बन्धित सबै संस्कार धर्महरू ती ती पदार्थहरू जनित हुन योग्य कारण हेतुले गर्दा सृजना हुने गर्दछन् । उत्पन्न हुने सबै धर्महरूमा जीर्णता र भग्नता छ । यो अनुत्पाद निरोधसहित निर्वाण धातु कुनै पनि हेतु वा प्रत्ययको कारण उत्पन्न हुने होइन । त्यो प्रभवविना नै रहने धर्मता हो । विनाप्रभव भइरहने त्यो निरोध स्वभाव धर्ममा जीर्णता वा भग्नता पनि हुँदैन त्यसकारण त्यो निरोध धर्मता परिवर्तन नभइकन सदाकाल विद्यमान रहने धर्मता हो । यो निर्वाण धातु रहेता पनि मनले समात्न सक्ने आकृति त्यसमा छैन ।

टेबिल-मेच-घर आदि शब्द सुन्दा सुन्ने व्यक्तिहरूको मनमा ती बस्तुहरूको आकृति चित्रण हुनजान्छ । त्यसकारण ती शब्दहरूले इङ्गित गर्ने बस्तुहरू सुन्ने व्यक्तिले राम्ररी थाहा पाउँदछ । निरोध-निर्वाण आदि शब्द सुन्दा सुन्नेको मनमा त्यसको आकृति छायाङ्कन नहुने हुनाले ती शब्दहरू सुन्दा साधारण जनको मनमा त्यो कुनै महत्व नभएको शुन्य



Downloaded from http://www.dhamma.digital

पदार्थको रुपमा महशुस हुनजान्छ । र, मनमा डर त्रास जस्तो भावना उत्पन्न हुनजान्छ। यो निरोध स्वभावको महत्व बुझ्नलाई, यो परम सुख हो भनेर थाहा पाउनलाई सुख सम्बन्धी राम्रो जानकारी हुनुपर्दछ ।

## द्विविध सुख

वेदयित सुख, विमुक्ति सुख भनिने सुख दुई प्रकारका हुन्छन् ।आँखाले राम्रो-सुन्दर रुपहरू देख्दा, कानले मधुर-मीठो स्वर सुन्दा, नाकले सुगन्धहरू आघ्राण गर्दा, जिब्रोले स्वादिलो-रसिलो खानाको अनुभव गर्दा, शरीरले आनन्दित स्पर्श पाउँदा र मनले महत्वाकांक्षी भावनाहरू कल्पना गर्दा-जस्तै कि धेरै पैसा, ठूल-ठूलो पद, मान-मर्यादा आदि, ती ती बस्तु-पदार्थ-चीजहरू पाउँदा वा आफ्नो मनोभावना-इच्छा पूर्णपुर्ति हुँदा जनित हुने सौम्य-प्रीति-आनन्द-हर्ष-खुसीसहितको आस्वादलाई, अनुभूतिलाई वेदयित सुख भनिन्छ ।

विद्यमान रहेको र पछि प्रभव हुनसकने सबै प्रकारका दु:ख, कष्ट वा विपत्तिहरूबाट छुट्कारा पाउनुलाई विमुक्ति सुख भनिन्छ ।

वेदयित सुख, विमुक्ति सुख द्वयमध्ये वेदयित सुख अथवा अनुभव गर्ने सुख थोरै समयसम्म मात्र रहने सिवाय धेरै समयसम्म रहने होइन। राम्रो वा सुन्दर रुप हेर्दा वा देख्दा जनित हुने सुख वा सुखानुभूति त्यो रुप हेरुन्जेल वा देखुन्जेलसम्म मात्र रहन्छ। त्यसपछि ती सुख वा सुखानुभूतिहरू बिलाएर जान्छन् । त्यसरी नै मधुर वा मीठो स्वर सुन्दा सुनुन्जेलसम्म त्यसबाट सुख वा सुखानुभूति प्राप्त गर्न सकिन्छ। सुगन्ध आघ्राण गर्दा प्राप्त गर्ने सुख वा सुखानुभूति पनि त्यो आघ्राण गरुन्जेलसम्म रहन्छ। मीठो-स्वादिलो खाना खाँदा पनि खाउँन्जेलसम्म त्यसको आस्वाद लिन सकिन्छ । शरीरमा कुनै किसिमको राम्रो स्पर्श हुँदा त्यो स्पर्श छोउन्जेलसम्म मात्र स्पर्शको सुखानुभूति पाउन सकिन्छ। मनमा राम्रो मनोभावनाहरू सृजना हुँदा ती कल्पनाहरू सोचुन्जेलसम्म मात्र त्यसबाट सुखानुभूति प्राप्त गर्न सकिन्छ । ती ती सुख वा सुखानुभूतिहरू पछि विलाएर जान्छन् । र त्यहाँ केही पनि बाँकी रहदैंन ।



Downloaded from http://www.dhamma.digital

सुत्दाखेरि देख्ने सपनाझैं भएको अल्प समय, थोरै कालसम्म मात्र विद्यमान रहने ती सुख-सुखानुभूतिहरूमा व्यक्तिको महत्व वा मुल्य वा उच्चता हुँदैन । अप्राप्त ती सुखहरू नपाए पनि केही छैन । तर विद्यमान दुःखहरू-वेदनाहरू-कष्टहरू निर्मूल-नष्ट नपारी ती दुःख-कष्ट-वेदनाहरू दीर्घकालसम्म भोग्नु धेरै नै असजिलो-दुष्कर कारण हो । त्यसकारण नपाएको सुखको पछि लाग्नुभन्दा पहिले विद्यमान दुःखबाट छुट्कारा पाउन कोशिस गर्नुपर्दछ ।

दुःखबाट मुक्त भएर पाउने विमुक्ति सुख झिहेनत, उत्साह अथवा जति खर्च गरेर भए पनि प्राप्त गरिलिनु पर्दछ । त्यो विमुक्ति सुख, वेदयित सुख जस्तो क्षणिक सुख होइन । नाश भएको, विनाश भएको, बिलाएका ती दुःखहरू, वेदनाहरू, कष्टहरू फेरि आउन्जेल त्यो सुख विद्यमान रहन्छ । यदि ती दुःखहरू फेरि उत्पन्न नहुने गरी, सृजना नहुने गरी विनाश गरिएको रहेछ भने त्यो विमुक्ति सुख जहिले पनि विद्यमान भइरहन्छ । दीर्घकालसम्म रहिरहने हुनाले यो विमुक्ति सुखको महत्व छ । त्यसको परिमाण र महानता ती ती दुःखहरूको तत्वानुसार हुन्छन् । यदि सामान्य किसिमको सानो दुःख हो भने त्यो दुःख हटेर जाँदा त्यही अनुसारको विमुक्ति सुखको अनुभूति हुनजान्छ । यदि दीर्घकालसम्म पीडित ठूलो किसिमको दुःख हो भने त्यो दुःख नष्ट हुँदा, हटेर जाँदा त्यही अनुसारको विमुक्ति सुख प्राप्त हुनजान्छ ।

टाउको दुख्नाले उत्पन्न हुने दुःख साधारण दुःख हो । तर धेरै दिनसम्म रहने चर्को टाउको दुखाइ भएको व्यक्ति ती दुःख हटाउन हजारौं रुपैयाँ भए पनि खर्च गरेर निको पार्न खोज्दछन् । 'टाउको नदुख्नाले त्यत्तिको सञ्चो हुँदैन' भनेर पैसा जोगाई औषधि नगरी बस्दैन । यदि टाउको दुखेको सञ्चो हुँदा पाउने विमुक्ति सुख ख्याल गर्नु नपर्ने किसिमको भए विरामीहरूले व्यक्तिको धन खर्च गरेर रोग निवारण गर्दैनन् होला । त्यसकारण दुखाइबाट छुट्कारा पाउँदा अनुभव हुने विमुक्ति सुख उत्तम भएकोले नै त्यसो खर्च गर्ने हो ।

कुनै व्यक्ति मरणान्तरुपको रोगले ग्रस्त छ र त्यो रोगबाट



Downloaded from http://www.dhamma.digital

छुटकारा पाउन उसलाई लाखौं, करोडौं रुपैयाँको धन खर्च गर्नु पर्ने हुन्छ भने यदि त्यो व्यक्ति धनबान हो भने लाखौं करोडौं खर्च गरेर भए पनि त्यो हुने मरणबाट छुट्कारा पाउन खोज्दछ। त्यसो गर्नु मरण-दुःखबाट छुट्कारा पाउनु ठूलो विमुक्ति सुख भएर नै हो।

कुनै पनि राजा मर्नुपर्ने भएको हुन्छ र यदि उसले आफ्नो राज्य छोडेर, त्यागेर गएको खण्डमा त्यो मरणबाट बच्न सकिन्छ भने राजाले राजपाट सबै छोडेर, त्यागेर त्यो मरणबाट बच्दछ। त्यसो गर्नु मृत्युबाट छुट्कारा पाउँदा पाइने विमुक्ति सुख राज्यसुख भन्दा उत्तम भएकोले हो।

कुनै पनि प्राणी निर्वाण साक्षात्कार नगरी, निर्वाणमा सम्प्राप्त नभई संसारचक्रमा घुमिरहन परेको खण्डमा त्यसलाई भविष्यमा लाखौं-करोडौं भन्दा पनि बढी चोटि मर्नु पर्ने हुन्छ। त्यसो भए एक भवमा हुने एक मरणबाट केही समयको लागि छुट्कारा पाउन, तावकालिक विमुक्ति सुख अनुभव गर्न कुनै व्यक्तिले लाखौं-करोडौं खर्च गर्दछ र आफ्नो राज्य सम्पत्ति त त्यागदछ भने त्यस विमुक्ति सुखको महत्व कति होला ? अपरिमाण मरणबाट वञ्चित रहेको त्यो निर्वाण सुखको महत्त्व त झन् भनेर साध्य छैन।

निर्वाण प्राप्ति नभएसम्म कुनै पनि प्राणी-व्यक्ति दीर्घकालसम्म यो संसार चक्रमा जन्मलिंदै मर्दै घुमिरहन्छ। त्यसकारण त्यस व्यक्ति वा प्राणीलाई मृत्यु-दुःख मात्र होइन , जन्मदेखि मरणसम्मको अन्तरालमा अरू पनि धेरै किसिमका, धेरै प्रकारका दुःख-कष्टहरू वर्तमान भवमा जस्तै अनागत भवहरूमा पनि भोग्नु पर्ने हुन्छ।

गौतम बुद्धकै वचनानुसार भन्ने हो भने जाति दुःख, जरा दुःख, व्याधि दुःख, मरण दुःख आदि विभिन्न प्रकारका दुःखहरू एकान्तरुपमा नै भोग्नु पर्ने हुन्छ।

अविद्या संस्कारादिको अनुत्पाद (फेरि उत्पन्न नहुने गरी) निरोध नै निर्वाण हो भने त्यो जाति सुखदायी-फलदायी, आनन्दमय



Downloaded from http://www.dhamma.digital

भएपनि त्यस निरोधमा पञ्चस्कन्ध भएन भने त्यो सुख भोग्ने व्यक्ति नहुने भएकोले त्यस निर्वाणको प्रयोजन कसैलाई हुँदैन भन्ने तर्क उत्पन्न हुनसक्दछ । त्यसकारण निर्वाणको बारेमा जान्न चाहनेहरूले यो अनुत्पाद निरोध भनेको अतीतमा उत्पन्न भई निरुद्ध भएको नामरुप धर्महरूको वा वर्तमान नामरुप धर्महरूको हुने निवरोध हैन कि भविष्यमा उत्पन्न हुनसक्ने नामरुप धर्मको निरोध हो भनेर सम्झी निर्वाण सम्बन्धी ज्ञान हासिल गर्नु पर्दछ ।

निर्वाण-सुख भोग्ने व्यक्तिको बारेमा कुरा गर्नेहरूले त्यसरी कुरा गर्ने कारण त्यहाँ 'आत्मा, पुद्गल, व्यक्ति, सत्व, प्राणी' साँच्चै नै हुन्छ भन्ने गलत धारणा राख्नु हो । निर्वाणको प्रयोजन छ, छैन भन्ने प्रश्नको समाधान पनि आत्मा छ, छैन भन्ने प्रश्नको उत्तर संग-संगै गाँसिन्छ ।

कुनै व्यक्तिले अन्धकारमा बसेर आगोको डल्लो डोरीले बाँधेर बेस्सरी घुमाउँदा टाढाबाट हेरिरहने व्यक्तिको लागि त्यो आगोको एउटा चक्रझैं देखिन्छ । त्यो देखिने आगोको चक्र हेर्नेको मनमा सिवाय, त्यो देखिने ठाउँमा चाहिं हुदैन, मात्र त्यहाँ त्यही आगोको डल्लो हुन्छ । जसरी आगोको डल्लो वेगले घुमाउँदा आगोको चक्का झैं देखिन्छ, त्यसरी नै छिटो-छिटो उत्पन्न भई भङ्ग भएर जाने नामरुपहरूको श्रृङ्खला पनि कुनै सत्व-प्राणी वा मानव झैं देखिन्छ । त्यसकारण त्यहाँ ती नामरुपहरूको बीचमा सुख, दुःख भोग्ने कुनै व्यक्ति छ जस्तो लाग्दछ । तर त्यहाँ ती नामरुप सिवाय कोही व्यक्ति वा आत्मा हुँदैन ।

एउटै आगोको डल्ले, आगोको चक्काझैं देखिनै त्यसको घुम्ने वेगले गर्दा त्यसको यथार्थता स्पष्ट रुपले नदेखिनाले हो । त्यस्तै नामरुप धर्म परम्परा पनि कुनै व्यक्ति झैं देखिने वा त्यहाँ कुनै व्यक्ति छ जस्तो लाग्ने भ्रान्ति ती उत्पन्न भई भङ्ग हुने नामरुप धर्महरूको त्यो प्रक्रिया-वेगले गर्दा ती रुपहरुको यथार्थता स्पष्ट रुपले नदेखिनाले वा थाहा नपाउनाले भएको हो । त्यसकारण व्यक्ति-आत्मा-पुद्गल भन्ने मात्र भावना वा कल्पना सिवाय वास्तविक रुपमा भएको पदार्थ होइन । यसो



Downloaded from http://www.dhamma.digital

भन्दैमा निर्वाणमा व्यक्ति वा पुद्गल नहुने भएकोले अनुत्पाद निरोध सुख भाव पनि निष्फल हुन्छ भनेर सोच्नु गलत हुनेछ ।

नामरुप धर्म परम्परा विद्यमान रहँदा त्यसमा बारम्बार सृजना हुने सुख-दुःख द्वय वास्तवमा नभए पनि व्यावहारिक रुपमा छ भन्ने भावना जुन व्यक्तिसंग हुन्छ । त्यही व्यक्तिलाई नै ती नामरुप धर्म परम्पराको निरोध अथवा विमुक्ति सुख हुन्छ । यो नामरुप निरोध अहिले विद्यमान रहेर उत्पन्न हुँदै भङ्ग भइरहेको तर त्यत्तिन्जेल उत्पन्न नभएको नामरुप धर्म सम्बन्धी हो । त्यस्तै परिकल्पित व्यक्ति पनि अहिलेको नामरुप धर्ममा झैं पछि उत्पन्न हुने नामरुप धर्ममा पनि रहन्छ ।

त्यसरी परिकल्पित व्यक्ति त्यस नामरुप श्रृङ्खलासित सम्बन्धित गरी लिंदा त्यत्तिन्जेलसम्म असृजित र पछि सृजना हुनसक्ने नामरुप धर्महरूको सम्बन्धमा पनि लिनुपर्दछ । त्यसरी लिँदा त्यस व्यक्ति अनुत्पाद निरोधसहित निर्वाणमा पनि हुन्दछ भनेर लिनुपर्दछ । त्यस विमुक्ति सुख भोग्ने व्यक्ति हुँदैन भनेर भनिने वास्तवमा 'व्यक्ति' भन्ने नै नहुने भएकाले हो । त्यसकारण निर्वाण र व्यक्ति भन्ने पदार्थ द्वय भिन्ना भिन्नै पदार्थहरू द्वय भएकाले यहाँ निर्वाण र व्यक्ति एक आपसमा सम्बद्ध गरेर उल्लिखित कारणलाई अस्पष्ट पार्नु पर्दैन ।

'त्यो भनिने विमुक्ति सुख कत्तिको उत्तम, श्रेष्ठ, महत्वपूर्ण छ भनेर भनेतापनि हामीलाई त चाहिंदैन । हामीलाई त आफूलाई प्रिय वस्तु, प्रिय व्यक्ति भए र कुनै रोग, जीर्णता, मरण, प्रियसंगको विछोड, नभई सुख, प्रीति, आनन्दसंग बस्न पाए वा त्यस्तो तत्व पाए पुग्दछ' भनी कसैले भन्न सक्दछ । तर यो संसार भित्र वा बाहिर स्थिर वस्तु वा पदार्थ छैन । र, त्यस्तो स्थिरता पाउने स्थान पनि छैन । त्यसकारण त्यस्तो तत्व पाउन सकिंदैन । यहाँ त मात्र उत्पत्ति र विनाश छन् । कि त उत्पत्ति पाउन सकिन्छ होइन भने विनाश ।

प्रिय वस्तु, प्रिय व्यक्ति, सुख, हर्ष, प्रीति आदि पनि यही संसार भित्र पाइन्छ । जीर्णता, रोग प्रिय-वियोग, अप्रिय-संयोग, शोक, दुःख, कष्टादि पनि र जनावर, प्रेत पनि यही संसारभित्र हुने हुन् । तर सुख,



Downloaded from http://www.dhamma.digital

सुखानुभूतिभन्दा धेरै हामी दुःख र दुखानुभूति नै भोगदछौं । निर्वाणमा चाहिं प्रिय वस्तु वा प्रिय व्यक्ति छैन । प्रीति, सुख, हर्षादि पनि छैनन् । दुःख, जीर्णता, रोग, शोक, कष्टादि पनि छैनन् । त्यहाँ संप्राप्त भएपछि जाने अरु ठाउँ पनि छैन । त्यहाँ मात्र शान्त स्वभाव छ । शान्ति छ ।

कसैलाई विमुक्ति सुख अप्रिय भई संसार नै प्रिय हुने र कसैलाई संसार अप्रिय भई विमुक्ति सुख प्रिय हुने ती ती व्यक्तिको विचारानुसार हो । अविद्या व्यक्तिको मन दूषित गर्ने, धमिलो पार्ने चैतसिक धर्म हो । त्यो एक प्रकारको मानसिक रोग हो ! त्यस मानसिक रोगबाट ग्रस्त भएको, दुर्बल भएको मनले सृजना र भङ्गको श्रृङ्खलाले अगाडि बढिरहने नामरुप धर्मको वास्तविकता देख्न सक्दैन । त्यसैले मनले बारम्बार ती नामरुप धर्मलाई व्यक्ति, प्राणीको रुपमा देख्दछ । र, त्यसरी देख्न थालेपछि त्यस प्रति सत्काय दृष्टि प्रभव हुन्छ । पछि विस्तारै प्रस्थापित हुनजान्छ । त्यो पनि एक प्रकारको मानसिक रोग हो ।

सत्काय दृष्टिका साथै 'आत्मा' भनेर लिइने पञ्चस्कन्ध (शरीर) यो विश्वभित्र रहेका वस्तुहरूमध्ये सबभन्दा सुन्दर, राम्रो, श्रेष्ठ र उत्तम हो भन्दै ग्रहण गर्ने तृष्णा, त्यो शरीराङ्गको कारण सृजना हुने सुखानुभूति प्रति उत्पन्न हुने तृष्णा, ती शरीराङ्गसंग सम्बन्धित बाहिरी रुपादि वस्तुहरू प्रति उत्पन्न हुने तृष्णा, आदि किसिमका तृष्णाहरूको लहरै उत्पन्न हुन थाल्दछ । पछि सेतो कपडामा लागेको लागेको मसीको दाग जस्तै मनभित्र गाडिने ती तृष्णाहरू मनलाई दूषित र दुर्बल बनाउँदै आफ्नो प्रभाव जमाएर बस्दछन् । यो पनि एक प्रकारको मानसिक रोग हो । धर्मबाट टाढा रहने व्यक्तिहरूलाई अविद्या-तृष्णा-दृष्टि भन्ने तीन प्रकारको रोगले चाप्दछ र दीर्घकालसम्म रहन्छ ।

धेरै चिलाउने कुष्ठ रोग हुनेलाई आगोको राशी-ताप धेरै प्रिय हुन्छ र चिसो-शीतल अप्रिय हुन्छ । कुष्ठ-रोगीलाई गरम प्रिय हुने त्यो राम्रो गुण भएर होइन कि त्यो रोगको कारणले हुने हो तथा चिसो अप्रिय हुने त्यो नराम्रो (अवगुण) भएर होइन बरु त्यो रोगको कारणले भएको हो । तर त्यही प्रिय पदार्थको सेवनले गर्दा त्यस कुष्ठरोगीलाई पछि हानि



Downloaded from http://www.dhamma.digital

नै हुनजान्छ । कुष्ठरोगीलाई अनर्थकारी भएको आगोको राशि-ताप नै राम्रो-प्रिय भएझैं चिसो अप्रिय भएझैं विभिन्न किसिमका दुःख पीडादिले भरिपूर्ण यो शरीर (पञ्चस्कन्ध) पनि ल्केश-रोग हुनेहरूलाई प्रिय हुन्छ र पञ्चस्कन्धसहित दुःखस्कन्धको निरोध भएको निर्वाण अप्रिय हुन्छ । यो मन नपर्ने निरोध-निर्वाण नराम्रो भएर होइन कि त्यो ल्केश रोगले गर्दा हुने हो ।

धर्मरुपी औषधिको सेवनले ल्केश-रोगलाई निको गरेर मन सफा र स्वच्छ बनाई रहने सत्पुरुषलाई चाहिं पंचस्कन्ध झैं नराम्रो, अवगुण र भय-त्रास-जनित गराउने अरु वस्तु हुँदैनन् होला, तथा निरोध-निर्वाण जस्तो उत्तम, श्रेष्ठ र राम्रो वस्तु वा सुख अरु देखा पर्दैनन् ।

यहाँ निरोध अथवा विमुक्ति सुख भन्नाले निर्वाणलाई अर्थान्वित गर्ने हुँदा निर्वाण सम्बन्धी ज्ञान हासिल गराउन अझ तथागत गौतमबुद्ध द्वारा अनेकौं तरिकाबाट देशित सूत्र-धर्महरूमध्ये आवश्यक देखिने केही सूत्रहरू समक्ष राख्दैछु । जुन सूत्र-उपदेशले गर्दा तपाईहरूबाट निर्वाण सम्बन्धी ज्ञान अझ स्पष्ट र राम्रोसित हासिल गर्न सकिने छ ।

Dhamma Digital



Downloaded from http://www.dhamma.digital

# निर्वाण देखाउने गाथा द्वय

विञ्ञाणं अनिदस्सनं, अनन्तं सब्बतो पभं ।
एत्थ आपो च पथवि, तेजो वायो न गाधती ॥

एत्थ दीघञ्च रस्सञ्च, अनुं थूलं सभासुभं ।
एत्थ नामञ्च रुपञ्च, असेसं उपरुज्झति ।
विञ्ञाणस्स निरोधेन, एत्थे तं उपरुज्झति ॥*

उज्ज्वल निर्वाण धातु; लोकोत्तर मार्गज्ञानले जानिलिनु पर्ने, बुझिलिनु पर्ने, आँखाले हेर्न वा देख्न सक्ने वर्ण-आकार नभएको, आरम्भ-मध्य-अन्त अथवा शुरु हुने-रहने-विनाश हुने कुनै स्थान यो हो भनेर छुट्टाएर देखाउन नसकिने, जहाँबाट पनि भित्रिन सक्ने द्वार भएको, जतातिरबाट पनि चम्किने स्वभावको हुन्छ । त्यस निर्वाण धातुमा आपो धातु (तरल पदार्थ), पथवी धातु (ठोस पदार्थ) तेजो धातु (गरम पदार्थ) र वायो धातु (हावा-पदार्थ) हरूले पनि कुनै आधार पाउन सक्दैनन् । त्यसकारण त्यस निर्वाण धातुमा ती सबै पदार्थहरू निरुद्ध भएका हुन्छन् ।

Dhamma.Digital

त्यस निर्वाण धातुमा लामो-छोटो, सानो-ठूलो, राम्रो-नराम्रो आदि सबै किसिमका तत्वहरू र त्यसका आकृतिहरू निरुद्ध भएका हुन्छन् । त्यस निर्वाण धातुमा नाम र रुप धर्म द्वय पनि पछि कहिले उत्पन्न नहुने गरी, शेष नहुने गरी निरुद्ध भएका हुन्छन् । त्यस निर्वाण धातुमा पछिको उत्पत्तिको लागि हेतुकारक बन्ने कर्म र विज्ञान दुबैको निरोध भएको हुन्छ र फेरि पछि त्यसको उत्पन्न हुने नाम-रुप धर्म पनि पछि कहिले पनि सृजना नहुने गरी निरुद्ध हुन्छ ।

* *दीघ निकाय, केवट्ट सूत्र ।*



Downloaded from http://www.dhamma.digital

माथि उल्लेखित गाथाहरूमा आउने 'विञ्ञाणं, अनिदस्सनं, अनन्तं, सब्बतोपहं' आदि शब्दहरू विशेष रुपबाट मनन गर्नु पर्ने हुन्छ। 'विञ्ञाण' शब्द त्रिपिटक*को धेरै ठाउँहरूमा 'मन' भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ । तर यहाँ विञ्ञाणको अर्थ निर्वाण भन्ने जनाउँनको प्रयोग गरिएको देखिन्छ । 'ञाण' प्रज्ञाको पर्यायबाची शब्द हो । 'वि' विभिन्न अर्थमा प्रयोग गरिने उपसर्ग हो । यहाँ 'वि' भन्ने उपसर्ग अगाडि राखिएको ञाण शब्दले निर्वाण सामान्यज्ञानले होइन कि लोकोत्तर मार्गफल चित्तहरू प्रयोग गरिने विशिष्टज्ञानले थाहा पाउनु पर्ने भन्ने अर्थ बुझाउँदछ। त्यसकारण निर्वाण धर्म पृथक्जनमा उत्पन्न हुने सामान्यज्ञान संगसंगै गोचर नहुने लोकोत्तर धर्म हो भन्ने कुरा यहाँबाट प्रष्ट हुन आउँदछ ।

ज्ञान भन्नाले प्रत्यक्षज्ञान र अनुमानज्ञान दुई प्रकारका हुन्छन् । प्रत्यक्षज्ञान भन्नाले आँखाले देख्नु पर्ने कुरा आँखाले नै देखेर जानि-बुझी थाहा पाउनाले उत्पन्न हुने ज्ञान हो । अनुमानज्ञान भन्नाले कुनै कारणको सम्बन्धमा अरूले भनेको कुरा सुनेर वा पुस्तक-पत्र पत्रिकामा पढेर वा कुनै संकेतादि देखेर उत्पन्न हुने ज्ञान हो । ती ती कुराहरू प्रत्यक्ष गर्नलाई भिन्ना भिन्नै इन्द्रियहरू छन् । रुप प्रत्यक्ष गर्ने इन्द्रिय आँखा हो । त्यस इन्द्रियले रुप बाहेक अरू थाहा पाउन सक्दैन । शब्द प्रत्यक्ष गर्ने इन्द्रिय कान हो । गन्ध प्रत्यक्ष गर्ने इन्द्रिय नाक हो । रस प्रत्यक्ष गर्ने इन्द्रिय जिब्रो हो । स्पर्श प्रत्यक्ष गर्ने इन्द्रिय शरीर हो ।

लोकोत्तर निर्वाण धातु प्रत्यक्ष गर्ने इन्द्रिय लोकोत्तर प्रज्ञेन्द्रिय हो । यो इन्द्रिय विग्रहमा अनञ्ञातञ्ञस्सामीतिन्द्रिय, अञ्ञीन्द्रिय र अञ्ञातावीन्द्रिय तीन प्रकारका इन्द्रिय देखाइएका छन् । ती सबै आर्य-पुद्गलहरू भित्र मात्र उत्पन्न हुने इन्द्रियहरू हुन् । गाथामा 'विञ्ञाणं' भन्ने पदले गम्य गराउने निर्वाण धातु ती लोकोत्तर ज्ञानेन्द्रियहरू तीनवटैबाट थाहा पाउनु पर्दछ ।

पृथक्जनलाई (साधारण व्यक्ति) श्रुतमय ज्ञानले निर्वाण अवबोध हुने कुरो त बेलायत नगएको व्यक्तिलाई अरूले बयान गरेको सुनेर

** त्रिपिटक:- सुत्तपिटक, अभिधम्म पिटक, विनय पिटक । बुद्धधर्मका मुख्य ग्रन्थहरू ।*



Downloaded from http://www.dhamma.digital

बेलायत थाहा पाउने जस्तै हो । बेलायतको बारेमा सुनिराखेको व्यक्तिलाई बेलायतको बारेमा भएको ज्ञान (जानकारी) सम्पूर्णरुपले गल्ती नभए पनि सम्पूर्णरुपले ठीक भएको ज्ञान (जानकारी) पनि होइन । त्यो ज्ञान सर्वसम्पूर्णज्ञान पनि होइन । त्यसअनुरुप निर्वाण सम्बन्धी श्रुतमयी ज्ञान सर्वसम्पूर्ण ज्ञान नभएता पनि त्यो ज्ञान त्यस व्यक्तिलाई अनागतमा निर्वाण प्रत्यक्ष गर्नलाई सहायक हुनेछ ।

पृथक्जनहरूले 'निर्वाण' लाई पञ्चस्कन्धानुसार, संसारानुसार सोचिलिनु पर्दछ । पञ्चस्कन्धमा रहेको दु:खको सम्बन्धमा बुद्धिमान पृथक्जनहरूले विना कठिनाइले नै बुझ्न सक्दछन् । संसार चक्रमा रहेको दु:खको खानीको सम्बन्धमा पनि बुझ्न सक्दछन् । पञ्चस्कन्धमा रहेका ती सबै प्रकारका दु:खहरूको निवारण, शिथिलता, अन्त्य निर्वाण हो । फेरि कहिल्यै उत्पन्न नहुने गरी निवारण-शिथिलता-अन्त्य हुने दु:खहरू झैं निर्वाण अवबोध गरिलिनु पर्दछ । त्यस्तै संसार चक्रमा घुम्ने जति पनि दु:खहरू छन्, ती सबैको निवारण-शिथिलता-अन्त्य निर्वाण हो । फेरि कहिल्यै प्रकट नहुने गरी निवारण-शिथिलता-अन्त्य हुने ती दु:खहरू झैं निर्वाण अवबोध गरिलिनु पर्दछ ।

यो संसार भित्र रहेको हरेक किसिमको दु:खकष्टादि अनुसार निर्वाण सुखमयी-राम्रो छ भनी सोचिलिनु पर्दछ । निर्वाणको सम्बन्धमा सही ज्ञान वा अवबोध नहुनाले निर्वाण प्राप्त गर्नमा बाधा हुँदैन । बाधा मात्र प्रतिपत्तिमा (आचरणमा) हुन्छ । लुम्बिनीको बारेमा ज्ञान भए पनि नभए पनि लुम्बिनी जाने सहीमार्ग अपनाएमा लुम्बिनीमा पुग्न सकिन्छ । त्यसअनुरुप निर्वाणको बारेमा ज्ञान भए तापनि नभए तापनि निर्वाणमा पुग्ने प्रतिपत्ति (आचरण) पूर्ण गरेमा अवश्यमेव निर्वाणमा पुग्नेछ ।

'अनिदस्सनं' भन्ने शब्दबाट निर्वाणमा आँखाले देख्न सक्ने कुनै पनि रुप वा आकृति नभएको र निर्वाण त्यस्तो वस्तु हो भनेर चिनाउन सक्ने कुनै उपमा वा उपयुक्त पदार्थ यो विश्वभित्र नभएको भन्ने बुझउँदछ । यस सम्बन्धमा अरहन्त नागसेन भन्तेले राजा मिलिन्दलाई एक अवस्थामा यसरी भन्नु भएको थियो– **"अप्पटिभागं महाराज !**



Downloaded from http://www.dhamma.digital

**निब्बाणं न सक्का निब्बणास्स रुपं वा सण्ठानं वा वयं वा पमाणं वा ओपम्मेन वा कारणेन वा हेतुना वा नयेन वा उपदस्सितुं"** महाराज ! निर्वाण समान वस्तु छैन । निर्वाणको रुप वा आकृति, आयु वा प्रमाण छैन । कुनै उपमा, कारण, हेतु न्यायबाट देखाउन सकिंदैन ।

"अनन्तं" भन्ने शब्दले असंस्कृत धातुसहित निर्वाण भिन्न गरेर थाहा पाउनलाई सहायक हुने कुनै सीमा वा प्रदेश छैन भन्ने देखाउँदछ । विश्वमा ती ती प्रदेश वा वस्तु एक अर्कोसंग छुट्टाई देखाउने सीमा वा चिन्ह हुन्छ । त्यस्तै उत्पत्ति, अन्त्य र विद्यमान स्वरुप ती ती प्रदेश, वस्तु आदि ती ती पदार्थहरू पन्छाई देखाउनलाई सहायक हुन्छ । तर निर्वाण सम्बन्धमा त्यसरी खुलस्त पार्ने कुनै चिन्ह छैन । त्यो निर्वाण शुरुआत नभएको, अन्त नभएको, विद्यमान रहने नभएको अति सूक्ष्म स्वभाव हो । आरम्भ वा अवसान नभएको निर्वाण, अथवा शुरु नभईकन वा उत्पन्न नभइकन निर्वाण रहन वा हुन सक्दछ त ? यसको उत्तर पछि अर्को ठाउँमा देखाउने छु ।

'सब्वतो पभं' भन्नाले तीन प्रकारका अर्थ देखाउँदछ । "पभन्ति पन एतं किर तित्थस्स नामं" भनी केवट्ट सूत्र अटुवामा उल्लेख गरेनुसार 'पभ' भन्नाले तीर्थस्थल-द्वार भन्ने जनाउँदछ । अठतीस कर्मस्थानमध्ये जुनसुकै कर्मस्थानबाट पनि निर्वाण भित्र पस्न सक्ने भएकोले त्यस निर्वाणमा जतातिर पनि द्वार छ भन्ने अर्थमा निर्वाणको पर्यायवाची 'सब्बतो पभं' शब्द आएको हो । त्यसअनुसार निर्वाणमा कुनै पनि कर्मस्थान द्वारा पुग्न सकिन्छ । सबै कर्मस्थान निर्वाणमा पुग्न मद्दत गर्दछ । तर विनाविर्दशना चाहिं निर्वाणमा पुग्न सकिंदैन । जुनसुकै कर्मस्थान लिएपनि त्यो कर्मस्थानद्वारा मन एकाग्र गरेर पछि विर्दशनामा गई विदर्शना बृद्धि गरी निर्वाणमा सम्प्राप्त हुन सक्दछ ।

'पभा' भन्ने रश्मिको अर्को नाम हो । '**सब्बतो पभन्ति**', "**सब्बतो पभासम्पन्नं, निब्बानतोहि अञ्ञ धम्मो सप्पभतरो वा जोतिमत्ततरो वा परिसुद्धतरो वा पण्डरतरो वा नत्थि**" भनेर अटुवामा उल्लेख गरिए अनुसार 'सब्बतो पभं' भन्नाले निर्वाण हरेक दिशामा दीप्तियुक्त , प्रत्येक दिशामा चम्किलो भएको, अति परिशुद्ध धर्म भन्ने बुझिन्छ । गौतमबुद्धले



Downloaded from http://www.dhamma.digital

निर्वाण परम परिशुद्ध, कान्तिमय धर्म भन्ने गर्नु भएको, चन्द्र-सूर्यादिले जस्तै निर्वाणले राशी फैलाउने भएर होइन बरु त्यसमा कुनै पनि ल्केशादि द्वारा धमिलो पार्ने कुनै पदार्थ नभएको र त्यस निर्वाण धातुसंग कुनै पनि ल्केशादि फोहोर मिश्रित नहुने भएकोले दाग रहित हुने भएकोले नै हो ।

वस्त्रादिमा जस्तै आकाशमा कुनै पदार्थ गृहण गरिलिने स्वभाव छैन। त्यसकारण आकाशलाई कुनै पनि फोहोर पदार्थद्वारा दूषित बनाउन सकिंदैन। त्यस्तै पानीमा अनेक चीज मिश्रित भएजस्तै आकाशमा कुनै पनि चीज मिश्रित हुँदैन । मिश्रण गरेर आकाशलाई दूषित बनाउन सकिंदैन । त्यसकारण आकाश धातु परिशुद्ध भइरहन्छ । त्यसरी नै निर्वाण धातु पनि कुनै पनि धर्मसंग वा रुप-धर्मसंग वा मिश्रित नभई यो विश्वबाट संसारबाट अलग रही लोकोत्तर धर्म रहिरहन्छ ।

'सब्बतो पभं' भन्नाले निर्वाण सबै ठाउँमा विद्यमान हुन्छ भन्ने अर्थ बुझाउँदछ। "सब्बतो वा पभू तमेवा कत्तचि न नत्थि ति सब्बतो पभं" यो अटुवामा उल्लेख भएअनुसार निर्वाण सबै ठाउँमा विद्यमान छ भन्नुको अर्थ निर्वाण जहाँबाट पनि प्रत्यक्ष गर्न सकिन्छ। निर्वाण यो लोकमा नरहेकोले र संस्कारहरूसित सम्बन्धित नरहेकोले निर्वाण रहने स्थान छैन भन्नु पर्दछ। भएको ठाउँ नभएको र नभएको ठाउँ पनि नभएकोले यो निर्वाण अति सूक्ष्म धातु हो ।

निर्वाणमा केही पनि छैन भन्न डराउने कसै-कसैले त्यहाँ सूक्ष्म विज्ञान छ भनेर एवं कसै-कसैले त्यहाँ सूक्ष्म रुप छ भनेर भन्दछन् । त्यहाँ सूक्ष्म वा कुनै प्रकारको नाम धर्म वा रुप धर्म छैन भन्ने कुरा '**एत्थ नामञ्च द्वपञ्य असेसं उपरुज्झति**' भन्ने बुद्ध भाषणबाट स्पष्ट हुन जान्छ। निर्वाणमा नाम वा रुप धर्म पूर्णरुपले निरुद्ध हुने हुन्छ भन्ने त्यसको अर्थ हो। यदि निर्वाणमा सूक्ष्म विज्ञान वा रुप हुने भएको भए त्यहाँ ती सबैं पूर्ण रुपले निरुद्ध हुने हुन्छ भनी बुद्धले देशना गर्नु हुँदैन होला ।



Downloaded from http://www.dhamma.digital

# निर्वाण र प्राणी

सत्व-प्राणी-पुद्‌गल-म-अर्का-मानिस-देबी-जनावर आदि भनी व्यवहार गर्ने 'नाम रुप' हरूलाई हो। 'निर्वाण' भनेको ती 'नामरुप' हरूको 'निरोध हो। नामरुप रहेसम्म त्यहाँ निरोध हुँदैन। जहाँ निरोध हुन्छ त्यहाँ नामरुप हुँदैन। निर्वाण सत्व-प्राणीहरू आउने जाने वस्ने ठाउँ होइन भन्ने कुरा हामीले सत्व प्राणी आदि रुपले व्यवहार गर्ने नामरुपहरू त्यहाँ उत्पन्न नहुने तथ्यबाट अझ खुलस्त हुन्छ।

## निर्वाणको प्रयोजनः-

'निर्वाण' सत्व-प्राणीहरू आउने-जाने-बस्ने ठाउँ नभए त्यस्तो निर्वाणले के प्रयोजन हुन्छ त ? भन्ने प्रश्न यहाँ उत्पन्न हुन सक्दछ निर्वाणवाट प्राप्त गर्नुपर्ने प्रयोजन सबै दुःख-कष्टहरू हटाउनु, नष्ट गर्नु हो। सत्व-प्राणीहरूको दुःख-कष्टहरू नष्ट हुने निर्वाणमा गएर, त्यहाँ बास गरेर होइन कि निर्वाण देखेर अथवा अवबोध गरेर मात्र हो। अन्य कुनै धर्ममा नभएको, देख्नेहरूको दुःखरुपी आगो निभाउने, गजबको आनुभाव-शक्ति निर्वाणमा रहेको छ। त्यसकारण सही तरिकाबाट निर्वाण देख्न वा अववोध गर्न सकने ज्ञानरुपी आँखाले निर्वाणलाई हेर्दा त्यस हेराइबाट त्यस व्यक्तिको दुःखरुपी आगो पछि वा अनागतमा फेरि कहिल्यै नबल्ने गरी निभेर जानेछ। निर्वाण देख्ने व्यक्ति त्यो आगो निभेर शान्त हुने, शिथिल हुने, शान्त र शिथिल-सुखका उपभोक्ता बन्दछ।

एक अवस्थामा गौतमबुद्धले अनेक प्रकारबाट संसारको आदिनव (नराम्रा पक्षहरू) र निर्वाण सम्बन्धमा धर्म देशना गर्नुभएको रहेछ। धर्म श्रवण गरेका मध्ये केही भिक्षुहरूलाई "तथागतले अविद्यादि हेतु आदिले संसार सहेतुक भनी देशना गर्नु हुन्छ। संसार दुःख लुप्त बनाउने निर्वाण सम्वन्धमा कुनै हेतु-प्रत्यय छ भनी देशना गर्नु हुँदैन। निर्वाणको



Downloaded from http://www.dhamma.digital

सम्बन्धमा कुनै हेतु-प्रत्यय देशना नगर्ने त्यो अहेतुक भएर होला। अहेतुक भएको निर्वाण परमार्थानुसार कसरी उत्पन्न हुन सक्दछ र ?" भन्ने कल्पना जनित भएछ। गौतमबुद्धले भिक्षुहरूमा यसरी उत्पन्न भएको शङ्का थाहा पाउनु भएर निर्वाण एक परर्माथ धर्मानुसार रहेको कुरा "अत्थि भिक्खवे अजातं, अभूतं" भनेर शङ्का निवारण गर्नुभयो। निर्वाण उत्पन्न नभइ रहने र परर्माथ धर्मानुसार रहने धर्म हो।

निर्वाण धातु उत्पन्न नभईकन रहने एक धर्म हो भन्ने कुरो एक गम्भीर तथ्य हो। निर्वाण राम्ररी बुझिलिन गाह्रो हुनमा यो उत्पन्न नभई विद्यमान रहने भन्ने कारण पनि एक हो। कुनै पनि पदार्थ वा वस्तु छ भने ती पदार्थ वा वस्तुको उत्पत्ति पनि हुनुपर्दछ भन्ने एक नियम हो। विश्वमा रहेका धेरैजसो पदार्थ र वस्तुहरूलाई त्यो नियम अनुकूल भएतापनि त्यो सर्वसधारण नियम मान्न सकिंदैन। किनभने उत्पत्ति विना हुने र रहने धर्म पनि छन्। परर्माथ धर्म अनुसार भन्ने हो भने प्रज्ञप्तिहरू नभएको वस्तुझैं सम्झिनु पर्दछ। तर प्रज्ञप्ति पनि सर्वाकारले नभएको नभई प्रज्ञप्तिभावले भएको कुरा हो।

टेबल एक प्रकारको प्रज्ञप्ति हो। त्यो पनि उत्पत्तिविना भएको एक वस्तु हो। यसको पनि गम्भीर कारण छ। टेबल पहिले नभई सिकर्मीको उत्साहले उत्पादित वस्तु हो भन्ने धेरैजनाको स्वीकारोक्ति हो। तर यथार्थता त्यसो होइन। टेबल पहिले नभई पछि उत्पादित वस्तु हो भनेर स्वीकार्नु टेबललाई सही ढंगले नचिन्नाको परिणाम हो।

टेबल भन्ने के हो भनी राम्ररी बुझिलिएमा मात्र टेबल विनाउत्पादन र विनाउत्पत्तिले अस्तित्वमा आएको वस्तु भनेर बुझ्न सकिन्छ। टेबल विनाउत्पत्तिले भएको वस्तु हो भनेर बुझिलिनु निर्वाण पनि विनाउत्पत्तिले भएको धातु हो भनी अवबोध गर्नलाई सहायक हुनेछ।

काठको चारवटा खुट्टाका टुक्राहरू, ती खुट्टाहरू जोड्न् काठको चारवटा अर्को टुक्राहरू र तिनमाथि राखिने एक काठको फलक सामान्य



Downloaded from http://www.dhamma.digital

रुपमा एक टेबलमा हुने गर्दछ । 'टेबल' भनेर चिनिने वास्तवमा ती सञ्चित वस्तु (पदार्थ) होइनन् । यदि ती सञ्चित वस्तु-पदार्थहरूलाई 'टेबल' भन्ने हो भने, ती वस्तुहरूलाई छुट्याउँदा र अलग-अलग गरेर राख्दा पनि तिनिहरूलाई 'टेबल' भनेर भन्नु पर्दथ्यो । त्यसो भए काठका टुक्रालाई टेबल भन्नु पर्ने थियो । काठ हरेक रुखबाट प्राप्त हुने भएकोले रुख पनि टेबल हुनु पर्ने थियो । त्यसकारण रुख वा काठका टुक्रा वा काठको फलेक आदि 'टेबल' नभएकोले ती सबै मिलेर बनेको ती काठका वस्तु-समूह पनि 'टेबल' नहुने कुरा बुझ्नु पर्दछ ।

वास्तविक 'टेबल' त चार टुक्रा-खुट्टाहरू, तिनलाई एक-आपसमा जोर्ने चार टुक्राहरू र तिनमाथि राख्ने फल्याक एक विशेष किसिमले मिलाउँदा ती काठका टुक्रा (पदार्थ) हरूको आकृति-अनुसार मनमा मात्र महशुस हुने एक प्रकारको सूक्ष्म स्वभाव हो । त्यो सूक्ष्म स्वभाव भएको 'टेबल' आँखाले देख्ने वा हातले स्पर्श गर्न सक्ने त ती काठका टुक्रा (पदार्थ) हरू मात्र हुन् । परमार्थ सत्य-अनुसार भन्ने हो भने ती काठका टुक्राहरूबाहेक 'टेबल' भन्ने वस्तु हुँदैन भन्नु पर्दछ । तर, ती काठका टुक्राहरू एक विशेष प्रकारले मिलाउँदा मनमा उत्पन्न हुने वा महशूश हुने 'टेबल' पनि पूर्णरुपले नभएकै होइन भन्नु पर्दछ । 'टेबल' भनेर मनमा उत्पन्न हुने र मनमा महशुश हुने त्यस्तो वस्तु पनि एक प्रकारले सोचाइमा भएकै हो । त्यसकारण परमार्थ अनुसार नहुने तर मनमा मात्र महशूश हुने त्यस्तो वस्तुलाई 'प्रज्ञप्ति' भनिने गर्दछ ।

टेबल भनेर सम्झिने काठका पदार्थहरू लिएर आगोमा राख्दा बलेर खरानी भै जाने 'टेबल' नभई ती काठका टुक्राहरू हुन् । आँखाले वा हातले देख्न वा छुन नसकिने 'प्रज्ञप्ति' भएको टेबल आगोले टिप्न सकिंदैन । त्यसकारण आगोमा राख्दा काठका टुक्रा सिवाय 'टेबल' नष्ट नहुने कुरा बुझ्नु पर्दछ । अन्य क्रम वा उपायद्वारा भए पनि काठ सिवाय 'टेबल' विनाश गर्न सकिंदैन । टेबल कहिले पनि कुनै पनि कारणबाट विनाश हुँदैन । कुनै क्रम वा उपायले विनाश गर्न नसकिने आफै पनि विनाश भइ नजाने 'टेबल'कसैले पनि बनाउन सक्ने पनि होइन ।



Downloaded from http://www.dhamma.digital

सिकर्मीले केवल आफ्नो मनमा सृजित आकृति-अनुसार त्यो टेबल झल्किने गरी उपयुक्त काठका टुक्राहरू जोडेर मिलाउने मात्र हो । 'टेबल' बन्ने पदार्थ उत्पादन गर्ने क्षमता उसमा निहित हुँदैन ।

सिकर्मीको मनमा जनित आकृति-अनुसार संयोग गरी निर्मित 'वस्तु' देख्नेहरूको मनमा पनि टेबलको आकृति उत्पन्न हुन्छ । 'टेबल' प्रज्ञप्ति सिकर्मीको उत्साहले भएको नभई पहिले नै भएको पदार्थ हो । त्यो पदार्थ यति बेला, यो काल, वा समयमा उत्पन्न भएको हो र त्यसभन्दा पहिले थिएन भन्न मिल्दैन । त्यसकारण 'टेबल' भन्ने प्रज्ञप्ति पहिला उत्पन्न नभई रहेको भनी बुझिलिनु पर्दछ । विना उत्पत्ति रहेको पदार्थको विनाश पनि नहुने कुरा पनि बुझ्नु पर्दछ ।

प्रज्ञप्ति र परमार्थ धर्म व्याख्या गर्ने कुनै कुनै अभिधर्म पुस्तकहरूमा 'प्रज्ञप्ति'धर्मको पनि परिर्वतन वा विनाश हुने गर्दछ भनेर उल्लेख गरिएको पाइन्छ । तर त्यहाँ कुनै गल्तीले मात्र त्यसो हुन गएको होला ।

'टेबल' सम्बन्धमा माथि उल्लेख गरिएको विवरण पनि गम्भीर छ । यदि पढ्नेले ती विवरण राम्ररी बुझिलिएको खण्डमा विनाउत्पत्ति रहेको निर्वाण धातु पनि (अस्तित्व) भएको कुरा हो भन्ने बुझिलिन सकिन्छ ।

पहिले विनाउत्पत्ति रहेको 'टेबल' पदार्थको रुपमा नभएको कारणबाट टेबल रहने ठाउँको पनि आवश्यकता देखिंदैनथ्यो । त्यसकारण 'टेबल' भन्ने प्रज्ञप्ति भएको ठाउँ पनि थिएन भनी भन्नु पर्दछ । हरेक ठाउँमा वा अवस्थामा 'टेबल' भन्ने प्रज्ञप्ति मनमा गोचर हुनसक्ने भएकोले त्यो सबै ठाउँमा रहने हुन्छ भनेर पनि भन्न सकिन्छ । त्यस अनुरुप नै निर्वाण धातुलाई पनि रहनलाई स्थानको जरुरत नपर्ने भएकोले त्यो पनि भएको ठाउँ छैन र जहाँ रहेर पनि प्राप्त गर्न सकिने भएकोले सबै ठाउँमा पनि विद्यमान छ भनी भन्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

आकाश धातु पनि विनाशुरुआत रहेको एक पदार्थ हो । आकाश कसैलाई पनि प्रत्यक्ष हुने कुरा हो । आकाश छ भनेर सबैले स्वीकार गर्दछन् । तर, त्यो आकाश यति बेलादेखि भएको, त्यसभन्दा पहिले थिएन भनेर भन्न सकिंदैन । यो कुरा सबैले कल्पना गर्न सक्दछन् । र, त्यस अनुसार स्वीकार्न सक्दछन् । विनाउत्पत्ति रहेको आकाश सदा रहने झैं निर्वाण पनि विनाउत्पत्ति सदा रहने धातु हो भन्ने बुझ्नु पर्दछ ।

विना कुनै कारण वा व्यक्तिकै उत्पन्न नभएको तर अस्तित्वमा रहेको निर्वाण, आकाश झैं शून्य छैन । त्यो 'टेबल' जस्तो प्रज्ञप्ति पनि होइन । त्यो त एक प्रकारको परमार्थ धर्म हो । त्यो कुरा त्यस भित्र गाभिएको आनुभावानुसार बुझिलिनु पर्दछ । शून्य भावमा कुनै आनुभाव हुँदैन । तर निर्वाण धातुमा सबै प्रकारको क्लेश क्षय गर्ने, सबै किसिमको दुःख-कष्ट नष्ट गर्ने आनुभाव रहेको हुन्छ । त्यसकारण निर्वाण अवबोध गर्नाले, ज्ञानरुपी आँखाबाट देख्नाले, अवबोध गर्ने व्यक्तिका, देख्ने व्यक्तिका क्लेश र दुःखहरू कहिल्यै फेरि उत्पन्न नहुने गरी क्षय र विनाश भइजाने निर्वाणमा रहेको आनुभावले गर्दा नै हो । त्यसकारण निर्वाण धातु आनुभावयुक्त एक परमार्थ धर्म हो ।

Dhamma.Digital

📖



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital